सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१९ जेठ २०८२, सोमबार (2 June 2025, Monday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक ५० ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

सरकार कठोर बन्दै, राजावादी आन्दोलन उत्तेजित हुँदै





सरकारको बर्बर दमनको विरोध गर्दै हामी आन्दोलनको स्वरूप परिवर्तन गर्न बाध्य भएका छौं। शान्तिपूर्ण आन्दोलनमाथि प्रहरीले गरेको बर्बर दमनको हामी घोर भर्त्सना गर्दछौं। शान्तिपूर्ण आन्दोलनकै क्रममा राप्रपा नेपालका अध्यक्ष कमल थापालाई प्रहरीले जसरी अमानवीय तवरले पक्राउ गऱ्यो, त्यसको हामी निन्दा गर्दछौं।

(राजसंस्था पुनर्स्थापनाका लागि गठित संयुक्त जनआन्दोलन समितिका संयोजक नवराज सुवेदीले आइतबार साँझ जारी गरेको विज्ञप्ति)

राजावादीको उपत्यका बन्द, सरकारले बढायो निषेधित क्षेत्रको दायरा

राप्रपा नेपालका अध्यक्ष कमल थापालाई प्रहरीले लछारपछार गर्दै पक्राउ गरेको विरोधमा सोमबार राजावादीले उपत्यका बन्दको घोषणा गरेका छन्। तर, पक्राउ परेका नेता/कार्यकर्ता रिहा भएको भन्दै राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले बन्द कार्यक्रममा आफूहरूको सहभागिता नरहने बताएका छन्। त्यसैबिच सरकारले सिफल चौर, कोटेश्वर आकासे पुलदेखि दक्षिण बालकुमारी र बल्खु क्षेत्रमा मात्रै विरोधका कार्यक्रम गर्न पाइने गरी सूचना जारी गरेको छ। राप्रपा अध्यक्ष लिङ्देनले चक्रपथभित्र र चक्रपथबरपरका क्षेत्रलाई निषेधित घोषणा गर्नु लोकतन्त्रविरोधी निरंकुश कदम भएको भन्दै विरोध गरेका छन्।

प्रेम गौतम/नयाँ पत्रिका

प्रधानमन्त्रीका अभिव्यक्ति र आन्दोलनप्रति सरकारको 'दमनकारी' नीतिका कारण राजसंस्थासमर्थकको प्रदर्शन दिनप्रतिदिन उग्र बन्दै गएको छ। सरकारले प्रदर्शन रोक्न 'अतिरिक्त' बल प्रयोगको नीति अपनाएपछि उनीहरूले आन्दोलनको स्वरूप परिवर्तन गर्दै दायरा विस्तार गरेका छन्।

सरकारले धरपकड र निषेधित क्षेत्र विस्तार गरिरहँदा राजसंस्था पक्षधरले उपत्यका बन्दको घोषणा गर्दै विरोध चर्काउने र तनाव सिर्जना गर्ने रणनीति अंगीकार गरेका छन्। अर्कोतर्फ सरकारले आन्दोलनको दायरा खुम्च्याउन निषेधित क्षेत्र विस्तार गर्ने र प्रधानमन्त्रीले मुठभेड निम्त्याउने अभिव्यक्ति दिइरहेका छन्।

आन्दोलनका क्रममा आइतबार राप्रपा नेपालका अध्यक्ष एवं पूर्वगृहमन्त्री कमल थापालाई प्रहरीले लछारपछार गर्दै पक्राउ गरेपछि राजसंस्था पक्षधरले उपत्यका बन्दको घोषणा गरेका छन्। आइतबार नै काठमाडौं प्रशासनले सिफल चौर क्षेत्र, कोटेश्वर आकासे पुलदेखि दक्षिण बालकुमारीतर्फको क्षेत्र र बल्खु

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल उन्मेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

दरबार हत्याकाण्डमा मारिएकाको सम्झनामा पारस, हिमानी र हृदयन्द्रले दीप प्रज्वलन गर्दै



राजदरबार हत्याकाण्डमा निधन भएका राजपरिवारका सदस्यको सम्झनामा सोमबार कमलादीमा दीप प्रज्वलन कार्यक्रम राखिएको छ। हिमानी ट्रस्टले नारायणहिटी दरबारभित्रको मन्दिरमा दीप प्रज्वलन राखे पनि निषेधित क्षेत्रलाई ध्यान दिँदै कमलादी गणेश मन्दिरमा सारिएको छ। अनुमतिका लागि जिल्ला प्रशासन कार्यालय काठमाडौंमा पत्र दिँदा बुझ्न नमानेपछि कमलादीमा कार्यक्रम राखिएको हो। राजावादीले काठमाडौंकेन्द्रित आन्दोलन सुरु गरेपछि सरकारले नारायणहिटी क्षेत्रमा निषेधाज्ञा लगाएको छ। दीप प्रज्वलन कार्यक्रममा पूर्वयुवराज पारस शाह र पूर्वयुवराज्ञी हिमानी शाह, पूर्वनवयुवराज हृदयन्द्र शाहलगायत सहभागी हुने कार्यक्रम छ। पूर्वराजा ज्ञानेन्द्र शाह र पूर्वरानी कोमल शाह भने झ्यापामा रहेकाले दीप प्रज्वलनमा सहभागी नहुने बताइएको छ।

■ प्रधानमन्त्रीका आइटी सल्लाहकारको चलखेल जारी

श्रव्यदृश्य शिक्षाको प्रोजेक्ट हत्याउन शिक्षा मन्त्रालयमा फेरि पुऱ्याए फाइल

■ यही प्रस्ताव अस्वीकार गर्दा शिक्षामन्त्रीबाट बाहिरिनुपऱ्यो विद्या भट्टराई, रघुजी पन्त आएपछि फेरि फाइल पेस

व्यक्तिलाई जिम्मा दिएर सरकारी संरचना कमजोर बनाउनुहुन्न


● **विद्या भट्टराई,** निवर्तमान शिक्षामन्त्री



मन्त्रालयले एउटा व्यक्तिसँग काम गर्ने होइन। व्यक्तिलाई जिम्मा दिँदा विधि र वैधतामाथि प्रश्न उठ्छ, त्यसैले सरकारी संरचनाले नै काम गर्नुपर्छ। व्यक्तिलाई दिएर सरकारी संरचनालाई कमजोर बनाउनुहुन्न। शिक्षा तथा मानव स्रोत विकास केन्द्रको श्रव्यदृश्य शाखाले गर्ने काम व्यक्तिलाई दिएर हुँदैन, त्यही शाखाले गर्नुपर्छ भन्ने मेरो आशय थियो। कहीँबाट आएको फाइलको उठान पनि सम्बन्धित शाखाबाटै हुनुपऱ्यो, मन्त्रालय वा माथिल्लो पावरबाट होइन भन्ने मेरो बुझाइ थियो र हो।

● शिक्षा मन्त्रालयकै सूचना अधिकारी नीलकण्ठ ढकाल भन्छन्-

कुनै संस्थाबाट प्रस्तावना आएको थियो, तर कसको थाहा भएन



विद्यार्थी र शिक्षकको क्षमता विकास र सिकाइ सुधारका लागि कुनै संस्थाबाट प्रस्तावना आएको थियो, तर असगर अलीको नै हो भन्नेबारेमा मलाई थाहा भएन। हामीसँग आफ्नै लर्निङ पोर्टल छ, सिकाइ चौतारी पनि छ, त्यहाँ कक्षा ६ देखि १० सम्मका उपयोगी सामग्री राखिरहेका छौं।

शिवहरि घिमिरे/नयाँ पत्रिका

शिक्षा मन्त्रालयले नै गर्दै आएको श्रव्यदृश्य शिक्षण सामग्री उत्पादन प्रधानमन्त्री केपी ओलीका अवैतनिक सूचना प्रविधि (आइटी) सल्लाहकार असगर अलीको 'एम्बिसन गुरु, प्रालि'लाई दिन चलखेल सुरु भएको छ। निवर्तमान

» पृष्ठ २ मा क्रमशः




असगर अली

विवादमा आउन सक्ने भयले प्रस्ताव गोप्य

शिक्षा मन्त्रालयले नै गर्दै आएको श्रव्यदृश्य शिक्षण सामग्री उत्पादन सत्ताशक्तिको आडमा प्रधानमन्त्रीका आइटी सल्लाहकार असगर अली हात पार्न चाहन्छन्। उनको प्रयासलाई निवर्तमान शिक्षामन्त्री विद्या भट्टराईले रोकेपछि प्रधानमन्त्रीले मन्त्री नै बदलेको स्रोतको दाबी छ। रघुजी पन्त शिक्षामन्त्री बनेर आएपछि अलीले फेरि चलखेल थालेका छन्। शिक्षामन्त्री पन्तकहाँ पुगेको फाइलमा 'कक्षा १०-१२ को परीक्षा सुधारलाई लक्षित गर्दै विभिन्न श्रव्यदृश्य सामग्री तयार पार्ने' भनिएको, तर विवादमा आउन सक्ने भनेर गोप्य राखिएको स्रोतले बतायो। तर, अलीले भने 'एम्बिसन गुरु' नामको कम्पनीले सरकारी निकायमा कुनै डकुमेन्ट नपठाएको दाबी गरे। 'एम्बिसन गुरुले कुनै पनि सरकारी कार्यालयसँग काम गरेको छैन र गर्ने कुनै मनसाय पनि छैन,' उनले भने, 'कुनै फाइल पनि पठाएका छैनौं, हामीले गएको वर्ष सबै विद्यार्थीलाई फ्रीमा सिकाइ सामग्री दिएको हो, दुक्क हुनुस् हामी कहिल्यै पनि सरकारी कार्यालयको काम गर्दैनौं, अहिलेसम्म गरेको पनि छैनौं।'

■ के गर्दै छ शिक्षा मन्त्रालयअन्तर्गतको श्रव्यदृश्य शाखा ?

'कक्षा १० सम्मका विद्यार्थीले युट्युबमा हेर्न सक्छन् सिकाइसम्बन्धी ७४५ सामग्री'



शिक्षा मन्त्रालयअन्तर्गत शिक्षा तथा मानवस्रोत विकास केन्द्रको श्रव्यदृश्य शाखालाई कुनै पनि श्रव्यदृश्य कार्यक्रम उत्पादन गर्न निजीलाई दिनुपर्ने अवस्था छैन। यो दाबी केन्द्रका निमित्त निर्देशक गौरीशंकर पाण्डेको हो। उनका अनुसार केन्द्रसँग श्रव्यदृश्य कार्यक्रम निर्माणका लागि स्टुडियो र अन्य सबै प्रकारका सामग्रीहरू उपलब्ध छन्। 'हामीले कक्षा १ देखि १० सम्मका सबै विषयको विषयगत अडियो र भिडियो पाठ बनाएका छौं, त्यससम्बन्धी कार्यक्रम नेपाल टेलिभिजनबाट प्रसारण हुँदै आएको छ, कतिपय कार्यक्रमहरू रेडियोमा पनि प्रसारण हुन्छन्। युट्युब च्यानल 'एनसिडी भर्चुअल'मा पनि ती सामग्री राखिएको छ,' उनले भने, 'शिक्षकले कक्षाकोठामा पढाउने मात्रै नभएर थप कुराहरू पनि श्रव्यदृश्यबाट सिक्न सक्नुहुन्छ, कक्षाकोठामा पढाउन जाँदा हामीले निर्माण गरेका सामग्री हेरेर जाँदा सिकाइ उपयोगी हुन्छ, शाखाले सबै प्रकारका सामग्री निर्माण गर्न सक्छ, निजीलाई दिनुपर्ने अवस्था होइन।' हाल केन्द्रले उत्पादन गरिरहेका श्रव्यदृश्य सिकाइ सामग्री रेडियो, टेलिभिजन र केन्द्रले बनाएको एप, युट्युब तथा वेबसाइटमा उपलब्ध छ। केन्द्रका अनुसार कक्षा १ देखि १० सम्मका विद्यार्थीसँग सम्बन्धित ७४५ हाराहारी श्रव्यदृश्य सामग्री युट्युबमा राखिएको छ।

■ यो भोटो कसको ?



वर्षा र सहकालका देवताका रूपमा प्रसिद्ध रातोमत्स्येन्द्रनाथको भोटो देखाइएको छ। आइतबार अपराह्न ५:३० बजे राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्रीलगायत विशिष्ट व्यक्तिको उपस्थितिमा ललितपुरको जावलाखेलमा भोटो देखाइएको हो। रथको चरैतिर चापटक घुमेर गुठी संस्थान ललितपुरका प्रमुख जितेन्द्र चित्रकारले 'यो भोटो कसको हो ?' भन्दै देखाएका थिए।

तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

नेपाली राजनीतिमा 'म्याड्रेस' रोग



● बलराम केसी

विरोधीलाई नक्कली मुद्दा लगाएर दमन गर्नु पञ्चायती रोग हो। गणतन्त्रकालीन सरकारलाई पनि पञ्चायतको रोग लागेको छ।

(पृष्ठ ४)

५४ वर्षपछि डेडिकेटेड दुई लेनको बनाइँदै पोखरा-बुटवल सडक

थप चार सुरुङमार्ग र ३८ भायाडक्ट बनाउने प्रस्ताव, लागत अनुमान पौने २० अर्ब

(विस्तृत पृष्ठ ६)

■ कर्णाली विकास बैंकका संस्थापक अध्यक्ष राय पक्राउ

नक्कली ऋणी बनाएर साढे दुई अर्ब घोटाला

०७९ को प्रतिनिधिसभा निर्वाचनमा एमालेबाट बनेका थिए उम्मेदवार



● **युवराज खड्का,** प्रवक्ता, सिआइबी

बैंकमा भएको रकम अपचलनको सम्बन्धमा अनुसन्धान सुरु भएको छ। यस क्रममा बैंकको पूर्वसञ्चालक तथा पूर्वसिइओ राजेन्द्रवीर राय पक्राउ परेका छन्। उनले नक्कली ऋणी खडा गरी रकम अपचलन गरेको देखिन्छ। बैंकको 'भल्ट' (बैंकका बहुमूल्य वस्तु, नगद र महत्त्वपूर्ण कागजात भण्डारण तथा सुरक्षित राखिने विशेष कोठा)बाट पनि रकम मनोमानी ढंगले झिकेको देखिन्छ।

टेकराज थामी/नयाँ पत्रिका

नक्कली ऋणी बनाएर साढे दुई अर्ब अपचलन गरेका कर्णाली विकास बैंकका संस्थापक अध्यक्ष एवं पूर्वसिइओ राजेन्द्रवीर राय पक्राउ परेका छन्। सिआइबीले उनलाई शनिबार रूपन्देहीको सिद्धार्थनगर नगरपालिका- १, बेलहियाबाट पक्राउ गरेको हो।

नेपालगन्जको कर्णाली विकास बैंकलाई राष्ट्र बैंकले ११ पुस ०८१ मा समस्याग्रस्त घोषणा गरेको थियो। त्यसलगत्तै राष्ट्र बैंकले तीन सदस्यीय व्यवस्थापन समूह गठन गरी उक्त बैंकमा भएको अनियमितताको पनि अनुसन्धान गरेको थियो। नक्कली ऋणी खडा गरेर बैंकको साढे दुई अर्बभन्दा धेरै हिनामिना भएको अनुमानसहित घटनाको थप अनुसन्धान गर्न सिआइबीमा जाहेरी दिएको थियो।

» पृष्ठ २ मा क्रमशः



बाँकेको नेपालगन्ज उपमहानगर- २० का राजेन्द्रवीर राय राष्ट्र बैंकले कर्णाली विकास बैंकको अनुसन्धान सुरु गरेलगत्तै फरार थिए। ०७० मा उक्त बैंक स्थापना गरेका उनलाई ०७९ को प्रतिनिधिसभा निर्वाचनमा एमालेले सल्यानबाट टिकट दिएको थियो। उनले स्थापनालगत्तै बैंकमा जम्मा भएका निक्षेप अपचलन सुरु गरेका थिए। कर्णाली विकास बैंकको व्यवस्थापन अहिले राष्ट्र बैंकले लिएको छ।

■ अध्ययनमा अपचलनको अनुमानपछि राष्ट्र बैंकले नै सिआइबीलाई गरेको थियो सिफारिस

बैंकको कुल पोर्टफोलियो चार अर्ब ६५ करोड थियो। त्यसमध्ये दुई अर्ब ५० करोड रुपैयाँभन्दा धेरै रकम हिनामिना भएको थियो। बैंकको उद्धार गर्न राष्ट्र बैंकले समस्याग्रस्त घोषणा गरेलगत्तै बैंक तथा वित्तीय संस्था नियमन विभागका उपनिर्देशक टीकाराम खतिवडाको संयोजकत्वमा तीन सदस्यीय व्यवस्थापन समूह गठन गरेको थियो। समूहमा वित्तीय संस्था सुपरिवेक्षण विभागका उपनिर्देशक विष्णुकुमार विश्वकर्मा र कानुन महाशाखाका उपनिर्देशक जुगलकिशोर कुशवाह सदस्य छन्। १० पुस ०८१ मा राष्ट्र बैंकले उक्त बैंकलाई 'समस्याग्रस्त संस्था' घोषणा गरेको भोलिपल्ट ११ पुसदेखि समूहले बैंकको जिम्मेवारी सम्हालेको थियो।

आफूहरूले दुई अर्ब ५० करोडभन्दा धेरै अपचलन भएको अनुमानसहित २९ पुस ०८१ मा सिआइबीमा जाहेरी दिएको व्यवस्थापन समूह संयोजक खतिवडाले बताए। 'हामीले अनुसन्धान गर्दा दुई अर्ब ५० करोडभन्दा धेरै अपचलन भएको अनुमान गऱ्यौं। कर्जाको अनुसन्धान गर्दै जाँदा एकपछि अर्को अपचलनका विषय जोडिँदै गएकाले यो रकम थप बढ्न सक्ने देखिन्छ। उनले भने, '२९ पुसमा पहिलो जाहेरी दिएपछि पूरक जाहेरी पनि दिएका थियौं।' कर्णाली विकास बैंकले न्यूनतम पुँजीकोष अनुपात कायम नगरेको, संस्थागत सुशासनको अवस्था कमजोर भएको, आर्थिक हिनामिनाको आशंका भएको, कमजोर तरलता स्थितिसँगै संस्थाले भुक्तानी गर्नुपर्ने निक्षेप दायित्व पूरा गर्न नसक्नुका साथै संस्थाबाट प्राप्त वित्तीय अपचलनको जानकारीसमेतका आधारमा यथास्थितिमा सञ्चालन हुन दिँदा निक्षेपकर्ताको हित सुरक्षित नहुने र बैंकिङ प्रणालीप्रति अविश्वास सिर्जना हुने देखिएकाले समस्याग्रस्त घोषणा गरिएको राष्ट्र बैंकले जनाएको छ।

अब सम्झनामा मात्रै रसिक



'रातो भाले क्वाँए क्वाँए...', 'घरबेटी नानी, आँगनमा देऊ न मलाई बास', 'मलाई प्यारो लाग्छ, मलाई राम्रो लाग्छ', 'नखेल्नु जुवा र तास', 'मागी मिठो, सधैं आफ्नो...', 'तराई हेर कति राम्रो हरियो वन...', 'हामी धेरै साना छौं, हाम्रो मुटु सानो छ...' जस्ता राष्ट्रिय चेतना र सामाजिक परिवर्तनको सन्देश दिने गीतका लोकप्रिय गायक गणेश रसिकको ७८ वर्षको उमेरमा आइतबार निधन

देशप्रेमका गीत गाउनुभयो। गीतमार्फत नेपाली युवा जमातलाई स्वाभिमानी हुनुपर्छ भन्ने सिकाउनुभयो। मान्छे आफैं पौरखी हुनुपर्छ भन्ने गीतबाट सन्देश दिनुभयो। हामीले दासत्व स्विकार्नुहुँदैन भन्ने कुरा सिकाउनुभयो। राष्ट्रवादी भावनाले ओतप्रोत भएका गीत छन् : **बुलु मुकारुङ,** संगीतकार

पवन बराइली/नयाँ पत्रिका

भोजपुरको एउटा कुनामा जन्मिए, आमनेपाली मनको कुना-कुनामा बस्न सफल भए। जीवनपर्यन्त मात्रै होइन, जीवनोपरान्त पनि। हो, 'रातो भाले क्वाँए क्वाँए...', 'घरबेटी नानी आँगनमा देऊ न मलाई बास...', 'हट्ने होइन, डटी लड्ने...' जस्ता राष्ट्रिय चेतना र सामाजिक परिवर्तनको सन्देश दिने दर्जनौं लोकप्रिय गीत गाएका वरिष्ठ सर्जक, साहित्यकार तथा गीतकार गणेश रसिक नेपाली मनको कुनाकुनामा सम्झना छाडेर भौतिक रूपमा अस्ताएका छन्।

४ असोज ००४ मा भोजपुरको

» पृष्ठ २ मा क्रमशः

तुलसी सहकारीका अध्यक्ष शर्मासहित तीनजना दोषी ठहर

सहकारी संकटमा परेपछि सचिवसमेत रहेकी पत्नी सविनासँग सम्बन्धविच्छेद गरेका थिए शर्माले

विराटनगरमा **गणेश लम्साल**

सहकारीको रकम अपचलन मुद्दामा विराटनगरमा केन्द्रीय कार्यालय रहेको तुलसी बहुमुखी सहकारीका अध्यक्ष केदारनाथ शर्मासहित तीनजना दोषी ठहर भएका छन् ।

मोरङ जिल्ला अदालतका न्यायाधीश सीता शर्मा अधिकारीको आइतबारको इजलासले शर्मासहित सचिव सविना न्यौपाने र क्षेत्रीय प्रबन्धक सन्दीप खवासलाई दोषी ठहर गरेको हो । अध्यक्ष शर्मा, सचिव न्यौपाने र क्षेत्रीय प्रबन्धक खवास यसअघि नै पुर्पक्षका लागि थुनामा थिए । यसअघि थुनछेक बहसमा धरौटीमा रिहा भएका उपाध्यक्ष अनिता गौतम र सञ्चालक आदित्यनाथ भट्टराईले भने सफाइ पाएका छन् ।

दोषी ठहर भएकाको सजाय आज सोमबार निर्धारण हुने अदालतका सूचना अधिकारी हेम बुढाथोकीले बताए । तुलसी सहकारी ठगीमा फरार रहेका सञ्चालक छविलाल विश्वकर्मा र बन्टी अधिकारीको मुद्दा मुल्तबीमा राखिएको छ । उनीहरू अदालतमा उपस्थित भएपछि मुल्तबी जगाएर मुद्दाको प्रक्रिया सुरु गरिने मोरङ अदालतले जनाएको छ ।

आज सजाय निर्धारण हुने

तुलसी सहकारी ठगी आरोपमा अध्यक्ष शर्मासहित आठजनालाई प्रतिवादी बनाएर १२ चैत ०७९ मा मुद्दा दायर भएको थियो । ०५२ मा दर्ता भएको तुलसी सहकारीको स्वामित्व ०७२ मा केदारनाथले खरिद गरेका थिए । तुलसीले झापाको दमक, उदयपुरको गाईघाट र सिराहाको गोलबजारमा पनि शाखा सञ्चालन गर्दै आएको थियो । शर्मा समूहले आकर्षक ब्याजको प्रलोभनमा सर्वसाधारणबाट बचत संकलन गरी अनधिकृत रूपमा आफ्नो कम्पनीमार्फत खर्च गरेको थियो । सर्वसाधारणको एक अर्ब ४५ करोड ७५ लाख बचत संकलन गरेको तुलसी सहकारीले ४१ करोड ६३ लाख ९५ हजार रुपैयाँ अध्यक्ष शर्माका ६ वटा कम्पनीलाई ऋण लगानी गरेको थियो ।

'शुद्धि कार्य'मा खाना खाएका ११० जना बिरामी



रोल्पा/ रोल्पा नगरपालिका-३ खुमेलमा शुद्धि कार्य (पुण्यतिथि)मा खाना खाएका ११० जना बिरामी परेका छन् । चौरपानीस्थित एक घरमा शुद्धि कार्यमा सहभागी भइ खाना खाएका १५० जनामध्ये ११० जना बिरामी परेको जिल्ला प्रहरी कार्यालय रोल्पाका सूचना अधिकारी प्रहरी निरीक्षक विजय चापागाईंले बताए ।

शनिबार बेलुकी उनीहरू एक्कासि बिरामी पर्न थालेपछि उपचारका लागि स्थानीय स्वास्थ्य चौकी लगिएको थियो । अन्यको उपचार खुमेल स्वास्थ्य चौकीमै भए पनि १२ जनामा गम्भीर समस्या देखिएपछि जिल्ला अस्पताल रेउघा रेफर गरिएको थियो । रोल्पा अस्पतालमा उपचाररत खुमेलका १५ वर्षीय बमबहादुर थापाले राति १० बजे मात्रै होसमा आएको बताए । 'खाना खाएपछि बान्ता हुने, टाउको दुख्ने भयो, त्यसपछि धेरै पेट दुखेपछि बेहोसै भएछु,' थापाले भने, 'अस्पतालमा भर्ना भएपछि बल्ल होसमा आएँ, खुमेलबाट एम्बुलेन्समा अस्पताल ल्याएको पनि थाहा पाइनँ ।'

रोल्पा अस्पताल रेउघाका चिकित्सक डा. ऋषभ गौतम नेतृत्वको टोलीले बिरामीको उपचार गरिरहेको छ । डा. गौतमका अनुसार अस्पताल भर्ना भएका सबैजसो बिरामीमा बान्ता गर्ने, टाउको दुख्ने, पखाला लाग्ने समस्या छ । खानामा खराबी (फुड पोइजन) भएका कारण बिरामी भएको उनको भनाइ छ । अहिले सबैको अवस्था सामान्य छ ।

चौरपानीस्थित मृतक चित्रबहादुर रोकाको १३औँ पुण्यतिथिको अवसरमा खानपिनको आयोजना गरिएको थियो । दालभात, पुरी, तरकारी, आचार खाएका उनीहरूमा तत्कालै समस्या देखिएको स्थानीय नरेन्द्र घर्तीले बताए ।

१० वर्षपछि पुरानै मन्दिरमा राखियो मत्स्येन्द्रनाथ देवता

नयाँ पत्रिका



वर्षा र सहकालका देवता रूपमा प्रसिद्ध रातो मत्स्येन्द्रनाथको भोटो देखाइएको छ । आइतबार अपराह्न ५:३० बजे राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्रीलगायत विशिष्ट व्यक्तिको उपस्थितिमा ललितपुरको जावलाखेलमा भोटो देखाइएको हो ।

रथको चारैतिर चारपटक घुमेर गुठी संस्थान ललितपुरका प्रमुख जितेन्द्र चित्रकारले 'यो भोटो कसको हो ?' भन्दै देखाएका थिए । भोटो देखाउनुलाई भोटो प्रदर्शनसमेत भन्ने गरिन्छ ।

किंवदन्तीअनुसार कुनै समय राक्षस र एक किसानबिच भोटोको सन्दर्भमा विवाद भएको थियो । नागले किसानलाई दिएको भोटो राक्षसले चोरेका थिए । पछि राक्षसले लगेको भोटो किसानले देखिपछि दुईबिच विवाद मच्चिएको थियो । त्यसबखत जावलाखेलमा रहेका रातो मत्स्येन्द्रनाथले विवाद समाधान गर्न उक्त भोटो आफूले राखे । जसले प्रमाण लिएर आउँछ उक्त भोटो उसैलाई दिने भनेका थिए । तर, हालसम्म भोटो कसको हो भनेर प्रमाण भेटिएको छैन ।

उक्त रहस्यमयी भोटो हेर्न राष्ट्रपति रामचन्द्र पौडेलसहित उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री केपी ओली, सभामुख देवराज घिमिरेलगायत उच्च पदस्थदेखि सर्वसाधारणसम्म उपस्थित थिए । साथै, भोटो प्रदर्शनपछि राष्ट्रपति, प्रधानमन्त्रीलगायत विशिष्ट व्यक्तिहरूले रथको पूजा र कुमारीको हातबाट टीका र प्रसाद ग्रहणसमेत गरे । रातो मत्स्येन्द्रनाथको रथलाई पुल्चोकबाट गाःबहाल, मंगलबजार, सुन्धारा, टंगाल इटिटोल, कुमारीपाटी मानभवन हुँदै जावलाखेल ल्याइएको चार दिनपछि भोटो देखाउने चलन छ । यो चलन करिब १६ सय वर्ष पुरानो हो । भोटो देखाएपछि मत्स्येन्द्रनाथ देवतालाई बुङ्मती लगिन्छ ।

०७२ को भूकम्पले मन्दिर भत्किएपछि रातो मत्स्येन्द्रनाथ देवतालाई नजिकैको पाटीमा राखिएको थियो । १० वर्षपछि मन्दिर पुनर्निर्माण भएकाले आइतबार मत्स्येन्द्रनाथलाई मन्दिरमै विराजमान गराएको गुठी संस्थान ललितपुरका प्रमुख जितेन्द्र चित्रकारले जानकारी दिए । 'यसपटक बल्ल मच्छिन्द्रनाथलाई उहाँकै मन्दिरमा राखियो, योभन्दा अघिसम्म पाटीमा राखिएको थियो, अब भने सुरक्षित भयो,' उनले भने, 'भोटो पनि त्यही मन्दिरमा राखिन्छ ।'

लामो इतिहास बोकेको मत्स्येन्द्रनाथको जात्राको अन्तिम दिन देखाइने भोटो जात्राको इतिहास यकिन छैन । तर, मत्स्येन्द्रनाथको जात्रा सुरु भएपछि भोटो जात्रा सुरु भएको किंवदन्ती छ । मत्स्येन्द्रनाथका पुजारी कपिल बज्राचार्यका अनुसार मत्स्येन्द्रनाथको भोटो पनि जात्राजत्तिकै पुरानो हो, भोटोको कपना पनि त्यतिवेलाकै रहेको पाइन्छ ।

सर्वसाधारणलाई भोटो हेर्न कठिन

जात्राको क्रममा विशिष्ट व्यक्तिहरूको सहभागिता हुने भएपछि सर्वसाधारणलाई जात्रा हेर्न कडाइ गर्ने गरिएको छ । राष्ट्रपति, प्रधानमन्त्रीलगायत उच्च विशिष्ट व्यक्तिहरू आउने भएपछि प्रहरीले सुरक्षा व्यवस्था निकै कडा पार्ने गर्छ । त्यसक्रममा सर्वसाधारणलाई नजिक आउन दिइँदैन । चारैतिर सुरक्षाकर्मीले घेरेपछि सर्वसाधारणले भोटो देख्न पाउँदैनन् । गुठी संस्थान र ललितपुर महानगरपालिकाले सर्वसाधारण र विशिष्ट पाहुनाका लागि ठाउँसमेत व्यवस्थित नगर्दा सर्वसाधारण भोटो जात्रा हेर्नबाट वञ्चित हुने गरेका छन् । आइतबार जात्राको क्रममा कतिपयले रुख तथा बारमा चढेरसमेत जात्रा हेरेका थिए । जात्रा हेर्न नदिएको भन्दै कतिपय आक्रोशितसमेत बनेका थिए ।

श्रव्यदृश्य...

पृष्ठ १ बाट क्रमशः

शिक्षामन्त्री विद्या भट्टराईले पदबाट राजीनामा दिनुपर्ने मुख्य कारणहरूमध्ये उक्त प्रस्ताव अस्वीकार पनि एउटा थियो । भट्टराईको बहिर्गमनसँगै रघुजी पन्त नयाँ शिक्षामन्त्री बनेर अएपछि अलीले श्रव्यदृश्य शिक्षण सामग्रीसम्बन्धी प्रस्तावना फेरि मन्त्रालयमा पेस गरेर चलखेल थालेका छन् ।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको श्रव्यदृश्य शाखाले कक्षा १ देखि १० सम्मका सबै विषयको विषयगत अडियो तथा भिडियो पाठ बनाएर विभिन्न सञ्चारमाध्यमबाट प्रसारण गर्दै आएको छ । सत्ताशक्तिको आडमा असगर यो हत्याउन चाहन्छन् । किनभने उनको 'एम्बिसन गुरु, प्रालि'ले एसइई तयारीदेखि लोकसेवा, इन्जिनियरिङ, मेडिकललगायत विभिन्न विषयका श्रव्यदृश्य सामग्री उत्पादन गरेर 'एम्बिसन डट गुरु' एपबाट प्रसारण गर्दै आएको छ । कर पनि नतिरी उक्त कम्पनीले चर्को शुल्कमा अनलाइन कक्षा सञ्चालन गरिरहेको आरोपसमेत छ ।

शिक्षामन्त्री पन्तकहाँ पुगेको फाइलमा 'कक्षा १०-१२ को परीक्षा सुधारलाई लक्षित गर्दै विभिन्न श्रव्यदृश्य सामग्री तयार पार्ने' भनिएको, तर विवादमा आउन सक्ने भनेर गोप्य राखिएको स्रोतले बतायो । 'कक्षा १०-१२ को परीक्षा सुधारलाई लक्षित गर्दै विभिन्न श्रव्यदृश्य सामग्री तयार पार्ने भनेर फेरि त्यो फाइल मन्त्रालयमा पेस भएको छ,' मन्त्रालय स्रोतले भन्यो, 'अघिल्लो शिक्षामन्त्रीले रोकेको फाइल मन्त्री फेरिएपछि फेरि पेस भएको छ, सरकारी संरचना हुँदाहुँदै व्यक्तिलाई दिन खोज्नु राम्रो होइन ।'

शिक्षा मन्त्रालयका सूचना अधिकारी नीलकण्ठ ढकालले कुनै कम्पनीबाट श्रव्यदृश्य शिक्षण सामग्रीसम्बन्धी प्रस्तावना आएको बताए, तर कसको भन्ने बारेमा खुलाएनन् । 'विद्यार्थी र शिक्षकको क्षमता विकास र सिकाइ सुधारका लागि कुनै संस्थाबाट प्रस्तावना आएको थियो, तर असगर अलीको नै हो भन्नेबारेमा मलाई थाहा भएन,' उनले भने, 'हामीसँग आफ्नै लर्निङ पोर्टल छ, सिकाइ चौतारी पनि छ, त्यहाँ कक्षा ६ देखि १० सम्मका उपयोगी सामग्री राखिरहेका छौं । तर, कतिपय निजी कम्पनीका व्यक्तिहरू आएर टिचरका लागि पनि डिजिटल लर्निङ कन्टेन्ट बनाएका छौं, सरकारले किनिदिनुपर्‍यो भनेर प्रस्ताव आएको थियो, हामीले स्वीकार गरेका छैनौं ।'

सरकारको कार्यक्रम नै हत्याएर आर्थिक अनियमिततासँगै आफ्नो एपको पकड बढाउन सक्रिय असगरको योजनालाई निवर्तमान शिक्षामन्त्री भट्टराईले नियम र कानुनसंगत नभएको भन्दै रोकिदिएकी थिइन् । उनले कक्षा १० को नतिजा सुधारसम्बन्धी डिजिटल शिक्षाको काम सरकारी तवरबाटै गर्नुपर्ने अडान लिएकी थिइन् । अलीको कार्यक्रम रोकेपछि प्रधानमन्त्री ओलीले पदबाट राजीनामा दिन दबाब दिएका थिए । आन्दोलित शिक्षकसँग सहमति खोज्ने सवालमा पनि भट्टराईलाई ओलीले असहयोग गरेका थिए । उनीमाथि दबाब बढाउन प्रधानमन्त्रीले श्रव्यदृश्य शाखा प्रमुख उपसचिव गोविन्द्र अर्यालको सरुवासमेत गरिदिएका थिए । अन्ततः भट्टराई राजीनामा दिन बाध्य भइन् भने श्रव्यदृश्य शाखा अहिले पनि निमित्तकै भरमा छ ।

निवर्तमान शिक्षामन्त्री भट्टराईले श्रव्यदृश्य शिक्षण सामग्री निर्माणको जिम्मा कुनै व्यक्तिको कम्पनीलाई दिन आफूमाथि दबाब आएको स्वीकार मात्रै गरिनन्, कारणसमेत खुलाइन् । 'मन्त्रालयले एउटा व्यक्तिसँग काम गर्ने होइन, व्यक्तिलाई जिम्मा दिँदा विधि र वैधतामाथि प्रश्न उठ्छ, त्यसैले हाम्रो सरकारी संरचनाले नै त्यो काम गर्नुपर्छ, व्यक्तिलाई दिएर सरकारी संरचनालाई कमजोर बनाउनुहुन्न भन्ने मेरो योजना थियो,' भट्टराईले नयाँ पत्रिकासँग भनिन्, 'शिक्षा तथा मानव स्रोत विकास केन्द्रको श्रव्यदृश्य शाखाले गर्ने काम व्यक्तिलाई दिएर हुँदैन, त्यही शाखाले गर्नुपर्छ भन्ने मेरो आशय थियो । कहीँबाट आएको फाइलको उठान पनि सम्बन्धित शाखाबाटै हुनुपर्‍यो, मन्त्रालय वा माथिल्लो पावरबाट होइन भन्ने मेरो बुझाइ थियो र हो ।' मन्त्रालयकै शाखाले गर्ने काम निजीलाई बजेट दिएर विनाप्रतिस्पर्धा जिम्मा लगाउनु गैरकानुनीसमेत हुने उनको भनाइ छ ।

शिक्षा मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटा र एम्बिसन गुरुका सञ्चालक असगर अलीले पनि एउटै बोलीमा इन्कार गरेका छन् । मन्त्रालयका प्रवक्ता सापकोटा असगर अलीसँग कुनै पनि कार्यक्रममा मन्त्रालयले समन्वय नगरेको दाबी गर्छन् । 'त्यस प्रकारको कुनै पनि कार्यक्रम गरिएको होइन, बाहिर आएका कुराहरू गलत हुन्,' उनले भने, 'त्यसरी निजीलाई मन्त्रालयले अग्रसर गराउने कुरा पनि हुँदैन, प्रस्तावना आएकाबारे मलाई थाहा छैन ।' त्यस्तै, अलीले पनि एम्बिसन गुरु नामको कम्पनीले कुनै पनि सरकारी कार्यालयसँग मिलेर काम नगरेको र कुनै डकुमेन्टसमेत नपठाएको दाबी गरे । 'एम्बिसन गुरुले कुनै पनि सरकारी कार्यालयसँग काम गरेको छैन र गर्ने कुनै मनसाय पनि छैन,' उनले भने, 'कुनै फाइल पनि पठाएका छैनौं, हामीले गएको वर्ष सबै विद्यार्थीलाई फ्रीमा सिकाइ सामग्री दिएको हो, ढुक्क हुनुस् हामी कहिल्यै पनि सरकारी कार्यालयको काम गर्दैनौं, अहिलेसम्म गरेको पनि छैनौं ।'

प्रधानमन्त्री ओलीको अघिल्लो कार्यकालमा पनि आइटी सल्लाहकार नै रहेका अली यसअघि पनि विभिन्न विवादमा मुछिएका छन् । आफ्नै आइटी कम्पनीले निर्माण गरेको न्युज पोर्टल ह्याक गरेर ओलीको विषयमा लेखिएको समाचार अनधिकृत रूपमा हटाएका असगर बिटक्वाइन धन्दामा समेत मुछिएका थिए । प्रधानमन्त्री ओलीकै आडमा ०७६ मा नेपाल दूरसञ्चार प्राधिकरणको (एमडिएमएस)सम्बन्धी ग्लोबल टेन्डरमा समेत उनले चलखेल गरेका थिए । यति मात्रै होइन, स्मार्ट कार्ड र आइटीसम्बन्धी महत्त्वपूर्ण 'प्रोजेक्ट'को काम पनि प्रधानमन्त्री ओलीले असगरलाई नै सुम्पिँदै आएका छन् । पटक-पटक डिजिटल अपराधमा मुछिएका असगरलाई प्रधानमन्त्री ओलीले संरक्षण दिँदै आएपछि नेपाल प्रहरीको साइबर ब्युरोले समेत कारबाही गर्न सकेको छैन ।

नक्कली ऋणी...

पृष्ठ १ बाट क्रमशः

सिआइबी प्रवक्ता एसपी युवराज खड्काले नक्कली ऋणी खडा गरेर दुई अर्ब ५० करोडभन्दा धेरै अपचलनको सम्बन्धमा अनुसन्धान सुरु भएको र बैंकका पूर्वसञ्चालक पक्राउ परेको बताए । 'बैंकमा भएको रकम अपचलनको सम्बन्धमा अनुसन्धान सुरु भएको छ । यस क्रममा बैंकको पूर्वसञ्चालक तथा पूर्वसिइओ राजेन्द्रवीर राय पक्राउ परेका छन् । उनले नक्कली ऋणी खडा गरी रकम अपचलन गरेको देखिन्छ । बैंकको 'भल्ट' (बैंकका बहुमूल्य वस्तु, नगद र महत्त्वपूर्ण कागजात भण्डारण तथा सुरक्षित राखिने विशेष कोठा)बाट पनि रकम मनोमानी ढंगले झिकेको देखिन्छ ।'

बाँकेको नेपालगन्ज उपमहानगरपालिका- २० का राय राष्ट्र बैंकले कर्णाली विकास बैंकको अनुसन्धान सुरु गरेलगत्तै फरार थिए । ०७० मा उक्त बैंक स्थापना गरेका उनलाई ०७९ को प्रतिनिधिसभा निर्वाचनमा एमालेले सल्यानबाट टिकट दिएको थियो । उनले स्थापनालगत्तै बैंकमा जम्मा भएका निक्षेप अपचलन सुरु गरेका थिए । कर्णाली विकास बैंकको व्यवस्थापन अहिले राष्ट्र बैंकले लिएको छ ।

रकम हिनामिनामा पूर्वसिआइओ दिनेशकुमार रावत, पूर्ववित्त प्रमुख वेदप्रकाश सिंह र वर्तमान सिआइओ नीरजविक्रम शाह पनि संलग्न रहेको देखिएको छ । त्यस्तै, बैंकमा अन्य कर्मचारीको समेत संलग्नता देखिए पनि मुख्य योजनाकार राय नै रहेको सिआइबी प्रवक्ता खड्काले बताए । 'बैंकको रकम हिनामिना गर्नेमा अरूको पनि भूमिका छ । ती कर्मचारी तल्लो दर्जाका छन् । तर, मुख्यगरी रकम हिनामिनामा राय नै संलग्न रहेको अनुसन्धानबाट खुलेको छ । घटना सम्बन्धमा अनुसन्धान भइरहेको छ । नयाँ तथ्य खुल्दै जलान्,' उनले भने । हिनामिनामा संलग्न राय ०७९ को प्रतिनिधिसभा निर्वाचनमा एमालेको टिकटमा सल्यानबाट उम्मेदवारसमेत बनेका थिए । उनी एकीकृत समाजवादीका नेता प्रकाश ज्वालासँग २२ हजार ६६८ मतले हारेका थिए । निर्वाचनमा १३ हजार ३९ मत ल्याएका उनी निर्वाचनमा तेस्रो भएका थिए । ज्वाला ३५ हजार ७०७ मत ल्याएर विजयी भएका थिए ।

सरकार कठोर...

पृष्ठ १ बाट क्रमशः

क्षेत्रबाहेक अन्यत्र प्रर्दशन गर्न नपाइने गरी सूचना जारी गरेको छ ।

पछिल्लोपटक १५ जेठदेखि राजधानीकेन्द्रित आन्दोलन सुरु गरेका राजावादीले पाँचौं दिनका लागि आन्दोलनको स्वरूप परिवर्तन गरेका छन् । चार दिनसम्म शान्तिपूर्ण आन्दोलन गरेका राजावादीले सरकारले दमन गरेको ठहर गर्दै सोमबार उपत्यका बन्दको घोषणा गरेका हुन् । आन्दोलनकारीले राजसंस्था र हिन्दु राष्ट्रको पक्षमा नाराबाजी गर्दै आएका छन् ।

राजसंस्था पुनर्स्थापनाका लागि गठित संयुक्त जनआन्दोलन समितिका संयोजक नवराज सुवेदीले आइतबार साँझ विज्ञप्ति जारी गर्दै सरकारले आन्दोलनमा बर्बर दमन गरेकाले आन्दोलनको स्वरूप परिवर्तन गर्न बाध्य भएको बताए । 'सरकारको बर्बर दमनको विरोध गर्दै हामी आन्दोलनको स्वरूप परिवर्तन गर्न बाध्य भएका छौं,' सुवेदीले विज्ञप्तिमा भनेका छन् ।

समिति संयोजक सुवेदीले आन्दोलनमा प्रहरीले दमन गरेको आरोप लगाउँदै निन्दा गरेका छन् । 'शान्तिपूर्ण आन्दोलनमाथि प्रहरीले गरेको बर्बर दमनको हामी घोर भर्त्सना गर्दछौं । शान्तिपूर्ण आन्दोलनकै क्रममा राप्रपा नेपालका अध्यक्ष कमल थापालाई प्रहरीले जसरी अमानवीय तवरले पक्राउ गर्‍यो, त्यसको हामी निन्दा गर्दछौं,' उनले भनेका छन् ।

राजावादीहरूले गत १५ जेठमा रत्नपार्कबाट आन्दोलन सुरु गरेका थिए । दोस्रो दिन माइतीघर-बबरमहल क्षेत्रमा प्रदर्शन गरेका राजावादीले तेस्रो दिन बालुवाटार क्षेत्रमा प्रदर्शन गरेका थिए । चौथो दिन नक्साल नारायण चौरमा प्रदर्शन गरे । संयुक्त जनआन्दोलन समितिको आह्वानमा ४५ वटा राजावादी दल र समूहले गरेको आन्दोलनमा राजसंस्था र हिन्दु राष्ट्र पुनर्स्थापना तथा संघीयता खारेजी मुख्य माग छ ।

पूर्वनिर्धारित कार्यक्रमअनुसार नक्साल नारायणचौरमा प्रदर्शनका क्रममा प्रहरीले आइतबार दिउँसो थापासहित शीला राना, राकेश बस्नेत, रामचन्द्र लामिछाने, विनोद कपाली र सरोज तिमिल्सिनालाई पक्राउ गरेको थियो । प्रदर्शनका क्रममा थापाले प्रहरी घेरा तोड्न खोजेपछि भ्यानमा राखेर जिल्ला प्रहरी परिसर भद्रकाली लगिएको थियो । थापाले नारायणचौर आन्दोलनको नेतृत्व गरेका थिए । भ्यानमा राख्दैगर्दा थापाले 'भ्रष्ट सरकार मुर्दावाद' भन्दै नारा लगाएका थिए । उनको पक्राउको तस्बिर सामाजिक सञ्जालमा 'भाइरल' छ । यद्यपि, थापासहित गिरफ्तार सबै आइतबार साँझ नै रिहा भएका छन् ।

नारायणचौरमा प्रदर्शनस्थल तोकिए पनि आन्दोलन बालुवाटारतर्फ जाने भन्दै प्रहरीलाई सहयोग गर्न आग्रह गरेका थिए । नाराबाजी गर्दै आन्दोलन बालुवाटारतर्फ अघि बढेपछि प्रहरीले अघि नबढ्न आग्रह गर्‍यो । तर, प्रर्दशनकारीले नमानेपछि प्रहरीले धरपकड गर्दै लाठीचार्ज गरेको थियो ।

प्रहरीको लाठीचार्जबाट दर्जनौं घाइते भएको राजावादी नेताहरूले बताएका छन् । टाउको, खुट्टा, हात र ढाडमा प्रहरीले लाठीचार्ज गरेको उनीहरूले बताएका छन् । केहीको प्रदर्शनस्थलमै उपचार गरिएको थियो भने केहीलाई उपचारका लागि वीर अस्पताल लगिएको थियो ।

थापालाई भेटन गएका राप्रपा नेता एवं सांसद दीपक सिंहलाई पनि प्रहरीले पक्राउ गरेको थियो । काठमाडौं प्रहरी परिसरको हिरासतमा भेट्न गएका सांसद सिंहलाई माथिको आदेश भन्दै पक्राउ गरिएको राप्रपाका नेताहरूले बताएका थिए । राप्रपाले 'सांसद दीपकबहादुर सिंहलाई प्रहरी परिसरभित्रै नियन्त्रणमा लिइएको घटना संविधानको व्यवस्थाविपरीत, अलोकतान्त्रिक, सर्वसत्तावादी र विचारलाई निषेध गर्ने प्रयास हो भन्ने पार्टीको प्रस्ट धारणा रहेको' बताएको थियो । प्रहरीले सांसद सिंहलाई आइतबार साँझ रिहा गरेको छ ।

राप्रपाको केन्द्रीय कार्यसम्पादन समितिको आकस्मिक बैठकले गिरफ्तार नेता, कार्यकर्ताको रिहाइ नगरिए आन्दोलनको थप कार्यक्रम घोषणा गर्ने निर्णय गरेको थियो । केन्द्रीय कार्यालय धुम्बाराहीमा बसेको बैठकले काठमाडौंमा भएको शान्तिपूर्ण प्रदर्शनका क्रममा निषेधित क्षेत्र नतोकिएको स्थान नारायणचौर, नक्साल क्षेत्रमा भएको प्रशासनिक हस्तक्षेपप्रति भर्त्सना गरेको प्रवक्ता मोहन श्रेष्ठले बताए ।

यस्तै, समितिका संयोजक सुवेदीले थापालाई हिरासतमा भेट्न जाने क्रममा राप्रपा सांसद सिंहलाई संसदीय मर्यादाविपरीत प्रहरीले हिरासतमा लिएको र यो सरकार लोकतन्त्र र संसदीय परम्पराको बर्खिलाप रहेको प्रमाणित भएको बताएका छन् । उनले संविधान प्रदत्त अधिकार प्रयोग गर्ने क्रममा प्रहरीले पक्राउ गरेका थापा र सिंहसहित सबै आन्दोलनकारीलाई तत्काल रिहा गर्न पनि सुवेदीले माग गरेका थिए ।

थापालाई प्रहरीले पक्राउ गरेपछि राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनलाई आन्दोलनकारीलाई सम्बोधन गर्दै खास लडाइँ भोलिदेखि हुने चेतावनी दिएका छन् । लिङ्देनले थापालगायतलाई सम्मान रिहाइ गर्न अन्यथा परिस्थितिको सामना गर्न चेतावनी दिएका हुन् ।

'गृहमन्त्रीलाई मेरो आग्रह छ- तपाईंहरूले कमल थापालाई यही ल्याइदिनुस् । उहाँलगायतका मानिसहरूलाई यहीँ ल्याइदिनुस्, होइन भने अब हामी अरू साथीभाइलाई पनि देशभरबाट बोलाउँछौं । खास लडाइँ भोलिबाट सुरु हुन्छ,' उनले भने, 'अब हामी एक ठाउँमा भेला भएर होइन, ५० ठाउँबाट निस्कन्छौं । तपाईंहरू कहाँ रोक्नुहुन्छ ?'

लिङ्देनले परिवारलाई आन्दोलनमा उत्रिन आह्वान गर्दै दमनबाट नडराउने बताए । 'पक्राउ परिन्छ, थुनामा परिन्छ, दुई चार लाठी खानुपर्छ भनेर अब हामी डराउनेवाला छैनौं,' उनले भने ।

प्रधानमन्त्रीले परिस्थिति भड्काउन खोजेको भन्दै उनले प्रहरी प्रशासनलाई संयमता नतोड्न आग्रहसमेत गरे । 'प्रधानमन्त्रीले त अस्ति नै परिस्थिति भड्काउन लाग्नुभएको थियो । प्रहरी प्रशासनलाई संयमता नतोड्न म फेरि आग्रह गर्न चाहन्छु,' उनले भने ।

विगतमा कुनै पनि परिवर्तन भोटबाट नभएको भन्दै लिङ्देनले आन्दोलनकै बलमा व्यवस्था बदलिएको स्मरण गराए । उनले जनताले व्यवस्थाको विकल्प खोजेको दाबी गरे । 'हामी गणतन्त्र आन्दोलनबाटै फेर्न चाहन्छौं । जनताले विकल्प खोजिराखेको छ,' उनले भने ।

उनले बेलायतमा राजसंस्था पुनर्स्थापना भएको स्मरण गराउँदै नेपालमा पनि गणतन्त्र ढालिछाड्ने उद्घोषसमेत गरे । 'यो गणतन्त्र ढिलोचाँडो ढल्छ, ढल्छ,' उनले भने, ' बेलायतमा के भएको थियो भनेर इतिहास पढ्नुस् ।'

त्यसैबिच, राप्रपा नेपालका कार्यकर्ताले प्रधानमन्त्री केपी ओली र गृहमन्त्री रमेश लेखकको पुत्ला जलाएका छन् । अध्यक्ष थापासहितलाई आन्दोलनको क्रममा प्रहरीले नियन्त्रणमा लिएपछि राप्रपा नेपालका नेता तथा कार्यकर्ताले काठमाडौंको कालोपुलमा आइतबार साँझ पुत्ला जलाएर विरोध गरेका हुन् ।

जिल्ला प्रशासन कार्यालय काठमाडौंले तीन स्थानबाहेक अन्यत्र आन्दोलन गर्न नपाउन गरी सूचना जारी गरेको छ । प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारीका अनुसार सोमवारदेखि सिफल चौर क्षेत्र, कोटेश्वर आकाशे पुलदेखि दक्षिण बालकुमारीतर्फको क्षेत्र र बल्खु क्षेत्रबाहेक अन्यत्र आन्दोलन गर्न पाइने छैन । सार्वजनिक सम्पत्ति एवं समग्र शान्तिसुरक्षामा असर पर्न जाने अवस्था देखिएकाले तोकिएको तीन स्थानबाहेक अन्यत्र १९ जेठदेखि २ महिनासम्म अनशन, धर्ना, घेराउ, जुलुस, प्रदर्शन तथा सभाजस्ता विरोधका कार्यक्रम गर्न निषेध गरिएको तिवारीले बताए ।

काठमाडौंको लगभग सबैतिर निषेधाज्ञा लगाएपछि राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले भने- **सरकारले लोकतन्त्रविरोधी निरंकुश कदम चाल्यो**

बल्खु, सिफल चौर र कोटेश्वर आकासे पुलदेखि बालकुमारी क्षेत्रसम्म मात्रै प्रदर्शन गर्न पाउने गरी काठमाडौंका अन्य सबै ठाउँमा निषेधाज्ञा लगाउने सरकारको कदमलाई राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले लोकतन्त्रविरोधी निरंकुश कदम भन्दै विरोध गरेका छन् । उनले सरकारको यो कदमविरुद्ध उभिन र स्वतन्त्र सुपरिवेक्षण गर्न राष्ट्रिय, अन्तर्राष्ट्रिय मानव अधिकारवादी संघसंस्था, लोकतान्त्रिक अगुवा, बुद्धिजीवी, आमसञ्चार माध्यम र जनसमुदायलाई आह्वान पनि गरेका छन् ।

'लोकतान्त्रिक सरकारको दुहाइ दिने दुईतिहाइको सरकारले इतिहासमा नै नयाँ कीर्तिमान राख्ने गरी काठमाडौं महानगर क्षेत्रलाई नै निषेधित क्षेत्र तोक्ने हास्यास्पद निर्णय गरेको छ । सरकारको यस निर्णय घोर अलोकतान्त्रिक, सर्वसत्तावादी, गैरसंवैधानिक र पराजित मानसिकताको उपज रहेको राप्रपाको ठहर छ । सरकारको यस निर्णयबाट शान्तिपूर्वक विनाहातहतियार भेला हुन पाउने, आफ्नो विचार राख्न पाउने र राजनीतिक दलले निर्वाध रूपमा राजनीतिक गतिविधि गर्न पाउने संविधानप्रदत्त अधिकारको गम्भीर उल्लंघन गरेको छ,' लिङ्देनले आइतबार साँझ विज्ञप्तिमार्फत भनेका छन्, 'सरकारको लोकतन्त्रविरोधी यस निरंकुश कदमको विरुद्धमा उभिन र स्वतन्त्र सुपरिवेक्षण गर्न राष्ट्रिय, अन्तर्राष्ट्रिय मानव अधिकारवादी संघसंस्था, लोकतान्त्रिक अगुवा, बुद्धिजीवी, आमसञ्चारमाध्यम र आमजनसमुदायलाई हार्दिक आह्वान गर्दछौं ।'

अब सम्झनामा...

पृष्ठ १ बाट क्रमशः

छिनामखुमा जन्मिएका रसिक पाँच दशकअघि 'लेकाली' सांगीतिक समूहबाट सांगीतिक क्षेत्रमा प्रवेश गरेका थिए । उनको ७८ वर्षको उमेरमा आइतबार बिहान ११ बजे ललितपुरको हरिसिद्धिस्थित नेपाल क्यान्सर अस्पतालमा निधन भएको हो । उनी दुई वर्षदेखि प्रोस्टेट क्यान्सरको उपचारमा थिए । उनले कवि, गीतकार, संगीतकार, लेखक, निबन्धकार, नियात्राकार र प्रशासकका रूपमा आफ्नो बहुआयामिक पहिचान बनाए । ०५० को दशकमा उनी भोजपुरबाट इलाम सरेका थिए । उनका छोरा र श्रीमतीको यसअघि नै निधन भइसकेको छ ।

रसिकका 'सारंगीभित्र' कथासंग्रह, 'गणेश रसिकका गीतहरू', 'आकाशगंगाको ओतमुनि', 'दशगजामा उभिएर', 'जब सिस्नोहरू टेक्दै हिंडे' लगायत कथा, कविता, निबन्ध, नियात्रा र संस्मरणसहित एक दर्जनभन्दा बढी कृति प्रकाशित छन् । उनी साहित्यिक, सांगीतिक र प्रशासनिक क्षेत्रमा पनि सक्रिय थिए । उनले रत्न रेकर्डिङ संस्थान, साझा प्रकाशनमा अध्यक्ष तथा महाप्रबन्धक, सांस्कृतिक संस्थानका महाप्रबन्धक तथा नेपाल नाट्य तथा संगीत प्रज्ञा-प्रतिष्ठानका सदस्यसचिवको रूपमा नेतृत्व सम्हालेका थिए । उनले देशभक्तिपूर्ण गीत, बालगीत, लोकगीत, प्रेमगीतदेखि सामाजिक चेतनायुक्त गीतमार्फत नेपाली समाजलाई लामो समयदेखि प्रेरणा दिँदै आएका थिए । 'हटेर होइन, डटेर लड्ने नेपालीको बानी हुन्छ...' भन्नेजस्ता गीतहरूले उनीभित्रको राष्ट्रप्रेम झल्काउँछ ।

संगीतकार बुलु मुकारुङ रसिकलाई देशभक्त स्रष्टाको रूपमा चिन्ने बताउँछन् । गीतकार मुकारुङ उनलाई स्मरण गर्दै भन्छन्, 'उहाँलाई धेरै पक्षबाट सम्झन्न सकिन्छ । देशप्रेमका गीत गाउनुभयो । गीतमार्फत नेपाली युवा जमातलाई स्वभामिनी हुनुपर्छ भन्ने सिकाउनु भयो । मान्छे आफै पौरखी हुनुपर्छ भन्ने गीतबाट सन्देश दिनु भयो । कर्म गर्नुपर्छ परिश्रम गर्नुपर्छ भन्ने कुराबाट सिक्न सकिन्छ । हामीले दासत्व स्विकार्नु हुँदैन भन्ने कुरा सिकाउनुभयो । राष्ट्रवादी भावनाले ओतप्रोत भएका गीत छन् ।'

साहित्यकार राधेश्याम नेपाली रसिकको नेपाली संगीत र साहित्यमा अतुलनीय योगदान रहेको बताउँछन् । 'उहाँ आफैँ कविता लेख्नुहुन्थ्यो, गीत लेख्नुहुथ्यो आफैँ गाउनु पनि हुन्थ्यो । उहाँले मनोरञ्जनका लागि मात्रै होइन, राष्ट्रिय भावका गीत लेख्नुभयो । राष्ट्रियता, स्वतन्त्रता, विकृति, सामाजिक परिवर्तनका लागि गीत गाउनुभयो । साहित्यमा उहाँको आफैँमा विशिष्ट योगदान छ । लेकाली समूह स्थापित गरेर राष्ट्रियताको अभिनयको ठुलो योगदान गर्नुभयो । त्यसैले उहाँ राष्ट्रवादी लेखक, राष्ट्रका लागि चिन्ता गर्ने मान्छे, नयाँ पुस्तालाई कसरी अघि बढाउने भन्ने चिन्तामा डुब्ने व्यक्ति पनि हो । जसले नेपाली संगीत र साहित्यलाई डोऱ्याउनुभयो', उनले भने ।

लोकगायक कुमार बस्नेतले रसिकको लोकगीतको क्षेत्रमा ठूलो योगदान रहेको बताए । उनले रसिकलाई असल र मिहिनेती व्यक्तिको रूपमा चिनेको बताए । भन्छन् 'मैले चिनेको उनी सरल स्वभावका र सबै कलाकारले माया गर्ने र आदर गर्ने व्यक्ति थिए । ०३१ सालतिरको कुरा हो गणेश रसिक र म स्पोर्टस् काउन्सिलले आयोजना गरेको लोकदोहोरी प्रतियोगिताको निर्णयकमा सँगै थियौं । त्यतिबेला उनले निष्पक्ष निर्णायकको भूमिका निभाएका थिए । त्यसवेलादेखि नेपालमा लोकदोहोरीले खुट्टा टेकेको हो । दोहोरी गीतमा खुट्टा टेकाउने काममा उसको पनि योगदान छ ।'

‘राइड सेयरिङ’मा रडाको

ऐनका विरुद्ध यातायात व्यवसायी आन्दोलित, आजदेखि लामो र छोटो दूरीका यातायात नचलाउने घोषणा



● **शोभाकान्त पौडेल**, प्रमुख सचिव, गण्डकी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सरकारले बनाएको कानुन यातायात व्यवसायीले मान्नैपर्छ। कानुनको पालना गर्दिनँ भन्न पाइँदैन, संसदले बनाएको कानुन कार्यान्वयन हुन्छ।



● **धर्मराज भण्डारी**, अध्यक्ष, नेपाल यातायात मजदुर संघ

कालो प्लेटका सवारीसाधनलाई असहज हुने गरी गण्डकी प्रदेशले कानुन बनाएको छ, त्यो हाम्रा लागि स्वीकार्य छैन। हाम्रो माग राइड सेयरिङविरुद्ध मात्रै होइन, यसलाई कानुनी दायरामा कसरी ल्याउनुपर्छ र छुट्टै नम्बर प्लेट दिनुपर्छ भन्ने हो, यात्रुजति उनीहरूले बोकेपछि सार्वजनिक यातायात खिया लगाएर हामी राख्न सक्दैनौं।



निजी सवारीसाधनलाई भाडामा यात्रु ओसार-पसार गर्न पाउने अधिकारसहितको ऐन गण्डकी प्रदेशले जारी गरेपछि आन्दोलनमा उत्रिएका सार्वजनिक यातायात व्यवसायी। तस्बिर : संजित परियार/नयाँ पत्रिका



ऐनको विरोधमा यातायात बन्द घोषणा अटेर गरेको भन्दै बागलुङमा सवारीसाधनको चाबी खोस्दै आन्दोलनरत व्यवसायी। **तस्बिर : नारायण रिजाल/नयाँ पत्रिका**

पोखरामा **रोहितराज पराजुली**
काठमाडौंमा **शिवहरि घिमिरे**

गण्डकी प्रदेशले बनाएको ‘राइड सेयरिङ’सम्बन्धी ऐनको विरोध गर्दै देशभरमा यातायात व्यवसायी आन्दोलनमा उत्रिएका छन्। गण्डकी प्रदेशले रातो नम्बर प्लेटका चारपांग्रे सवारीसाधनलाई पनि राइड सेयरिङको अधिकार दिने गरी राइड सेयरिङ (नियमन र व्यवस्थापन) नियमावली, ०८२ पारित गरेको थियो। उक्त ऐन खारेजीलगायतका माग राख्दै व्यवसायीहरू आन्दोलनमा उत्रिएका हुन्।

नियमावलीमा रातो नम्बर अर्थात् निजी सवारीसाधनले आवश्यक प्रक्रिया पूरा गरेर भाडामा यात्रु ओसारपसार गर्न पाउने व्यवस्था छ। यही प्रावधानप्रति व्यवसायीहरू रुष्ट बनेका हुन्। प्रदेश सरकारले प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, ०७६ को दफा १३ को प्रयोजनका लागि दफा २२१ ले दिएको अधिकार प्रयोग गर्दै ३१ चैतमा बसेको प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले राइड सेयरिङ (नियमन र व्यवस्थापन) नियमावली, ०८२ पारित गरेको थियो। नियमावली वैशाखको अन्तिम साता राजपत्रमा प्रकाशित भएपछि गण्डकीमा राइड सेयरिङ वा सेल्फ ड्राइभले कानुनी मान्यताप्राप्त गरेको थियो। त्यसयता विरोधस्वरूप यातायात व्यवसायी सडकमा उत्रिएका छन्। उनीहरूले सोमबारदेखि अनिश्चितकालका लागि देशभर सार्वजनिक यातायातका साधन बन्द गर्ने घोषणा गरेका छन्।

■ यस्ता छन् व्यवसायीका माग

उनीहरूले गण्डकी प्रदेश राजपत्रमा प्रकाशित राइड सेयरिङसम्बन्धी नियमावली खारेज गर्नुपर्ने, सार्वजनिक सवारीसाधन सञ्चालन विधि व्यवस्थित गर्नुपर्ने, राइड सेयरिङलाई छुट्टै नम्बर प्लेट दिनुपर्ने, सार्वजनिक यातायात क्षेत्रमा योगदानमा आधारित सामाजिक सुरक्षा कोष अनिवार्य लागू गर्नु पर्नेलगायत माग राखेका छन्।

हाल देशभर सबैखाले सार्वजनिक यातायातका साधनको संख्या साढे तीन लाख छन्। त्यसमध्ये लामो र छोटो दूरीका बसको संख्या मात्रै एक लाख १४ हजार छ भने सफा ट्याम्पु आठ सय, माइक्रोबस २८ हजार, दुवानीका सवारीसाधन १० हजार छन्। यी सबैखाले सवारीसाधन सोमबारदेखि ठप्प हुने नेपाल यातायात मजदुर संघ राष्ट्रिय अध्यक्ष धर्मराज भण्डारीले जानकारी दिए। उनका अनुसार यातायात व्यावसायीले रातो नम्बर प्लेटले प्यासेन्जर बोक्न नहुने र ती सवारीसाधनलाई छुट्टै नम्बर प्लेट दिनुपर्छ भन्ने मुख्य माग हो। ‘कालो प्लेटका सवारीसाधनलाई असहज हुने गरी गण्डकी प्रदेशले कानुन बनाएको छ, त्यो हाम्रा लागि स्वीकार्य छैन,’ उनले भने, ‘हाम्रो माग राइड सेयरिङको विरुद्धको मात्रै होइन, यसलाई कानुनी दायरामा कसरी ल्याउनुपर्छ र छुट्टै नम्बर प्लेट दिनुपर्छ भन्ने हो, यात्रुजति उनीहरूले बोकेपछि सार्वजनिक यातायात खिया लगाएर हामी राख्न सक्दैनौं।’

गण्डकी प्रदेशले नियमावली जारी गरेपछि यातायात व्यवसायी आन्दोलित बनेका हुन्। उनीहरूले अन्य प्रदेशले समेत त्यस्तै प्रकारको कानुन ल्याउन लागेको भन्दै विरोध गरेका छन्। सडकमा विरोध प्रदर्शन नगरे पनि सोमबारदेखि सबै गाडी ग्यारेज र पार्किङमा थन्कने व्यवसायीहरूले बताए।

लामो दूरीमा बस आइतबारदेखि नै चल्न छाडिसकेका छन्। पछिल्लो दुई दिनदेखि आन्दोलनमा उत्रिएका उनीहरूले सोमबारदेखि भने सार्वजनिक यातायात ठप्प पार्ने घोषणा गरेका हुन्। आन्दोलनको नेतृत्व नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले गरेको छ। यस्तै, सार्वजनिक यातायात केन्द्रीय महासंघ, नेपाल यातायात व्यवसायी महासंघ नेपाल यातायात मजदुर संघ, अखिल नेपाल यातायात मजदुर संघ, एकीकृत समाजवादी यातायात मजदुर संघ र नेपाल यातायात स्वतन्त्र मजदुर संगठनले आइतबार संयुक्त विज्ञप्ति जारी गर्दै सोमबारदेखि सेवा बन्द गर्ने घोषणा गरेका छन्।

■ नियमावली खारेज हुँदैन, संशोधन हुन सक्छ : गण्डकी प्रदेश

गण्डकी प्रदेश सरकारले आइतबार पत्रकार सम्मेलन गरी जारी नियमावली खारेज नहुने, तर संशोधन भने हुन सक्ने जनाएको छ। पत्रकार सम्मेलनमा प्रदेश सरकारले गठन गरेको वार्ता टोलीका संयोजक एवं भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयका सचिव इन्जिनियर कमलकुमार अधिकारीले नियमावली खारेज नहुने, तर संशोधन हुन सक्ने बताए। वर्तमान आवश्यकता, जनताको चाहना र अदालतको आदेशअनुसार नियमावली जारी गरिएकाले खारेज गर्न नसकिने उनको भनाइ छ। ‘व्यवसायीलाई पाँचसदस्यीय वार्ता टोली बनाएर आउन आग्रह गर्दा अटेर गरेको र टेलिफोनमा मात्र समान्य कुरा भएको छ,’ उनले भने, ‘वार्ता र संवादमार्फत सहमतिमा पुग्न सकिने भएकाले व्यवसायीले आफ्नो असहमतिको कुरा राखेपछि त्यसलाई संशोधन गर्न मिल्ने भए संशोधन गरी अघि बढ्न सरकार तयार छ।’

■ मुख्यमन्त्री कार्यालयका प्रमुख सचिव भन्छन्- कानुन पालना गर्दिनँ भन्न पाइँदैन

गण्डकी प्रदेश भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयले रातो नम्बर प्लेटलाई पनि राइड सेयरिङ दिने गरी कानुन बनाएको थियो। गण्डकी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख सचिव शोभाकान्त पौडेलले सरकारले बनाएको कानुन यातायात व्यवसायीले मान्नैपर्ने बताए। ‘कानुनको पालना गर्दिनँ भन्न पाइँदैन, संसद्ले बनाएको कानुन कार्यान्वयन हुन्छ,’ उनले भने, ‘बनिसकेको कानुन कार्यान्वयन हुन्छ।’

व्ययसायीहरूले पर्यटक सवारीसाधनलाई समेत सञ्चालनमा अवरोध गरेपछि प्रहरीले स्कर्टिङ गरी पर्यटक सवार २५ वटा बसलाई पोखराबाट गन्तव्यमा पठाएको छ। जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख श्यामबाबु ओलियका अनुसार पोखरा- ७ राष्ट्रबैंक चोकस्थित पर्यटक बसपार्कबाट काठमाडौंका लागि छुटेका २२ र नारायणगढका लागि छुटेका तीन गरी २५ बसलाई गन्तव्यतर्फ जान नदिएर आन्दोलनमा उत्रेको व्यवसायीले अवरोध गरेका थिए।

बसमा सवार एक हजार यात्रुलाई जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेत नेतृत्वको टोली र सशस्त्र प्रहरी बल नेपाल नं. २४ हेडक्वार्टर कालिका गण मालेपाटनबाट सशस्त्र प्रहरी निरीक्षक रमेश कँडेलको नेतृत्वको टोलीले स्कर्टिङसहित बसहरू कास्कीको सिमानासम्म पुयाएको हो। त्यसपछि सम्बन्धित जिल्लालाई जिम्मा लगाएर पुनः स्कर्टिङ गरी गन्तव्यसम्म पठाएको ओलियाले जानकारी दिए।

■ यातायात व्यवस्था विभाग भन्छ- व्यवसायीको माग विभागले पूरा गर्न सक्दैन

यातायात व्यवस्था विभागका महानिर्देशक राजीव पोखरेलले यातायात व्यवसायीहरूको माग विभागले मात्रै पूरा गर्न नसक्ने बताए। उनका अनुसार अहिले यातायात व्यवसायीले दुईवटा मुख्य माग राखेका हुन्- पहिलो राइड सेयरिङविरुद्ध र अर्को यातायात व्यवसायीको संस्था दर्ता प्रक्रियाबारे। ‘यातायात व्यवसायीका माग हामीसँग मात्रै सम्बन्धित छैनन् यी समस्या समाधान गर्ने प्रदेश सरकार र जिल्ला प्रशासन हो,’ उनले भने, ‘हामीले उहाँहरूलाई यातायात अवरुद्ध नगर्नुस् भनेको मान्नुभएन, अब भोलि (सोमबार) वार्ता बस्ने तयारी छ, तर विभागले चाहेर पनि उनीहरूका माग पूरा गर्न सक्ने अवस्था छैन।’ उनका अनुसार यातायातका सबैखाले अधिकार प्रदेश सरकारलाई हस्तान्तरण भइसकेको छ। कानुन बनाउने, दर्ता गर्ने, अनुगमन गर्ने, अनुमति दिनेलगायत सबैखाले अधिकार प्रदेश सरकारको हो।

चिनियाँ सम्मानबाट ‘उत्साही’ बन्दै आज स्वदेश फर्किँदै पूर्वराष्ट्रपति भण्डारी

पर्शुराम काफ्ले, छेन्दु (चीन)

चीनको दशदिने भ्रमण सकेर पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी आज स्वदेश फर्किँदै छिन्। राजधानी बेइजिङ र गान्सुमा उच्चस्तरीय वार्ता तथा चिनियाँ कम्युनिस्ट पार्टीद्वारा आयोजित छिमेकी देशका राजनीतिक दलहरूसँगको संवाद र सभ्यतासँग सम्बन्धित कार्यक्रमलाई सम्बोधन गरेर उनी सिचुआन प्रान्तको छेन्दु हुँदै स्वदेश फर्किन लागेकी हुन्। चीनमा हरेक भेटवार्ता र सम्बोधनमा भण्डारीले एमाले नेता र भावी नेतृत्वको रूपमा आफूलाई उभ्याएकी छिन्।



शुक्रबार गान्सु प्रान्तमा चिनियाँ उपराष्ट्रपतिसँग अनौपचारिक साइडलाइन भेट गरेकी पूर्वराष्ट्रपति भण्डारीले अघिल्लो सोमबार बेइजिङमा चिनियाँ कम्युनिस्ट पार्टीको विदेश विभागका प्रमुख (मन्त्रीसरह ओहोदाका) लिउ जियान्चाओसँग औपचारिक भेटवार्ता गरेकी थिइन्। दशदिने औपचारिक भ्रमणमा भएका भेटवार्ता एवं छलफलबाट पूर्वराष्ट्रपति उत्साही भएकी छिन्। भ्रमण टोलीमा रहेका भण्डारीनिकट एमाले नेता एवं पूर्वमन्त्री कर्णबहादुर थापाले भ्रमण सफल र उपलब्धिमूलक भएको बताए। ‘नयाँ आधारमा नयाँ विश्वास र सम्बन्ध स्थापित भयो। समग्रमा यो भ्रमण उपलब्धिमूलक रह्यो। यसले दुई देशको सम्बन्धलाई महत्त्वपूर्ण योगदान पुऱ्याएको छ,’ थापाले नयाँ पत्रिकासँग भने।

पूर्वराष्ट्रपति भण्डारी चिनियाँ कम्युनिस्ट पार्टीको विदेश विभागको निमन्त्रणामा अघिल्लो शनिबार चीन आएकी हुन्। उनलाई चीन सरकार र चिनियाँ कम्युनिस्ट पार्टीले नेपालको वरिष्ठ नेताका रूपमा सम्मान र व्यवहार गरेको थियो। चीन सरकारले उनलाई सरकार प्रमुखसरहको सम्मान र सुरक्षा दिएको थियो।

■ नेपालको नेतृत्व लिन भण्डारीलाई चिनियाँ पक्षको शुभकामना

■ चीनसँग नयाँ आधारमा नयाँ विश्वासको सम्बन्ध स्थापित भयो : एमाले नेता कर्ण थापा

गान्सुको डुनहुवाङ सहरमा शुक्रबार आयोजित कार्यक्रमपछि चिनियाँ उपराष्ट्रपति झेङसँग भण्डारीको भेट भएको थियो। थापाका अनुसार उक्त भेट औपचारिक नभएर साइडलाइन थियो। ‘बेइजिङदेखि गान्सु प्रदेशसम्मका हरेक औपचारिक अनौपचारिक भेटमा पूर्वराष्ट्रपतिज्यूलाई सबैले नेपालको वरिष्ठ राष्ट्रिय नेता भन्दै सबैलाई मिलाएर लैजान सक्ने सर्वस्वीकार्य नेताका रूपमा व्याख्या भएको थियो,’ एमाले नेता थापाले भने, ‘उहाँले सबै नेताहरूसँग सहज र गम्भीर कुराकानी गर्नुभयो। देशलाई केन्द्रमा राखेर उहाँले गरेको कुराकानीबाट चिनियाँ पक्ष पनि प्रभावित भएको छ।’

■ नेपालको नेतृत्व लिन शुभकामना

चिनियाँ नेताहरूले भण्डारीसँग भेटमा कम्युनिस्ट शक्तिहरूलाई मिलाएर अघि बढ्न र नेपालको नेतृत्व लिन शुभकामना दिएका थिए। गान्सुमा चिनियाँ नेताहरूले नयाँ जिम्मेवारीका लागि भन्दै शुभकामना दिएका थिए। चिनियाँ कम्युनिस्ट पार्टी (सिपिसी)का केन्द्रीय सदस्य एवं गान्सु प्रान्तीय पार्टी उपप्रमुख तथा प्रान्तका गभर्नर रिन जेहेसँग पनि भण्डारीको भेटवार्ता भएको थियो।

भण्डारीले गत सोमबार बेइजिङमा सिपिसी अन्तर्राष्ट्रिय विभागका प्रमुख (मन्त्री) लिउ जियान्चाओसँग भेटवार्ता गरेकी थिइन्। सोमबारै उनले सिपिसी अन्तराष्ट्रिय विभागद्वारा आयोजित छिमेकी देशका राजनीतिक दलहरूसँग संवाद सम्मेलनलाई एमाले नेताका रूपमा सम्बोधन गरेकी थिइन्। गान्सु प्रान्तमा पनि पूर्वराष्ट्रपति भण्डारीसँग एमाले सचिव रघुवीर महासेठ, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी, एमाले नेता एवं पूर्वमन्त्री कर्णबहादुर थापा, एमाले सांसद देवी भट्टचन, एमाले नेतृ एवं पूर्वसांसद गोमा देवकोटालगायत सहभागी छन्।

■ बेइजिङ वार्ता महत्त्वपूर्ण

भण्डारीले चीन यात्राका क्रममा गत सोमबार चिनियाँ कम्युनिस्ट पार्टी (सिपिसी) अन्तर्राष्ट्रिय विभागका प्रमुख (मन्त्री) लिउ जियान्चाओसँग महत्त्वपूर्ण वार्ता गरेकी छिन्। बाँकी भेटवार्ताहरू त्यसकै निरन्तरता थिए। चिनियाँ नेता लिउले बैठकमा नेपालको राजनीतिक स्थिरताका लागि भण्डारीको अगुवाईमा वामपन्थी पार्टीहरूबिच सहकार्य र एकताका लागि प्रोत्साहित गरेका थिए। लिउले सिपिसीको नेपालमा कांग्रेसलगायत सबै पार्टीसँग सम्बन्ध रहेको र सहकार्य भइरहेको उल्लेख गर्दै राजनीतिक स्थिरताका लागि नेपालमा वाम पार्टीहरूबिच सहकार्य र एकता हुनुपर्ने बताएका थिए। उनले चिनियाँ राष्ट्रपति सी जिनपिङले समय अभाव र विदेशी सरकार प्रमुख तथा राष्ट्र प्रमुखसँग मात्रै उनले भेटवार्ता गर्ने प्रचलनका कारण भण्डारीको भेट हुन नसकेको बताएका थिए। लिउले राष्ट्रपतिको सम्झना सुनाएका थिए।

लिउले पूर्वराष्ट्रपति भण्डारीलाई पटक-पटक नेपालका वरिष्ठ नेता भनेर सम्बोधन गर्दै वामपन्थी पार्टीहरूबिच एकताका लागि नेतृत्वदायी भूमिका लिन सुझाव दिएका थिए। भण्डारीले पनि वामपन्थी एकता र सहकार्यका लागि प्रयास गरिरहेको र थप प्रयास हुने बताएकी थिइन्। भण्डारीलाई चिनियाँ पक्षले विश्वास गर्न सकिने शीर्ष नेताका रूपमा उभ्याएको पनि अर्थ लगाइएको छ। चिनियाँ नेता लिउले नेपालमा अहिलेको राजनीतिक पद्धतिलाई चीनले समर्थन गर्ने स्पष्ट पारेका थिए।

संक्षेप

देश छाडेर भाग्दैनौं, शरीरमा एक थोपा रगत भएसम्म लड्छौं : प्रधानमन्त्रीपत्नी शाक्य



भक्तपुर/ प्रधानमन्त्रीपत्नी राधिका शाक्यले आफूहरू देश छाडेर नभाग्ने र शरीरमा एक थोपा रगत भएसम्म देशकै लागि लड्ने बताएकी छिन्। ‘मध्यपुरथिमिमा जेसुम’ नामक पुस्तक लोकार्पण गर्दै उनले यस्तो बताएकी हुन्। केही समयअघि राजावादीहरूले ‘हेलिकोप्टरमा भाग्न तयारी रहनू’ भन्ने टिप्पणीप्रति लक्षित गर्दै उनले यस्तो बताएकी हुन्। कार्यक्रममा शाक्यले भनिन्, ‘प्रधानमन्त्री केपी ओलीले, हामीले यत्रो वर्ष देशका लागि आफ्नो सम्पूर्ण शक्ति खर्च गरिसकेका छौं। भागेर जान अरू कुनै देशमा सम्पत्ति थुपारेर राखेका छैनौं, हामी भाग्दैनौं, कतै जादैनौं पनि, एक थोपा रगत भएसम्म हामी देशका लागि लड्छौं।’ उनले अनुमति पाए आन्दोलनका नाममा सिंहदरबार र बालुवाटार घेर्न आउँछु भन्नेहरूका बिचमा उभिएर धेरै कुरा सोध्न मन लागेको बताइन्। उनले भनिन्, ‘बालुवाटार घेर्छु भन्नेहरूको अनुहार पनि हामीले देखेका छौं, चिनेका छौं, सारा जनताले देखेका छन्, चिनेका छन्।’ समाज परिवर्तनको संवाहक बन्दै समाजमा सकारात्मक सन्देश फैलाउने मुख्य उद्देश्यले सात वर्षदेखि विभिन्न साहित्यिक यात्रा सञ्चालन गर्दै आएको जेसुमको मध्यपुरथिमिमा भएको यात्राको स्मरण ‘मध्यपुरथिमिमा जेसुम’ पुस्तक आइतबार लोकार्पण गरिएको हो।

त्रिवि उपकुलपतिको कार्यालय तोडफोड गर्नेमाथि कारबाही प्रक्रिया अघि बढाइँदै

काठमाडौं/ त्रिभुवन विश्वविद्यालय (त्रिवि)का उपकुलपतिको कार्यालय तोडफोडमा संलग्नमाथि कारबाही प्रक्रिया अघि बढेको छ। त्रिभुवन विश्वविद्यालय रजिस्ट्रारको कार्यालय सूचना तथा जनसम्पर्क महाशाखाले १४ जेठ भएको घटनामा संलग्नहरूमाथि कारबाही अघि बढाएको हो। १४ जेठमा उपकुलपति सचिवालय तोडफोड गरिएको थियो। २०-२५ जनाको समूहले तोडफोड गरेको र त्यसमा संलग्न नेविसंघमा आबद्ध विद्यार्थी रहेको त्रिवि स्रोतले जनाएको छ। उनीहरूले स्नातक तहमा भर्ना समय थप गर्नुपर्ने भन्दै तोडफोड गरेका थिए। ‘केन्द्रीय पदाधिकारीहरूलाई भौतिक रूपमा आक्रमण गर्ने गरी फोनमार्फत धम्की दिने, सामाजिक सञ्जालको प्रयोग गरी पदाधिकारीको चरित्रहत्या गर्नेजस्ता कार्य गर्ने व्यक्तिहरूलाई कारबाही तथा भौतिक सम्पत्तिको हानि-नोक्सानीको क्षतिपूर्ति भराउन आवश्यक कानुनी प्रक्रिया अगाडि बढाइएको व्यहोरा जानकारी गराइन्छ,’ महाशाखाले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

अनेरास्ववियुमा ३२ वर्षे उमेर हद लागू हुँदै

काठमाडौं/ एमालेको विद्यार्थी संगठन अनेरास्ववियुको २४औं राष्ट्रिय महाधिवेशनमा ३२ वर्षे उमेर हद लागू हुने भएको छ। २५ देखि २८ जेठसम्म काठमाडौंमा आयोजना हुन लागेको महाधिवेशनमा ३२ वर्ष उमेरमुनिका विद्यार्थी मात्र अनेरास्ववियुको पदाधिकारी र केन्द्रीय सदस्यको उम्मेदवार बन्न पाउने गरी एमालेले निर्णय गरेको हो। ११ जेठको केन्द्रीय सचिवालय बैठकले गरेको उक्त निर्णय लागू गराउन जनसंगठन समन्वय संयन्त्र संयोजक भानुभक्त ढकाल, पार्टीको तर्फबाट तोकिएका अनेरास्ववियूका इन्चार्ज किशोरविक्रम मल्ल र अखिलका अध्यक्ष समिक बडालालाई महासचिव शंकर पोखरेलले निर्देशन दिएका छन्। आन्तरिक सर्कुलर पठाउँदै पोखरेलले अनेरास्ववियुबाहेकका अन्य विद्यार्थी संगठनले विद्यार्थी नेता हुन उमेरहद तोकिसकेको र स्ववियू सभापति हुनसमेत २८ वर्षे उमेर हद लागू भइसकेकाले पार्टीले उमेरहदको निर्णय लिनुपरेको बताए। कांग्रेस भातृसंगठन नेविसंघ र माओवादीको भ्रातृ संगठन अनेरास्ववियु क्रान्तिकारीमा यसअघि नै उमेरहद लागू भइसकेको छ।

सरकारकै कारण राजावादीले टाउको उठाए : प्रचण्ड

काठमाडौं/ माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले सरकारकै कारण राजावादीहरूले टाउको उठाएको दाबी गरेका छन्। वाइसिएलको तेस्रो राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्दै उनले यथास्थितिवाद र प्रतिगमनका विरुद्ध संघर्ष गर्दै माओवादी अगाडि बढ्ने बताए। उनले भने, ‘अहिलेको सरकार र त्यसको नेतृत्ववालाहरूले यथास्थितिवादी धारको प्रतिनिधित्व गर्नुहुन्छ। उहाँहरू परिवर्तन र प्रगति होइन, जनतालाई अधिकार अझ थप्ने पक्षमा होइन, पाएको अधिकार पनि खोस्ने लाइनमा हुनुहुन्छ र उहाँहरूको यही गतिविधिका कारण प्रतिगामी र निरंकुशतावादी तत्त्वहरूले फाइदा उठाएर धमिलो पानीमा माछा मार्ने जमर्को गरेको छ। हामी त्यसविरुद्ध बलियो जवाफ दिँदै आएका छौं। र, आउने दिनमा पनि दिनु नै पर्नेछ।’

संविधानको रक्षाको पक्षमा उभिनेसँग कहीं न कहीं कार्यगत एकता वा कुनै न कुनै किसिमको



तालमेल हुन सक्ने सम्भावना पनि उनले औंल्याए। सरकारले भ्रष्टाचारीलाई बचाउने, कुशासन कायम गर्ने, इमान्दारहरूलाई कारबाही गर्ने गरेबाट प्रतिगमनले टाउको उठाउने मौका पाएको भन्दै प्रचण्डले यथास्थितिवादलाई वैचारिक, राजनीतिक कहीं कतै छुट दिन नसकिने स्पष्ट पारे।

सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धिको लडाइँ माओवादीले लडेको हुनाले भ्रष्टाचार गर्ने र भ्रष्टाचारविरुद्ध लड्ने एउटै हुन भन्ने भाष्य बनाउन खोजिएको त्यसको खण्डन गर्न निर्देशन दिए।

राजावादीले हत्या, हिंसा, लुटपाट, आगजनीको चरित्र देखाउँदा पनि त्यसको प्रतिवाद अरूले गर्न नसक्ने प्रचण्डले दाबी गरे। सरकारको कुनै हैसियत नै नभएको उनले जिकिर गरे। ‘राजावादीले हत्या, हिंसा, लुटपाट, आगजनीको चरित्र देखाए। त्यसको प्रतिवाद अरुले गर्दैनन्। यो सरकारको त केही हैसियत छैन। यसको इच्छा शक्ति पनि छैन। गफ हाकेबाहेक केही नै छैन। त्यसकारण यो जिम्मेवारी लिने हामीले नै हो, ’ प्रचण्डले भने। जरुरी परे जस्तो सुकै विद्रोह पनि गर्न तयार रहेको उनले बताए।

प्रत्यक्षसरह समानुपातिकलाई बजेट दिन महिला सांसदको माग

धनगढीमा **तेजराज भट्ट**

सुदूरपश्चिम प्रदेश सभाका महिला सांसदले समानुपातिक सांसदलाई पनि प्रत्यक्ष निर्वाचित सांसदसरहनै बजेट दिन माग गरेका छन्। महिलालक्षित कार्यक्रम र बजेट वृद्धि गर्न माग गर्दै मुख्यमन्त्री कमलबहादुर शाहलाई ज्ञापनपत्र बुझाउने क्रममा उनीहरूले सांसदलाई दिइने बजेटमा विभेद नगर्न ध्यानाकर्षण गराएका हुन्।

महिलाका कार्यक्रम र बजेटको सवालमा संसदीय महिला समन्वय समितिले मुख्यमन्त्री शाहलाई ज्ञापनपत्र बुझाएको हो। समितिकी संयोजक सन्तोषकुमारी थापा शर्माले प्रत्यक्ष र समानुपातिक सांसदलाई सरकारले कसरी बजेट दिने भन्नेबारे छलफल भइरहेको आफूले सुनेको उल्लेख गर्दै बजेटमा विभेद नगर्न मुख्यमन्त्रीलाई आग्रह गरिन्।

‘प्रत्यक्षलाई दिइसकेपछि समानुपातिकमा सल्लाह गर्छौं भन्ने कुरा आएको छ,’ उनले भनिन्, ‘यो हाम्रा लागि अलिकति असह्य त नभनौं, यहाँको ध्यानाकर्षण गराउन चाहन्छौं।’ एमाले संसदीय दलका उपनेतासमेत रहेकी उनले समानुपातिक र प्रत्यक्ष सांसदलाई बजेटमा एउटै व्यवहार गर्न आग्रह गरेको बताइन्।

ज्ञापनपत्र बुझाउनुअघि महिला सांसदहरूबिच भएको छलफलमा सांसदहरूले बजेटमा हुने विभेदविरुद्ध एकजुट भएर जानुपर्ने धारणा राखेका थिए। सांसद तुलसी देवकोटाले बजेटमा विभेद नगर्नेबारे आफूहरूले दलभित्र पनि छलफल गरिरहेको बताइन्। समानुपातिक सांसद पनि निर्वाचित भएरै आउने भएकाले बजेटमा विभेद गर्नुहुँदैन भन्नेमा प्रदेश सभाका सबै १८ जना महिला सांसद एकमत



रहेको उनले बताइन्। ‘यसपटक महिला सांसदहरू एकजुट छौं। बजेट विनियोजन तथा महिला र बालबालिकाका मुद्दामा समान धारणा बनाएर जाने सहमति भएको छ,’ देवकोटाले भनिन्, ‘हामीले दलभित्र पनि यसबारे छलफल गरिरहेका छौं।’ कांग्रेस सांसद उनी संसद्को विशेषाधिकार समितिका सभापति हुन्।

प्रदेश सरकारले गत वर्षको बजेटमा प्रत्यक्ष निर्वाचित सांसदलाई चार करोड र समानुपातिक सांसदलाई दुई करोड रुपैयाँ बजेट छुट्याएको थियो। संघमा जस्तै प्रदेशमा पनि निर्वाचन क्षेत्र विकास कार्यक्रमअन्तर्गत सांसदका लागि बजेट विनियोजन हुँदै आएको थियो। सर्वोच्च अदालतले प्रतिनिधिसभाको निर्वाचन क्षेत्र विकास कार्यक्रम खारेज गरेपछि प्रदेशमा गत वर्षबाट रकम तोकेर सांसदलाई योजना माग्ने गरिएको छ।

सांसदलाई खुसी पार्न उनीहरूले सिफारिस गरेका योजना राख्ने गरी सुदूरपश्चिममा गत वर्ष प्रत्यक्ष सांसदलाई चार करोड र समानुपातिकलाई दुई करोड विनियोजन गरिएको थियो। यसपालि प्रत्यक्ष निर्वाचित सांसदले बजेट बढाउन ‘लबिङ’ गरिरहेका छन्।

५३ सदस्यीय सुदूरपश्चिम प्रदेश सभामा ३२ जना प्रत्यक्ष र २१ जना समानुपातिक प्रणालीबाट निर्वाचित सांसद छन्। समानुपातिकमध्ये १८ जना महिला सांसद हुन्। पूर्वमुख्यमन्त्री एवं एमाले संसदीय

> संसदीय महिला समन्वय समिति संयोजक **सन्तोषकुमारी थापा शर्मा** भन्छिन्–
>
> प्रत्यक्षलाई दिइसकेपछि समानुपातिकमा सल्लाह गर्छौं भन्ने कुरा आएको छ। यो हाम्रा लागि अलिकति असह्य त नभनौं, ध्यानाकर्षण गराउन चाहन्छौं।

दलका नेता राजेन्द्रसिंह रावलसहित तीन पुरुष सांसद समानुपातिकबाट निर्वाचित छन्।

‘संविधानले नै छुट्याएको प्रणालीबाट आएका हौं। हाम्रो सेवासुविधा एकै छ, तर बजेटमा किन विभेद, कि संविधान मान्दैनौं भन्नुपऱ्यो,’ पूर्वमन्त्री एवं माओवादी सांसद लक्ष्मी विकले भनिन्, ‘सरकारको यो विभेदविरुद्ध हामी सबै पार्टीका महिलाहरू एकजुट छौं।’ बजेटमा विभेद नहोस् भनेर मुख्यमन्त्रीको ध्यानाकर्षण गराइएको उनले बताइन्। गत वर्ष समानुपातिकलाई छुट्याइएको दुई करोडमा पनि सरकारले योजनाहरू कटौती गरिदिएको महिला सांसदको गुनासो छ।

मुख्यमन्त्री शाहले भने सांसदलाई सरकारले विभेद नगरेको बताए। संसदीय महिला समन्वय समितिले बुझाएको ज्ञापनपत्रमा महिलालक्षित कार्यक्रमको बजेट वृद्धि गर्न, प्रत्येक स्थानीय तहमा महिला सहायता कक्ष स्थापना गर्न, मातृ तथा प्रजनन स्वास्थ्य सेवा विस्तार गर्न, महिलालक्षित व्यावसायिक र प्राविधिक शिक्षा विस्तार गर्न माग गरिएको छ। समानुपातिक र प्रत्यक्ष सांसदलाई दिइने बजेटमा विभेद हुन नहुने विषय भने ज्ञापनपत्रमा राखिएको छैन।

नेपाली राजनीतिमा 'म्याड्रेस' रोग

विरोधीलाई नक्कली मुद्दा लगाएर दमन गर्नु पञ्चायती रोग हो। गणतन्त्रकालीन सरकारलाई पनि पञ्चायतको रोग लागेको छ।



● बलराम केसी

अग्रलेख

वकालतलाई अंग्रेजीमा 'एडभोकेसी' र भाषणलाई 'एड्रेस' भनिन्छ। वकालतमा मुद्दाबाहिरको कुरालाई 'म्याडभोकेसी' भनिन्छ भने विषयबाहिरको भाषणलाई 'म्याड्रेस' भनिन्छ। स्रोतालाई आफ्नो विचार र धारणा सुनाउने कार्य 'एड्रेस' हो। एड्रेसमा गाली गरिँदैन, अपशब्द बोलिँदैन र भ्रम फैलाइँदैन। भाषण नेताले गर्छ। नेता सभ्य हुन्छ, झुटो बोल्दैन। झुटो बोल्ने र असभ्य व्यक्ति नेता हुनै सक्दैन। राम्रो एड्रेस गर्ने नेतामा भारतका दिवंगत अटल बिहारी बाजपेयी, अमेरिकाका बिल क्लिन्टन र बाराक ओबामा आदिलाई उल्लेख्य मानिन्छ।

'काठमाडौं कब्जा' गर्नु भन्नु, राजाका समर्थक किन मरेनन् भन्नु, भारत-पाक युद्धविराम गराएँ भन्नु, एमालेविनाको नेपाल हुँदैन भन्नु म्याड्रेसका उदाहरण हुन्। भारतमा कुनै वेला 'इन्डिया इज इन्दिरा, इन्दिरा इज इन्डिया'को म्याड्रेस सुनिन्थ्यो। त्यही घमन्डले संकटकाल लगाइयो। विपक्षीलाई हेपियो। दुई सिटको जनता दल आज भाजपा नामको ठुलो दल बनेको छ र 'इन्डिया इज इन्दिरा, इन्दिरा इज इन्डिया'का म्याड्रेसको कारण कंग्रेसलाई संसद्मा विपक्षी दलको मान्यता पाउन पनि धौधौ परेको छ। लिबियाका गद्दाफी अमेरिकालाई गाली गरेर म्याड्रेस गर्नेमा नाम कहलिएका थिए। म्याड्रेस गर्ने व्यक्ति कहिल्यै नेता बन्दैन।

भारत-पाक युद्धविराम प्रधानमन्त्रीले गराएको रे भन्ने सुनियो। हो भने राम्रै हो। होइन, भने अन्तर्राष्ट्रिय जगतले 'फटाहा' भन्नेछ। युद्धविराम ट्रम्प, उनका उपराष्ट्रपति, विदेशमन्त्री तथा साउदी अरेयिबा, कतार र युएईको भूमिकाबाट गराइएको हो। यसमा नेपालका प्रधानमन्त्री कहाँबाट घुस्नुभयो, थाहा भएन। प्रधानमन्त्रीले गराएको भनेर नेपालको मिडियाले पनि भनेका चाहिँ छैनन्।

'काठमाडौं कब्जा गर्ने' प्रधानमन्त्रीको आदेश आपत्तिजनक छ। राजधानी कब्जा गर भन्ने प्रधानमन्त्री पदमा बस्न सुहाउँदैन। सरकारमा सार्वभौमसत्ता हुने हुनाले देशको भुभाग सदा सरकारको नियन्त्रणमा हुनुपर्छ। तीन घण्टा कार्यकर्तालाई कब्जा गर्न दिनु भनेको तीन घण्टा सार्वभौमसत्ता कार्यकर्तालाई बुझाउनु हो। रवीन्द्र मिश्रलगायत सयौँलाई 'एयरपोर्ट कब्जा गर्ने आह्वान' गरेको झुटा आरोपमा राज्यविरुद्धको अपराधलगायत अन्य चार अपराधमा मुद्दा चलाइयो। तर, प्रधानमन्त्रीले तीन घण्टा काठमाडौं कब्जा गराउँदा किन छुट ? यिनै कारणले सगरमाथा संवाद विदेशी राष्ट्रप्रमुखले बहिष्कार गरेका हुन्। अब अमेरिका र इयूले गृहमन्त्री र प्रधानमन्त्रीलाई अमेरिका प्रवेशमा रोक लगाए भने के गर्ने ?

यो सरकार सातबुँदेको उत्पत्ति हो। सरकार बन्न सकेन र पुनः अर्को चुनावमा जान पनि नसक्ने अवस्था छ भने मात्र बाध्यतावश दुई ठुला दलले सरकार बनाउने हो। यस्तो अवस्थामा पनि संविधानवाद र प्रजातन्त्रको मूल्य-मान्यताको लक्ष्मणरेखा नाघ्न पाइँदैन। पाठक वर्गले बुझौँ, प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीका लागि संविधान संशोधन गर्न लागिएको छ। दुई ठुला दलको सरकार जो एउटाले समर्थन झिक्ला भनेर त्रसित छ। यस्तो सरकार बेलगामको घोडा बन्छ भने प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री कस्तो तानाशाही होलान् ? भन्न सकिन्छ, त्यतिवेला अदुअआ, निर्वाचन आयोग र सर्वोच्च अदालतको अवस्था के होला ?

सायद राजनीतिक प्रश्न भन्ने ठानेर होला, सर्वोच्च अदालतले वर्तमान सरकार गठनविरुद्धको रिटलाई संवैधानिक इजलासमा पठाएर संविधानको व्याख्या गर्नु आवश्यक ठानेन। संवैधानिक इजलासबाट धारा ७६ को पूर्ण व्याख्या हुन पाएन। रवीन्द्र मिश्रलगायत आस्थाका बन्दीलाई राज्यविरुद्धको अपराधमा मुद्दा चलाउने हिम्मत सातबुँदे सम्झौताको 'बाइप्रोडक्ट' बेलगामको वर्तमान सरकारले गरेको छ। सातबुँदेलाई ०८४ सम्मको स्थायित्व, सुशासन र विकास निर्माणमा होइन, म्याड्रेस र राजनीतिक प्रतिद्वन्द्वी सिध्याउने काममा प्रयोग गरिँदै छ।

तीनकुने घटनाका अभियुक्तले स्वतन्त्रताको हक प्रयोग गरेका हुन्, अपराध गरेका होइनन्। जुलुस निकालिएको हो। हत्या गर्न, धनसम्पत्ति लुट्न जुलुस निकालिएको होइन। जुलुस दिनमा निकालिन्छ। मिडियासामु गरिन्छ। बढीसेबढी सहभागिता आह्वान गरिन्छ। विज्ञापन नै गरेर जुलुस निकालिन्छ।

तीनकुने घटनामा अपराधको कुनै 'एलिमेन्ट' थिएन। ऐनको शीर्षक र कडा सजाय देखेर मुद्दा चलाइएको छ। तीनकुने घटनामा राज्यविरुद्धको अपराध, ज्यान, संगठित अपराधमा मुद्दा चलाइनु 'मलिसियस प्रोसिक्युसन' हो। यो घटनाले पाकिस्तानका राष्ट्रपति जुल्फिकर अलि भुट्टो र प्रधानमन्त्री इमरान खानलाई सम्झाउँछ। भुट्टोलाई प्रहरी इन्स्पेक्टर एकजना मात्रलाई साक्षी खडा गरेर देशद्रोहमा झुन्ड्याइएको थियो। इमरान खानलाई विदेशबाट पाएको उपहार भ्रष्टाचार हो भनेर मुद्दा चलाइयो। हाम्रोमा राप्रपा र रास्वपा आगामी चुनावमा खतरा बन्न सक्ने देखेर ०८४ को चुनावमा प्रतिस्पर्धा गर्न नपाऊन् भनेर मुद्दा चलाइएको हो भन्नेमा अब शंका रहेन।

सातबुँदेले प्रजातन्त्र मारिएको छ, स्वतन्त्रता खतरामा छ। सरकारले नागरिकको स्वन्त्रता र मानव अधिकार उल्लंघन गरिरहेको छ। धारा १७ स्वतन्त्रताको पुनीत हक हो। सन् १७५३ को बेलायतको प्रधानमन्त्री विलियम पिटले स्वतन्त्रता भनेको 'म गरिब छु। मेरो घरको छाना छैन। झ्यालढोका छैन। गारो मात्र छ। घाम, पानी, हिउँ र हावाहुरी र जाडो छिर्छ। चोर पस्छ, पसोस्। तर म बेलायतको स्वतन्त्र नागरिक भएकाले मेरो घरमा पुलिस पस्न पाउँदैन। त्यसैले, विनाअपराध कसैलाई पक्रन पाइँदैन' भन्नुभएको थियो। अमेरिकामा १९६२ देखि 'मिरान वार्निङ' विकास गरिएको छ। 'मिरान वार्निङ'का चार अवस्था सुनाएर सही गराएर मात्रै अनुसन्धान अघि बढाउन सकिन्छ। हाम्रोमा यो कुरा 'भालुलाई पुराण सुनाउनु'सरह हुन्छ। रवि लामिछानेलाई मध्य रातमा जेल स्थानान्तरण गरियो। अन्तिम इच्छा के छ भनेर सोधियो। राप्रपाका दुईजना कार्यकर्तालाई एउटै हतकडी लगाएर बेइज्जत गरियो। नेपालीले दुई कुरा बुझ्नुपर्छ। बाघ पाल्नेले अर्कोलाई मात्र होइन, आफैँलाई पनि खान्छ। सर्प पाल्नेले छिमेकीलाई मात्र होइन आफूलाई पनि टोक्न सक्छ भन्ने बुझ्नुपर्‍यो।

सरकारमा प्रजातान्त्रिक या तानाशाही संस्कार हुन सक्छ। प्रजातान्त्रिक संस्कार भएको कार्यकारीले आफ्नो अधिकारलाई विकास, सुशासन र मानव अधिकार संरक्षणमा प्रयोग गर्छ। तानाशाही संस्कारकाले सुशासन होइन, कुशासन गर्छ। विपक्षी दल र विपक्षी हुन सक्ने दललाई सिध्याउन सबै हथकन्डा प्रयोग गर्छ। प्रहरी प्रशासन र प्रोसिक्युसन प्रयोग गरी विरोधीलाई नक्कली मुद्दा लगाएर दमन गर्छ। विरोधीलाई नक्कली मुद्दा लगाएर दमन गर्नु पञ्चायती रोग हो। गणतन्त्रको सरकारलाई पनि पञ्चायतको रोग लागेको छ। पञ्चायतकालमा जस्तै राजावादीविरुद्ध ऐनको शीर्षक र धेरै सजाय हुने दफा हेरेर मुद्दा चलाइयो, ऐनको उद्देश्य हेरिएन। प्रहरी र प्रोसिक्युसन सर्भिस सरकारको नियन्त्रणमा छ। सरकारको आदेश नमान्ने हो भने ऊ आफैँ कारबाहीमा पर्छ। कुलमान घिसिङ यसका उदाहरण हुन्। प्रोसिक्युसन संयुक्त राष्ट्रसंघको अभियोजनसम्बन्धी आधारभूत अन्तर्राष्ट्रिय मापदण्ड र सिद्धान्तअनुकूल छैन। कुनै दिन आजको जस्तो घटना हुन सक्ने देखेर लेखक र न्यायमूर्ति भरतराज उप्रेतीको इजलासले अधिवक्ता ज्योति लम्साल निवेदकको ०६६ सालको रिट नं.६६३ को मुद्दामा १५ मंसिर, ०६७ मा तीन वर्षको समय दिएर डन्डा चलाएर शान्तिसुरक्षा कायम गर्ने प्रहरीबाट अनुसन्धान हुनुहुँदैन, अनुसन्धानका लागि छुट्टै निष्पक्ष र तटस्थ अनुसन्धान प्रहरी संगठन गठन गर्नु भनेर परमादेश दिएको थियो। १५ वर्ष भयो, आदेश कार्यान्वयन भएको छैन। सरकारवादी मुद्दा चलाउने या नचलाउने भनेर निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई छ। महान्यायाधिवक्ता सरकारको आदेश मान्ने राजनीतिक नियुक्ति लिएको व्यक्ति हो। विरोधीलाई नक्कली मुद्दा लगाएर फसाउन महान्यायाधिवक्ताको अधिकार सरकारलाई वरदान बन्छ। बेलायतको जस्तै निष्पक्ष र तटस्थ 'डाइरेक्टर अफ पब्लिक प्रोसिक्युसन' गठन गरेर महान्यायाधिवक्ताको अधिकार निर्देशकमा राख्नुपर्छ भन्ने पनि परमादेश दिइएको थियो। त्यो पनि कार्यान्वयन भएको छैन। कार्यान्वयन भएको भए सायद रवि लामिछाने र तीनकुने घटनाका आरोपीले नक्कली मुद्दा खेप्नुपर्ने थिएन।

तीनकुने घटनामा अपराधको कुनै 'एलिमेन्ट' थिएन। ऐनको शीर्षक र कडा सजाय देखेर मुद्दा चलाइएको छ। तीनकुने घटनामा राज्यविरुद्धको अपराध, ज्यान, संगठित अपराधमा मुद्दा चलाइनु 'मलिसियस प्रोसिक्युसन' हो।

अन्त्यमा, स्वार्थी नेता र फोहोरी राजनीतिका कारण फौजदारी न्यायप्रणालीमा सुधारको आश गर्न नसकिए पनि सर्वोच्च अदालतबाट सुधारको आश गर्न सकिन्छ। धारा १३३(२)को अधिकार न्यायिक सक्रियताको अधिकार हो। यसको सीमा 'स्काई इज द लिमिट' हुन्छ। यही धाराअन्तर्गत सर्वोच्च अदालतले 'डक्ट्रिन अफ अनइनुमरेटेड ह्युमन राइट'अन्तर्गत मानव अधिकारको विकास गर्दै जानुपर्छ। उपर्युक्त मुद्दामा सर्वोच्च अदालतबाट सके परमादेश नसके 'अबिटर डिक्टा' बाटै भए पनि सुधार हुनुपर्छ।

(क) बेलायतमा जस्तो अभियोगपत्र अगाडि बढाउन अनुसन्धानले न्यूनतम प्रमाण संकलन गरेको छ कि छैन भनेर जाँच्न 'एग्जामिनी' मजिस्टेट'को व्यवस्था हुनुपर्छ।

(ख) राज्यविरुद्धको अपराधमा अनुसन्धानका लागि ६० दिन हिरासतमा राख्न सकिन्छ। एक व्यक्तिउपर एउटै अपराधमा १० जिल्लामा जाहेरी दरखास्त पर्‍यो भने पालैपालो १० जिल्लामा ६०० दिन ऊ हिरासतमा रहनुपर्ने अवस्थामा सुधारका लागि सर्वोच्च अदालतले 'अबिटर डिक्टा'बाट भए पनि बोल्न सक्नुपर्छ।

(ग) फौजदारी कार्यविधि ऐनको दफा ६७ मुलुकी ऐनको ११८(२) हो। भारतमा यस्तै दफाको 'हुस्सेनारा'को मुद्दामा राम्रो व्याख्या भएको छ। हाम्रोमा भने हुन सकेको छैन। ६७ नं. को प्रयोग हुँदा जिल्ला अदालतले धरौटीमा छाड्यो। सरकारको ७३ नं. अन्तर्गत 'करेक्सनल जुरिक्डिक्सन'अन्तर्गत निवेदन पर्‍यो। टुंगिन ६ महिना लाग्यो। ६ महिनामा अभियुक्तले भाग्ने, लुक्ने, प्रमाणमा हस्तक्षेप गर्ने, पीडितलाई थर्काउने, भड्काउने लगायत न्यायसम्पादनमा बाधा दिएको छैन भने पुनः हिरासतमा नराख्न पनि सकिन्छ। तर, यो सुझाव ज्यान, बलात्कार, मानव बेचबिखन, भ्रष्टाचार, लागुऔषधजस्ता गम्भीर परम्परागत घृणित अपराधका लागि गरिएको होइन। सुझाव राजनीतिक प्रतिशोधका लागि राज्य नै लागेर नक्कली मुद्दा चलाइने प्रकृतिको मुद्दाका लागि गरिएको हो।

(घ) बन्दी प्रत्यक्षीकरणको निवेदनमा रवि लामिछाने प्रकरणमा 'हेडलाइन न्युज' बन्यो। सबैमा सम्भव हुँदैन बन्दी प्रत्यक्षीकरणजस्तो संवेदनशील मुद्दामा इजलास गठन गर्नुअगाडि प्रशासनले स्वार्थ नबाझिने न्यायाधीशहरू बुझेर पेसी तोक्दा न्यायसम्पादनमा हस्तक्षप भएको मानिँदैन।

आश गरौँ, सर्वोच्च अदालतबाट बेलगाम सरकारमाथि नियन्त्रण हुनेछ।

(केसी सर्वोच्च अदालतका पूर्वन्यायाधीश हुन्)



---

३ प्रश्न

राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष **प्राडा गोविन्दराज पोखरेललाई**



आगामी आवको बजेट समग्रमा कस्तो आयो ?

समग्रमा बजेट ठिकै आयो। निजी क्षेत्रलाई उत्साहित गर्नेगरी सुधारका कार्यक्रमहरू आएका छन्। यसले निजी क्षेत्रको मनोबल उकास्ने काम गरेको छ। यसले सुस्ताएको अर्थतन्त्रलाई चलायमान गराउन सक्छ।

विकास निर्माणमा भन्दा साँवा र ब्याज भुक्तानीमा बढी बजेट विनियोजन गर्नुपर्ने अवस्थाले के संकेत गर्छ ?

विकास निर्माणमा भन्दा साँवा र ब्याज भुक्तानीमा बढी बजेट विनियोजन गर्नुपर्ने अवस्था आउनुले हामीले फजुल खर्च घटाउन सकिरहेका छैनौँ भन्ने देखाउँछ। हाम्रो राजस्वले सार्वजनिक खर्चसमेत थेग्न नसक्ने अवस्था आउँदा यो असन्तुलन झनै बढ्छ। बढी राजस्व उठाउने नाममा करको दर बढाइयो भने त्यसबाट राजस्व बढ्दैन, करछलीचाहिँ बढ्छ। करको दर कम गरेर सुशासन कायम गर्न सकियो भने मात्र राजस्व बढ्छ। तर, यसतर्फ बजेटको ध्यान गएको देखिन्न।

यस्तो असन्तुलनमा सुधार ल्याउन के गर्नुपर्ला ?

यसमा सुधार ल्याउने मुख्य उपाय भनेको फजुल खर्चमा निर्मम कटौती र राजस्वको वृद्धि नै हो। यसका लागि प्रशासनिक सुधारदेखि धेरैतिर एकसाथ खर्च कटौतीका उपाय या बाटाहरू खोजी गर्नु जरुरी छ। अनावश्यक कार्यालय र अनावश्यक नियुक्तिहरूका कारण फजुल खर्च बढ्ने हुनाले त्यसमा पनि तत्काल सुधार गर्नुपर्छ। यसका लागि तीनै तहका सरकारले मिलेर काम गर्नुपर्छ। साथै, प्रतिफल दिने आयोजना छनोट गरी तिनमा मात्र लगानी गर्नुपर्छ। खर्च गरिसकेपछि उत्पादन दिने ठाउँमा मात्र लगानी गर्नुपर्छ। यसका लागि अनुत्पादक क्षेत्रमा हुने विकास खर्च रोकिनुपर्छ। दिनमा ५-७ गाडी चल्ने सडक, सातामा एक-दुई उडान हुने विमानस्थलको के काम ?

प्रेरक प्रसंग

प्राध्यापक र शिष्य

रविन कक्षामा शान्त रहन्थे। उनी अरूसँग यसै कुराकानी गर्दैनथे। उनका धेरै साथी पनि थिएनन्। जहिल्यै दुःखी देखिन्थे।

एक दिन उनी कक्षामा पढिरहेका थिए। उनलाई शान्त देखेर प्राध्यापकले कक्षापछि आफूलाई भेट्न भने। रविन प्राध्यापकको कक्षमा पुगे। प्राध्यापकले भने- रविन, म तिमीलाई प्रायः शान्त र चिन्तितजस्तो देख्छु। हाँसखेल गरेको र साथीहरूसित कुराकानी गरेको पनि देख्दिनँ। यसको कारण के हो ?

रविनले भने- सर, मेरो विगत निकै खराब छ। मेरो जीवन दुःखदायी घटनाले भरिएको छ। म तिनैका बारेमा सोचेर चिन्तित हुने गर्छु। प्राध्यापकले ध्यानपूर्वक रविनका कुरा सुने र आउँदो आइतबार आफ्नो घरमा आमन्त्रित गरे। रविन निर्धारित समयमै प्राध्यापकको घर पुगे। एकैछिनको भलाकुसारीपछि प्राध्यापकले सोधे- रविन तिमी सर्बत पिउँछौ ? रविनले स्वीकृतिमा टाउको हल्लाए। सर्बत बनाउँदै गर्दा प्राध्यापकले जानाजान चिनी निकै कम र नुन अलि बढी नै हालिदिए। एक घुट्को सर्बत पिउनासाथ अनौठो स्वादले गर्दा रविनले मुख बिगारे। उनलाई ध्यानपूर्वक हेरिरहेका प्राध्यापकले प्रश्न गरे- के भयो ? सर्बत मन परेन ? रविनले भने- नुन अलि बढी परेछ, सर! उनले आफ्नो भनाइ राम्ररी पूरा गर्न नपाउँदै प्राध्यापकले भने- बर्बादै भएछ। म यसलाई फ्याँकेर अर्को सर्बत बनाइदिन्छु, पर्ख है !

प्राध्यापकले गिलास उठाउन लाग्दा उनलाई रोक्दै रविनले भने- केही छैन सर, नुन थोरै बढी भयो त के भयो ? यसमा थोरै चिनी थपिदिए त यसको स्वाद ठिक भइहाल्छ नि !

प्राध्यापकले हाँस्दै भने- हो, मैले तिमीबाट यही जवाफ सुन्न चाहेको थिएँ, रविन ! यसलाई आफ्नो जीवनसित तुलना गरी हेर त। सर्बतमा नुन धेरै हुनु हाम्रो जीवनमा खराब अनुभव हुनुजस्तै हो। अब मिठो बनाउन जसरी हामी यसबाट नुन निकाल्न सक्दैनौँ ठिक त्यसैगरी हामी दुःखद घटनालाई जीवनबाट हटाउन सक्दैनौँ। तर, जसरी थोरै चिनी थपेर सर्बतलाई मिठो बनाउन सकिन्छ, त्यसैगरी पुराना तिता अनुभव मेटाउन जीवनमा राम्रा अनुभवबाट मिठास घोल्नुपर्छ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

फेवाताल कसैले मिच्न नपाओस्

फेवातालको क्षेत्रफल १२ हजार ४ सय ३६ रोपनी कायम हुने गरी नयाँ नक्सांकनसहितको क्षेत्रफल निर्धारण भएको समाचार सुन्दा खुसी लाग्यो। फेवाताल मानवीय अतिक्रमणको चपेटामा पर्दा यसअघि निकै साँघुरिएको थियो। आसपास मानिसका आवासीय घर र व्यवसायीका होटेल, लज, रेस्टुरेन्ट, रिसोर्ट आदि निर्माणका कारण फेवातालको क्षेत्रफल निकै घट्दा पनि सरोकारवाला निकायले यसअघि खासै चासो नदिँदा ताल फुक्न सकेको थिएन। पोखराको मात्र नभई सिंगो पर्यटन प्रवर्द्धनको 'लाइफलाइन' भन्दा खासै फरक नपर्ने फेवातालको जमिन अबका दिनमा फेरि कसैले मिच्न नपाओस्। फेवाताले झनै बढीभन्दा बढी पर्यटकलाई आकर्षित गरिरहोस्।

● **सुमना नगरकोटी**, गल्कोपाखा, काठमाडौं

खर्च नघटाउने सरकार ?

सरकारले हालै सार्वजनिक गरेको बजेट हेर्दा देशको कुल विकास बजेटभन्दा त ऋणको साँवा र ब्याज भुक्तानीमै बढी बजेट विनियोजन भएको देखिन्छ। यसरी विकास बजेटभन्दा पनि बढी रकम साँवा र ब्याज भुक्तानीमै खर्च हुने भएपछि देशको विकास कसरी होला ? यहाँ तोकिएको विकास बजेट पनि समयमै खर्च नभएर 'फ्रिज' हुने गरेको छ। यस्तो अवस्थामा पनि सरकारले फजुल खर्च घटाउनेतर्फ चासो नदिएको देख्दाचाहिँ दुःख लाग्छ।

● **चाँदनी सम्बाहाम्फे**
नागपोखरी, काठमाडौं

कारबाही गर सरकार !

विद्युतीय सवारी आयातमा एक वर्षमै पौने चार अर्ब करछलीसम्बन्धी समाचार नयाँ पत्रिकामा पढियो। समाचार पढ्दै गर्दा यस छलीमा निजी क्षेत्र त यसै संलग्न भइ नै हाल्यो, साथमा जिम्मेवार सरकारी कर्मचारीले पनि यसमा सघाएको हुन सक्ने सम्भावना देखिन्छ। त्यसैले, सरकारले तत्काल यस विषयमा गम्भीर र इमानदार छानबिन गर्न जरुरी छ। छानबिनपछि कोही दोषी देखिएमा तिनलाई प्रचलित कानुनअनुसार कडाभन्दा कडा कारबाही गर्न सक्नुपर्छ।

● **अक्रुर पाठक**
कपन, काठमाडौं

गगन-शेखर भेटको संकेत

११ महिनापछि गगन-शेखर एउटै टेबुलमा बसेर छलफल गरिरहेको तस्बिर सार्वजनिक हुँदा कांग्रेस राजनीतिमा एकप्रकारको तरंग आएको छ। भेटमा के-के कुरा भए भन्ने सार्वजनिक नभए पनि दुई नेता मिलेर आसन्न महाधिवेशनमा जानुपर्छ भन्ने पक्षधरलाई भने सो भेटले निकै सन्तोष दिएको छ। गगन र शेखरबिच फाटो आउँदा सीधै देउवा पक्षधरलाई फाइदा पुग्छ। यद्यपि, आउने महाधिवेशनमा पार्टी विधानका कारण देउवा उठ्न नपाउने भए पनि उनको आशीर्वाद लिएर सभापति बन्न आतुर आधा दर्जन नेता मैदानमा देखिएका छन्। तथापि, गगन-शेखर मिल्ने हो भने आउँदो माहाधिवेशनमा उनीहरूलाई हराउन देउवा पक्षधरलाई फलामको चिउरा चपाएसरह हुनेछ। शेखर-गगनबिच एउटाले पार्टी सभापति र अर्काले प्रधानमन्त्री बन्ने गरी सहमति भएमा यी दुईबिच कुरा मिल्ने सम्भावना पनि हुन्छ। तर, दुवैले पार्टी सभापतिमै लड्छु भन्ने अडान राख्ने हो भने पुनः देउवा पक्षले पार्टी नेतृत्व कब्जा गर्न सक्छ।

यसैबिच हालै पूर्वगृहमन्त्रीसमेत रहेका बालकृष्ण खाणले रुपन्देही पुगेर आफूले दुईजना डाक्टर डा. शेखर कोइराला र डा. मीनेन्द्र रिजालको संगत नछोड्ने भनेर भाषण गरेपछि शेरबहादुर देउवा समूहमा ठुलो खैलाबैला उत्पन्न भएको छ। केही दिनअघि तिनै खाण देउवा समूहका ११ भाइको भेलामा सरिक थिए। उनलाई देउवा कित्ताकै खम्बा मानिन्थ्यो। तर, अब उनको पनि कित्ता परिवर्तनको संकेत आएको छ। यसले देउवा 'क्याम्प'मा भुइँचालो जानु स्वाभाविक हो।

● **गोपाल देवकोटा**, चाबहिल, काठमाडौं
gopaldevkota@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

विश्वभरका उग्रराष्ट्रवादीबिच सहकार्यको सम्भावना

विश्वभरका उग्रदक्षिणपन्थी नेता एक-आपसमा जोडिन चाहे पनि उनीहरूको आत्मकेन्द्रित स्वभावले सम्भवतः तिनलाई टाढै राख्नेछ



देश/विदेश

● सैकत मजुमदार

हाल विश्वका अनुदार लोकतन्त्र तिनका 'शक्तिशाली' नेताबिचको पारस्परिक प्रशंसा र समर्थनबाट चिनिन थालेका छन्। मोदी, ट्रम्प, मेलोनी, ओर्बान, बोल्सोनारो, एर्दोगान, नेतन्याहुजस्ता नेताले एकअर्काप्रति खुला सद्भाव देखाउँदै आएका छन्। हंगेरीका प्रधानमन्त्री भिक्टर ओर्बानलाई नै लिऊँ, इतिहासकारका अनुसार उनी युरोपभर अनुदार लोकतन्त्रका प्रतीक बनेका छन्। उनका प्रशंसकहरूमा स्टिभ ब्यानन, निगेल फराज, काजिन्स्की, साल्भिनीजस्ता उग्रदक्षिणपन्थी नेता छन्। त्यसैगरी, रोमानियाली नेता क्यालिन जिओर्गेस्कुले ट्रम्प र एलन मस्कको समर्थन पाएका थिए, यद्यपि उनको जित रुसी हस्तक्षेपका आरोपमा बदर भयो।

तर, के यस्तो 'पारस्परिक प्रशंसा क्लब' साँच्चै प्रभावशाली राजनीतिक गठबन्धनमा रूपान्तरण हुन सक्ला ? उसो त यिनमा साझा राष्ट्रवादी दृष्टिकोण देखिन्छ। उनीहरूको राजनीति स्वभावतः बहुसांस्कृतिक समावेशिताभन्दा एक्लोपन र स्थानीय सीमिततामा आधारित छ। ट्रम्पको 'अमेरिका फर्स्ट' नीति र युरोपेली दक्षिणपन्थीद्वारा युरोपियन युनियनको विरोध यही प्रवृत्तिका उदाहरण हुन्। यस्तोमा विचारधारा नजिकिँदैमा रणनीतिक गठबन्धन सम्भव छ त ? आजको मुख्य प्रश्न यही हो। म अहिले हंगेरीबाट लेखिरहेको छु, जहाँ दक्षिणपन्थी नेताहरूबिचको गठबन्धन उत्साहजनक देखिन्छ। अप्रिलमा इजरायली प्रधानमन्त्री नेतन्याहुलाई हंगेरीका प्रधानमन्त्री ओर्बानले बुडापेस्टमा भव्य स्वागत गरे। त्यसैगरी, ओर्बानले ब्राजिलका बोल्सोनारो शासनकाललाई 'युरोपेली इसाई लोकतन्त्र'को आदर्श मानेका छन्। नेतन्याहु अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसी)द्वारा युद्ध अपराधी घोषित भइरहँदा हंगेरीले अदालतबाट हात झिक्दै उनलाई समर्थन जनायो। ओर्बान-एर्दोगान मित्रताले टर्की संस्कृतिको ऐतिहासिक उपस्थिति हंगेरीमा पुनर्स्थापित गरेको छ, जसको उदाहरण टर्कीको इतिहाससँग जोडिने ओटोमोन साम्राज्यकालीन 'गुल बाबा' समाधीस्थल हो।

तर, रोमानियाको हालको मेरो यात्राका क्रममा मैले अन्तर्राष्ट्रिय दक्षिणपन्थी गठबन्धनभित्र गहिरो फाटो आएको देखेँ। बुखारेस्टस्थित विशाल 'संसद् भवन' तत्कालीन कम्युनिस्ट अधिनायकवादी नेता चउसेस्कुले उत्तर कोरियाली अधिनायकवादी नेता किम इल सुङको प्रेरणामा निर्माण गरेका थिए, जुन उनले कहिल्यै प्रयोग गर्न पाएनन् किनभने सन् १९८९ मा सैनिक कुपछि उनलाई मृत्युदण्ड दिइयो। तर, २१औँ शताब्दीको मध्य तथा पूर्वी युरोपको यथार्थ फरक छ, जहाँ उदार, युरोपियन युनियन समर्थक धारणा र पुटिन-प्रभावित दक्षिणपन्थी राष्ट्रवादबिचको टकरावले रुस-युक्रेन द्वन्द्वजस्तो गहिरो विभाजन ल्याएको छ।

मेरो रोमानिया यात्रा त्यहाँको राष्ट्रपति निर्वाचनको दोस्रो र अन्तिम चरणसँग मिल्न गएको थियो, जसमा उग्रराष्ट्रवादी उम्मेदवार जर्ज सिमिओन र इयू समर्थक बुखारेस्ट मेयर निकुसोर दानबिच प्रतिस्पर्धा थियो। जब म ट्रान्सिलभानिया विश्वविद्यालयमा व्याख्यान प्रस्तुत गर्न ब्रासोभतर्फ लाग्दै थिएँ यो प्रतिस्पर्धाको प्रभाव ट्रान्सिलभानियामा झनै गहिरो थियो भन्ने बुझेँ। र, ट्रान्सिलभानिया क्षेत्र हंगेरीयन मुलुकका मानिसको बाक्लो उपस्थिति भएको ठाउँ हो, जसले रोमानिया र हंगेरी दुवैमा मतदान गर्छन्।

पूर्वगणितिज्ञ र प्राज्ञिक पृष्ठभूमिका व्यक्ति निकुसोर दानका पक्षमा विश्वविद्यालयको उदार समुदायमा समर्थन हुनु स्वाभाविक थियो। तर, ब्रासोभमा मैले खासगरी सिमिओनको उग्रअल्पसंख्यकविरोधी प्रवृत्तिप्रति अत्यधिक असन्तुष्टि महसुस गरेँ, जसको विषाक्त भाष्य ट्रान्सिलभानियाका हंगेरीयन मूलका मानिसप्रति पनि द्वेष उत्तिकै थियो। उत्साह, उत्कण्ठा, र थकानले भरिएको अवस्थामा निर्वाचनको साँझ म ब्रासोभमा बसेको थिएँ। साँझपख जब 'एक्जिट पोल' आउन थाले, आशा बढ्न थाल्यो र भोलिपल्टै निकुसोर दानको जितको उत्साहपूर्ण एवं आशावादी खबर पाएँ। जर्ज सिमिओनको जित निश्चितजस्तै देखिएको अवस्थामा यो कसरी सम्भव भयो ? र, त्यसमाथि माहोल रोमानियामा चर्किँदै गएको अतिवादी राष्ट्रवादको लहरसँग मेल खाइरहेको थियो ? वास्तवमा रोमानियामा बसोवास गर्ने प्रवासी हंगेरीयन मतदाता विशेषतः ट्रान्सिलभानिया क्षेत्रका मतदाता खेल पल्टाउने तत्त्व थिए। मेरा रोमानियाली र हंगेरीका मित्र तथा सहकर्मीले भनेझैँ वरिष्ठ जर्मन पत्रकार केनो फेर्सेकले आफ्नो लेखमा 'हंगेरी मूलका र मोल्डोभाली मतदाताले रोमानियाको लोकतन्त्र बचाए' लेखेका थिए। ट्रान्सिलभानियामा रहेका हंगेरी मूलका रोमानियाली नागरिक र रोमानियामा मतदान अधिकार भएका मोल्डोभालीले सिमिओनका अल्पसंख्यकविरोधी अभिव्यक्तिको कडा प्रतिरोध गरेका थिए र दानको पक्षमा ठुलो संख्यामा मतदान गरेका थिए।



तस्बिर : द वायर

यहीँ आएर मध्य र पूर्वी युरोपमा दक्षिणपन्थी गठबन्धन असफल भयो। हंगेरीका प्रधानमन्त्री भिक्टर ओर्बानले आफ्ना विचारधारात्मक सहयोगी सिमिओनको समर्थन गरेका थिए र दुवैजना पुटिनमैत्री, युरोपियन युनियनविरोधी र अधिनायकवादी शासकीय शैलीका प्रवर्तक हुन्। तर, यहीँ एक ठुलो दरार देखापर्‍यो।

जसरी ओर्बान हंगेरीभित्र रहेका रोमा (जिप्सी), आप्रवासी, र गैरइसाई अल्पसंख्यकप्रति आक्रामक छन् त्यसैगरी, सिमिओनको अल्पसंख्यकविरोधी राजनीति ट्रान्सिलभानियाका हंगेरीयन मूलका मानिसतर्फ पनि निर्देशित थियो। यति हुँदा पनि ओर्बानले रोमानियामा हंगेरीविरोधी उम्मेदवारको समर्थन गरेका थिए, तर त्यहाँका हंगेरी मूलका मतदाताले ओर्बानको मार्गदर्शन मान्न अस्वीकार गरेका थिए।

दानको विजय रोमानियामा उदारवादी विचारका लागि आशाको सानो किरण हो। अझ महत्त्वपूर्ण के हो भने यसले विश्वव्यापी दक्षिणपन्थी राष्ट्रवादको देखावटी एकताभित्र लुकेको गहिरो विभाजन उजागर गरिदिएको छ। ओर्बान-नेतन्याहु सहकार्यले बुडापेस्टमा मैले भेटेका यहुदी सर्वोच्चतावादीविरोधी समूहमा निराशा ल्यायो तर स्मरण रहोस्, यस्तै सहकार्यको प्रयास रोमानियामा असफल भएको थियो। यो असफलता विडम्बनापूर्ण रूपमा ओर्बानको 'अधिराष्ट्रिय युरोप'को विरोधसँग मेल खान्छ, जसले ट्रम्पको 'अमेरिका फर्स्ट' नाराबाट ऊर्जा पाएको थियो। यी नेताहरू जोडिन चाहन्छन्, तर उनीहरूको आत्मकेन्द्रित स्वभावले सम्भवतः तिनलाई टाढा नै राख्नेछ भन्ने तथ्य अलगाववादी राष्ट्रवादले देखाएको छ।

(मजुमदार इन्स्टिच्युट अफ एडभान्स्ड स्टडी इन बुडापेस्टका वरिष्ठ फेलो हुन्)

द वायरबाट

‘विभाजित राष्ट्र’लाई एकताबद्ध गर्ने नेतृत्व चाहन्छन् दक्षिण कोरियाली मतदाता

विपक्षी दलका उम्मेदवार ली जे-म्युङप्रतिको उच्च समर्थनले युन सुक-योलको ‘मार्सल ल’ घोषणाप्रति आममानिसमा असन्तुष्टि रहेको संकेत गर्दछ



● अलेक्ज्यान्डर एम. हाइन्ड

अलेक्ज्यान्डर एम. हाइन्ड मेलबर्न विश्वविद्यालयमा कोरियाली राजनीति र अन्तर्राष्ट्रिय सम्बन्धका लेक्चरर हुन् ।

तस्करी वा सिमाना वारपार गर्ने विषयबाट सुरु हुने विवादले गहिरो टकराव र अविश्वास ल्याएको छ । धेरै बंगलादेशीको मनमा भारतले आफूहरूलाई हेप्ने गरेको धारणा छ । पानी बाँडफाँट विवादले यस भावनालाई थप बलियो बनाएको छ ।

मंगलबार, दक्षिण कोरियाली मतदाताले देशको नयाँ राष्ट्रपति छनोटका लागि हुने निर्वाचनमा मत दिँदै छन् । यो चुनाव सन् १९८७ पछि सुरु भएको लोकतान्त्रिक युगको सबैभन्दा अराजक र विवादास्पदमध्ये एक बन्नसक्ने प्रक्षेपण भइरहेको छ । उसो त दक्षिण कोरिया गत वर्ष डिसेम्बरदेखि नै राजनीतिक संकटमा फसेको छ । पूर्वराष्ट्रपति युन सुक-योलले अचानक सैन्य कानुन घोषणा गरेपछि पछिल्लो संकट सुरु भएको हो । युनले सांसदहरूलाई संसद् भवन (राष्ट्रिय सभा)मा प्रवेश गर्नबाट रोक्न सेना परिचालन गरेका थिए । तर, सेनाले रोक्नुअघि नै सांसदहरू त्यहाँ पुगिसकेकाले त्यही राति नाटकीय रूपमा युनको मार्सल ल घोषणा असंवैधानिक घोषित गरियो । सांसदहरूको पहलमा राष्ट्रपति युनको आदेश ६ घण्टापछि नै उल्टिएको थियो ।

त्यसपछि युनलाई महाभियोग लगाइयो, तर त्यसको कार्यान्वयन हुन प्रक्रिया लम्बिँदा अप्रिलसम्म पनि देश सोही प्रकरणमा रुमलिरह्यो । यो अवधि युनको विरोध र समर्थन दुवैमा विशाल सडक प्रदर्शन भए । उग्र दक्षिणपन्थीले युनको बारेमा छलफल भइरहेको अदालतलाई समेत निसाना बनाए । महाअभियोगका अनुसन्धानकर्ताले खटाएको सुरक्षाकर्मी र राष्ट्रपतिको युनको सरकारी सुरक्षा टोलीबिचको ठेलमठेलसमेत देखियो । यसबिच, देशलाई तीनजना कार्यवाहक राष्ट्रपति शासन गरे । चुनौतीपूर्ण सुरक्षा वातावरणका अतिरिक्त कमजोर आर्थिक वृद्धि र बढ्दो महँगीका बिच दक्षिण कोरियाली मतदाताले राष्ट्रपतिका रूपमा साहसी र प्रभावकारी नेतृत्व चाहेका छन् ।

को हुन् प्रमुख उम्मेदवार ?

डेमोक्र्याटिक पार्टीका ली जे-म्युङ अधिल्लोपटक अर्थात् सन् २०२२ को राष्ट्रतीय चुनावमा झिनो अन्तरले पराजित उम्मेदवार हुन् । यसपटक उनी स्पष्ट अग्रपंक्तिमा देखिएका छन् । चुनावी अभियानको अन्तिम साता गरिएको पछिल्लो मतसर्वेक्षणमा यी पुराना वामपन्थी राजनीतिज्ञप्रति लगभग ४९ प्रतिशत मतदाताले समर्थन जनाएका छन् । यो उनका मुख्य प्रतिद्वन्द्वी किम मुन-सुकोभन्दा दोहोरो अंकको अग्रता हो । मतसर्वेक्षणले कन्जरभेटिभ विचारधारा बोक्ने पिपुल्स पार्टीका मुन-सुप्रति ३५ प्रतिशत मतदाताले समर्थन जनाएका थिए । यसपटक पिपुल्स पार्टीभन्दा बाहिरका अर्का कन्जरभेटिभ उम्मेदवार पनि चर्चामा छन् । ४० वर्षीय ली जुन-सिओकले ११ प्रतिशत जनसमर्थन पाइरहेका छन् । उल्लेखनीय रूपमा यसपटक सन् २००७ पछि पहिलोपटक राष्ट्रपतीय प्रतिस्पर्धामा कुनै पनि महिला उम्मेदवार उठेका छैनन् ।

विपक्षी दलका उम्मेदवार ली जे-म्युङप्रति उच्च समर्थनले पूर्वराष्ट्रपति युनको ‘मार्सल ल’ घोषणाप्रति सत्तारूढ पिपुल्स पार्टीविरुद्ध जनताको ठुलो स्तरमा असन्तुष्टि रहेको संकेत गर्छ । युनको प्रशासनमा श्रममन्त्री रहेका किमले डिसेम्बरको सैन्य कानुन घोषणाका लागि माफी मागेका छन् । तर, प्रतिद्वन्द्वीले उनलाई त्यस प्रकरणसँग जोडेर प्रश्न गर्न छाडेका छैनन् । किमलाई ‘मार्सल ल’ घोषणाको दृढतापूर्वक विरोध गर्ने नरम र मूलधारका रूढीवादीहरूको समर्थन पनि हासिल गर्नु छ । साथसाथै, उग्र दक्षिणपन्थी षड्यन्त्र सिद्धान्तमा विश्वास गर्नेहरूको समर्थन पनि जित्नु छ ।



ली जे-म्युङको आकर्षक पृष्ठभूमि

ली जे-म्युङको व्यक्तिगत इतिहास दक्षिण कोरियाको आर्थिक र राजनीतिक उदयको इतिहासबिच समानता देखिन्छ । ली गरिब परिवारमा जन्मेका थिए । उनी सानोमा परिवारलाई सघाउन कारखानामा मजदुरी गर्थे । त्यहीबेला भएको एक औद्योगिक दुर्घटनामा उनको देब्रे हातमा लागेको चोटको दाग अझै देखिन्छ । कामसँगै पढाइलाई अघि बढाएका उनले कानुन पढन् छात्रवृत्तिसमेत पाए । सोही अध्ययनपछि उनले सन् १९८० को दशकको अन्त्यतिर आफूलाई श्रम वकिल र अभियन्ताको रूपमा स्थापित गरिसकेका थिए ।

डिसेम्बरको युनको ‘मार्सल-ल’ घोषणापछि उनले नाटकीय रूपमा राष्ट्रिय सभा प्रवेश गर्न त्यहाँको बार नाघेर भित्रका घटना लाइभ-स्ट्रिम गरेका थिए । त्यतिबेला उनको पुरानो अभियन्ता छवि पुनः प्रकाशमा आयो । उनले विगतमा आफूलाई प्रगतिशील अमेरिकी सिनेटर बर्नी स्यान्डर्ससँग तुलना गर्थे । तथापि, पछिल्लो समय उनले मध्यपन्थी र केही रूढीवादी मतदातालाई आकर्षित गर्न आफ्नो राजनीतिक बोली र नीतिहरूलाई केही मध्यमार्गी बनाएका छन् । यस परिवर्तनले लीलाई विगतका वामपन्थी उम्मेदवारले प्रतिद्वन्द्वी रूढीवादीहरूबाट सामना गर्ने ‘कम्युनिस्ट’, ‘चीन नजिक’, वा ‘उत्तर कोरिया समर्थक’जस्ता चर्का आरोपबाट केही राहत प्रदान गर्नेछ ।

लीले केही कानुनी अड्चनको पनि सामना गरिरहेका छन् । उनीमाथि भूमि विकास परियोजनामा भ्रष्टाचार गरेको आरोप छ । यी आरोपले उनको कार्यकाललाई पनि बिचमै टुंग्याउने जोखिम रहेको उनका विपक्षीहरूले आरोप लगाउँदै आएका छन् ।

के छन् प्रमुख चुनावी मुद्दा ?

पश्चिमी टिप्पणीकार आगामी दक्षिण कोरियाली राष्ट्रपतिले उत्तर कोरियाको कसरी सामना गर्लान् भन्नेमा बढी केन्द्रित भए पनि देशभित्र भने समस्याग्रस्त अर्थतन्त्र मुख्य चुनावी मुद्दा बनेको छ । यसै चिन्तालाई सम्बोधन गर्ने गरी ली जे-म्युङले आफूले पदभार ग्रहण गरेलगत्तै तुरुन्तै आपत्कालीन आर्थिक कार्यदल स्थापना गर्ने वाचा गरेका छन् । यसपटक दक्षिण कोरियाको भावी ऊर्जा नीतिमाथि पनि जोडदार बहस चलेको छ । किम देशको कुल ऊर्जा उत्पादनमा आणविक ऊर्जाको हिस्सा ६० प्रतिशत विस्तार गर्नुपर्ने पक्षमा छन् । लीले आणविक ऊर्जाका बारेमा सुरक्षा चिन्ता व्यक्त गरेका छन् । उनले ‘थप आणविक रिएक्टर निर्माण गर्ने युगको अन्त्य हुनुपर्ने’ तर्क गरेका छन् । त्यसबाहेक यसपटक दक्षिण कोरियाको राष्ट्रपतिको हातमा धेरै शक्ति केन्द्रीकृत रहेको भन्दै सम्भावित संवैधानिक सुधारको विषय पनि उठेको छ ।

अहिलेको शक्तिशाली राष्ट्रपति व्यवस्था सन् १९८७ मा संविधानको पुनर्लेखन गरिँदा तय गरिएको थियो । सैन्य शासनविरुद्ध लामो जनविरोधपछि भएको संविधान पुनर्लेखनले पाँच वर्षको एक कार्यकालको प्रत्यक्ष निर्वाचित राष्ट्रपतिको व्यवस्था गरेको थियो । दुवै प्रमुख उम्मेदवार ली र किमले राष्ट्रपति कार्यकाल अमेरिकाको जस्तै चारवर्षे, दुई कार्यकालको हुने गरी परिवर्तन गर्नुपर्ने कुराको समर्थन गरेका छन् ।

चुनौती नै चुनौती

अन्तर्राष्ट्रिय मञ्चमा, नयाँ निर्वाचित राष्ट्रपतिले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले लगाएका कठोर भन्सार दरका विषयमा वार्ताको नेतृत्व गर्नुपर्नेछ । ट्रम्पले अप्रिलमा दक्षिण कोरियाबाट अमेरिका भित्रिने सामानहरूमा २५ प्रतिशत कर घोषणा गरेका थिए । तथापि, जुलाईको सुरुसम्म केही समयका लागि भनेर त्यो दर १० प्रतिशतमा झारेका थिए । महाभियोगअघि, युनले ट्रम्पसँग सम्बन्ध सुधार्नका लागि आफ्नो गल्फ सीप सुधारिरहेको समाचार बाहिरिएको थियो । पूर्वजापानी प्रधानमन्त्री सिन्जो आबेले ट्रम्पको पहिलो कार्यकालमा गल्फ खेलमार्फत ट्रम्पसँग सम्बन्ध सुधार गरेको विश्वास गरिन्छ । नयाँ राष्ट्रपतिले अहिलेको ध्रुवीकृत दक्षिण कोरियाली समाजलाई एकसाथ उभ्याउने ठुलो चुनौतीको पनि सामना गर्नुपर्नेछ । युनको कार्यकालमा राजनीतिक ध्रुवीकरण र गलत सूचनाको प्रसारले समाज निकै विभाजित बनेको छ । यस प्रवृत्तिलाई उल्टाउन निक्कै गाह्रो हुने भए पनि आगामी नेतृत्वले त्यस चुनौतीलाई पन्छाउन सक्दैनन् ।

-द कन्भर्सेसनबाट

विश्वव्यापी सहायता कटौतीले बालबालिकाको जीवनलाई पार्दै छ जोखिम



अहिले विश्वभरका बालबालिका संकटमा छन् । हरेक दिन विश्वभर आपत्कालीन अवस्था आउँदा बालबालिकाका पीडाका कथा हाम्रो मोबाइलको स्क्रिनमा नोटिफिकेसन आउँछ : गाजामा द्वन्द्वबाट तहसनहस भएका बालबालिका; सुडानमा भोकमरीले पीडित बालबालिका; अफगानिस्तानमा सुरक्षाको आवश्यकतामा रहेका बालबालिका । हरेक दिन एउटा नयाँ संकट देखापर्छ जसले बालबालिका र उनीहरूका परिवारलाई अलमलमा पार्छ ।

युनिसेफजस्ता संस्थाहरू संकटमा परेका बालबालिकाहरूलाई मद्दत गर्न र उनीहरूलाई आवश्यक पर्ने मद्दत र सुरक्षाको सुनिश्चितता गर्न अस्थित्वमा छन् । तर, बालबालिकालाई सहयोग गर्ने हाम्रो क्षमता सरकार, निजी क्षेत्र र विश्वभरका व्यक्तिहरूको उदारतामा निर्भर गर्दछ जसले हाम्रो कामलाई आर्थिक सहयोग गर्दछ । पछिल्ला वर्षमा अन्तर्राष्ट्रिय सहायता कोष निरन्तर गिरावटमा छ । तर, यी कटौती अब चिन्ताजनक रूपमा तीव्र भएका छन् ।

परिवर्तनको अभूतपूर्वस्तर र गतिले महत्त्वपूर्ण सेवामा बाधा पुऱ्याइरहेको छ र लाखौँ बालबालिकाको जीवन र कल्याणलाई जोखिममा पारिरहेको छ । यी कटौती अभूतपूर्व छन् र बाल अधिकारका लागि तत्काल र गम्भीर खतरा खडा गरिरहेका छन् । उदाहरणका लागि, पोषणको सन्दर्भमा युनिसेफको अनुमान छ कि लगभग एक करोड ५० लाख बालबालिका र आमाहरूको उपचारात्मक खानाजस्ता पोषण सेवाहरूमा पहुँच अवरुद्ध हुन सक्छ, जसले गर्दा उनीहरू गम्भीर कुपोषण र मृत्युको जोखिममा पर्न सक्छन् ।

> २०२५ मा विश्वव्यापी रूपमा २१ करोड ३० लाखभन्दा बढी बालबालिकालाई मानवीय सहायताको आवश्यकता देखिन्छ । अहिले विश्वव्यापीकरणको युगमा सहायता कटौतीले बालबालिकाको सुरक्षा र आर्थिक समृद्धिलाई खतरामा पार्छ ।

खोप प्रयासले पनि बढ्दो खतराको सामना गरिरहेका छन् । विश्वव्यापी रूपमा कोषमा आएको गिरावटले युनिसेफ र विश्व स्वास्थ्य संगठनको कमजोर र द्वन्द्व प्रभावित देशहरूमा दादुराविरुद्धको खोप लगाउने क्षमतालाई गम्भीर रूपमा सीमित गरिरहेको छ । कोभिड-१९ महामारीको समयमा हामीले देखेको स्तरमा अवरोधसहित लगभग ५० देशमा खोप सेवा, रोग निगरानी र प्रकोप प्रतिक्रिया अवरुद्ध भइरहेको छ ।

अर्को शब्दमा भन्नुपर्दा युनिसेफको मानवीय प्रतिक्रिया जोखिममा छ । हामी पूर्वी र दक्षिणी अफ्रिकामा मात्र समर्पित आपत्कालीन कोषमा ४० प्रतिशतभन्दा बढीको कमी देखिरहेका छौँ । यसकारणले गर्दा बालबालिकाहरूको पूर्ण रूपमा रोकथाम गर्न सकिने रोगका कारण मृत्यु हुन सक्नेछ । कुपोषण मात्र होइन, स्वच्छ पानी, सुरक्षित सरसफाइ र आवश्यक स्वास्थ्य सेवाको अभाव पनि देखिएको छ । अनगिन्ती बालबालिका शिक्षा र दुर्व्यवहारबाट बचाउने कार्यक्रमबाट वञ्चित हुनेछन् ।

बालबालिकाको जीवन जोखिममा रहेको वेला उनीहरूलाई हाम्रो सहयोगको सबैभन्दा बढी खाँचो हुन्छ । युनिसेफको इतिहासभर हामीले हाम्रा साझेदारहरूसँग बालबालिकाको अधिकार कायम राख्न, जीवन बचाउने मानवीय सहायता प्रदान गर्न र उनीहरूको विकास र कल्याणलाई अगाडि बढाउन काम गरेका छौँ ।

आज, आवश्यकता पहिलेभन्दा बढी छ : बालबालिकाको ऐतिहासिक उच्च संख्या (प्रत्येक पाँचमा लगभग एक) द्वन्द्व क्षेत्रमा बसिरहेका छन्; बालबालिकाको रेकर्ड संख्या (लगभग पाँच करोड) द्वन्द्व र प्रकोपबाट विस्थापित भएका छन्, र विश्वका लगभग आधा बालबालिकाहरू जलवायु परिवर्तनबाट गम्भीर रूपमा प्रभावित हुने अत्यधिक उच्च जोखिममा रहेका देशहरूमा बस्छन् । २०२५ मा विश्वव्यापी रूपमा २१ करोड ३० लाखभन्दा बढी बालबालिकालाई मानवीय सहायताको आवश्यकता पर्ने युनिसेफको अनुमान छ ।

एकअर्कासित जोडिएको संसारमा, जहाँसुकै पनि सहायता कटौतीले सुरक्षा र आर्थिक समृद्धिलाई खतरामा पार्छ । हामीले गर्नुपर्ने केही काम यहाँ दिइएका छन् ।

पहिलो, बालबालिकालाई घातक, तर रोकथाम गर्न सकिने रोगबाट जोगाउनु भनेको विश्वव्यापी समुदायको रूपमा हामीले गर्न सक्ने सबैभन्दा गहन काममध्ये एक हो । यो सबैभन्दा बुद्धिमानी पनि हो । विगत ५० वर्षमा खोपले १४ करोड ६० लाख बालबालिकाको जीवन बचाएको छ, जुन सोही अवधिमा शिशु मृत्युदरमा आएको गिरावटको ४० प्रतिशत हो । बच्चालाई खोप लगाउनाले त्यो बच्चालाई घातक बाल्यकालका रोगहरूबाट मात्र बचाउँदैन; यसले सजिलै सीमा पार गर्न सक्ने र विश्वव्यापी स्वास्थ्य खतरा बन्न सक्ने रोगको प्रकोपलाई रोकेर हामी सबैलाई बचाउँछ ।

दोस्रो, सफा पानी, सुरक्षित सरसफाइ र पोषणमा पहुँच बढाएर हामी बालबालिकालाई रोग र भोकमरीबाट जोगाउन सक्छौँ र लचिलो, सम्पन्न र शान्तिपूर्ण समुदायहरूको जग बसाल्न सक्छौँ । केवल २५ वर्षमा विश्वव्यापी कार्यले पाँचौँ जन्मदिनअघि मृत्यु हुने बालबालिकाको संख्या आधा घटाएको छ र बाल्यकालमा हुने कुपोषण ३३ प्रतिशतले कमी छ ।

तेस्रो, द्वन्द्व र प्राकृतिक प्रकोपमा मानवीय प्रतिक्रिया र बालबालिकालाई सुरक्षित राख्न लगानी गर्नाले सीमापार विस्थापन रोक्न मद्दत गर्दछ । नियन्त्रण नगरिएको, राजनीतिक अस्थिरताले सामाजिक प्रणालीलाई कमजोर बनाउँछ र अतिवादलाई जन्म दिन्छ ।

र चौथो, गुणस्तरीय शिक्षामा लगानी गर्नाले बालबालिकाको चुनौतीको सामना गर्ने क्षमता बढ्छ र उनीहरूलाई वयस्कको रूपमा रोजगारी खोज्ने सम्भावना बढी हुन्छ, जसले समग्र सामाजिक विकासमा योगदान पुऱ्याउँछ ।

लाखौँ बालबालिकाको जीवन बचाउनु र सुरक्षा गर्नु सामूहिक प्रयासको कार्य हो । हालैका दशकहरूमा विश्वले गरेको कठिन प्रगति दाताहरूको उदारता र विश्वभरका हजारौँ सहायताकर्मीहरूको अथक परिश्रमको कारणले सम्भव भएको हो ।

विशेष गरी, अभूतपूर्व आवश्यकताको यस समयमा युनिसेफ विश्वका बालबालिकाको पक्षमा उभिन कटिबद्ध छन् । मानवीय सहायता र विकासमा लगानी गरिएको प्रत्येक डलर वा युआनले बालबालिका र परिवारहरूको लागि दीर्घकालीन लाभहरू सिर्जना गर्दछ र सबैका लागि अझ स्थिर र सुरक्षित संसार सिर्जना गर्दछ ।

-चाइना डेलीबाट

इतिहासमा आज



सन् १९४६ : इटली संसदीय गणतन्त्र घोषित । जनमतसंग्रहमा ८९ प्रतिशत इटालियनले भाग लिए । त्यस्तै, जनमतसंग्रहमा पहिलोपटक महिला पनि सहभागी थिए ।

सन् १८१८ : ब्रिटिस सेनाले भारतको बम्बईमा मराठा गठबन्धनलाई पराजित गऱ्यो ।

सन् १८४० : अंग्रेजी उपन्यासकार तथा कवि थोमस हार्डीको जन्म ।

सन् १८८६ : २१ वर्षीया फ्रान्सेस फोलसमले तत्कालीन अमेरिकी राष्ट्रपति ग्रुभर क्लेभलेन्डसँग विवाह गरिन् । उनी अमेरिकी इतिहासमै पहिलो प्रथम महिला बनिन् ।

सन् १९२४ : अमेरिकाद्वारा भारतीय मूलका अमेरिकीलाई पूर्ण नागरिकता प्रदान ।

सन् १९२८ : राष्ट्रवादी नेता चियाङ काई सेकले चीनको पेकिङलाई रक्तहीन ढंगले कब्जा गरे ।

सन् १९५३ : बेलायतमा महारानी एलिजाबेथ द्वितीयको राज्याभिषेक । लन्डनको वेस्टमिन्स्टर एबेमा भएको राज्याभिषेक इतिहासमा पहिलोपटक टेलिभिजनमा प्रसारण गरिएको प्रमुख अन्तर्राष्ट्रिय घटना थियो । बुबा राजा जर्ज छैटौँको मृत्युपछि एलिजाबेथ राजसिंहासनमा विराजमान भएकी थिइन् ।

विश्व संक्षेप

अत्यधिक गर्मीले खाडीमा विदेशी कामदार जोखिममा

दुबई/ खाडीमा आप्रवासी कामदारहरू अत्यधिक गर्मीका कारण जोखिममा रहेको ह्युमन राइट्स वाचले जनाएको छ । बढ्दो तापक्रममा काम गर्नुपर्ने श्रमिकलाई सुरक्षा प्रदान गर्न वाचले देशहरूलाई आग्रह गरेको छ । पृथ्वीको सबैभन्दा तातो क्षेत्रमध्ये एक मानिने मध्यपूर्वका संयुक्त अरब इमिरेट्स, साउदी अरब, कतार र कुवेतमा आप्रवासीले श्रमशक्तिको ठुलो हिस्साको प्रतिनिधित्व गर्छन् । यहाँ ग्रीष्मकालीन तापमान प्रायः ५० डिग्री सेल्सियस (१२२ डिग्री फरेनहाइट)सम्म पुग्छ ।

एचआरडब्लूका मध्यपूर्वका उपनिर्देशक माइकल पेजले भने, ‘जलवायु संकटका कारण हुने अत्यधिक गर्मीको चपेटामा परेका लाखौँ आप्रवासी कामदारको व्यावसायिक स्वास्थ्य र सुरक्षा विपत्तिलाई ग्रीष्मऋतुले चुनौती दिने गरेको छ । उनले भने, ‘खाडी मुलुकले प्रमाणमा आधारित श्रम सुरक्षामा पछि हटिरहेका छन् भने सम्भावित सुरक्षा उपायलाई अवलम्बन नगरिँदा आप्रवासी कामदारले अनावश्यक रूपमा ज्यान गुमाउने गरेका छन् ।

हसिनाविरुद्धको मुद्दामा सुनुवाइ

ढाका/ बंगलादेशकी अपदस्थ प्रधानमन्त्री शेख हसिनाविरुद्धको अभियोजनमाथि सुनुवाइ सुरु भएको छ । उनको कार्यकालमा प्रहरीद्वारा भएको प्रहरी दमन र प्रदर्शनकारीको हत्यामा संलग्न भएको आरोपमा मानवताविरुद्धको अपराधको अभियोगमा आइतबारबाट हसिनाविरुद्धको सुनुवाइ सुरु भएको हो ।

सन् २०२४ को अगस्टमा विद्यार्थी नेतृत्वको जनविद्रोह उत्कर्षमा पुगिरहेका वेला ७७ वर्षीया हसिना हेलिकोप्टरमार्फत भारत प्रस्थान गरेकी थिइन् । ‘अभियोजन टोलीले पूर्वप्रधानमन्त्री हसिनाविरुद्ध आइतबार अभियोगपत्र दायर गर्ने तयारी गरेको छ,’ अभियोजनकर्तामध्येका एक गाजी एमएच तमिमले भने । राष्ट्रसंघका अनुसार सन् २०२४ को जुलाईदेखि अगस्टसम्म हसिनाको सरकारले प्रदर्शनकारीलाई दबाउने निर्मम अभियान चलाउँदा एक हजार चार सयजनाको मृत्यु भएको थियो ।

अर्थ पत्रिका
नयाँ पत्रिका
सोमबार १९ जेठ ०८२

संक्षेप

दुध किसानको रकम चाँडै भुक्तानी गर्न मन्त्रीको आग्रह



हेटौँडा/ कृषि तथा पशुपक्षी विकासमन्त्री रामनाथ अधिकारीले किसानलाई दुधको रकम भुक्तानीका लागि विभिन्न प्रयास भइरहेको बताएका छन् ।

विश्व दुध दिवसका अवसरमा 'दुधको खपत बढाऔं, अर्थतन्त्रलाई सबल बनाऔं' भन्ने नाराका साथ हेटौंडामा आयोजना गरिएको कार्यक्रममा मन्त्री अधिकारीले सरकारी संस्थान र निजी डेरीहरूले चाँडै किसानको भुक्तानी गर्नुपर्नेमा जोड दिए । 'असार मसान्तसम्ममा एक महिनाको बाँकी राखेर भए पनि दुध किसानको रकम भुक्तानी गर्न म आग्रह गर्दछु,' उनले भने ।

किसानको रकम तिर्न दुध विकास संस्थानका कर्मचारीले लिँदै आएको सुविधा कटौती गर्न बाध्य भएको मन्त्री अधिकारीले बताए । चीनलगायतका मुलुकमा दुग्ध पदार्थ निर्यातका लागि मन्त्रालयले गृहकार्य गरिरहेको र चाँडै त्यस कार्यमा सफलता प्राप्त हुने आशा पनि उनले व्यक्त गरे ।

रेल सेवाबारे कोरियामा मन्त्री दाहालले गरे छलफल



काठमाडौं/ भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले कोरियाको यातायात तथा रेलसेवा विस्तारबारेको छलफललाई सम्बोधन गरेका छन् । दक्षिण कोरियाको भ्रमणमा रहेका मन्त्री दाहाल नेतृत्वको नेपाली प्रतिनिधिमण्डलसँग त्यहाँका उच्च अधिकारीले नेपालमा रेल सेवाको अध्ययन र अनुसन्धानका लागि हुन सक्ने सहकार्यबारे पनि प्रकाश पारेका थिए ।

यसअघि नेपाल भ्रमणमा आएका कोरेलका अधिकारी एवं नेपालको रेल विभाग तथा लगानी बोर्डका अधिकारीबिच समेत नेपालमा रेल सेवाको विकास र अध्ययनबारे छलफल भएको थियो । उक्त छलफलपश्चात् भएका समझदारीबारे भेटमा कुराकानी भएको भ्रमण दलका सदस्य मनोज दाहालले जानकारी दिए ।

पर्यटक सवारी नरोक्न आग्रह

गण्डकी/ पोखरा पर्यटन परिषद्ले पर्यटक सवारीसाधनलाई निर्बाध रूपमा सञ्चालन गराउन सम्बद्ध सबै पक्षसँग आग्रह गरेको छ । परिषद्का अध्यक्ष तारानाथ पहारीले विज्ञप्ति जारी गर्दै पर्यटन राजधानी पोखरा र गण्डकी प्रदेशमा हालै पर्यटक सवारीसाधनको सञ्चालनका क्रममा भएको अवरोधप्रति ध्यानाकर्षण भएको जनाएको छ । बन्द-हडतालमा पनि पर्यटक सवारीसाधनलाई निर्बाध रूपमा सञ्चालन गर्ने वातावरण सिर्जना गर्न सार्वजनिक यातायात बचाउ संघर्ष समिति र सबै पक्षसँग उनले आग्रह गरेका छन् ।

५४ वर्षपछि डेडिकेटेड दुई लेनको बनाइँदै पोखरा–बुटवल सडक

थप चार सुरुङमार्ग र ३८ भायाडक्ट बनाउने प्रस्ताव, लागत अनुमान पौने २० अर्ब

मिलन विश्वकर्मा/नयाँ पत्रिका

पश्चिम नेपालको पहाड र तराई क्षेत्र जोड्ने सिद्धार्थ राजमार्ग निर्माण भएको ५४ वर्षपछि स्तरोन्नति हुने भएको छ । भारतको आर्थिक सहयोगमा सन् १९६४ मा सुरु भएको एक सय ८२ किलोमिटर यो राजमार्ग (सुनौली-पोखरा)को निर्माण सन् १९७१ मा सम्पन्न भएको थियो । पाँच दशकपछि अहिले एक सय ५८ किमि लामो बुटवल-पोखरा खण्डलाई डेडिकेटेड दुई लेनमा स्तरोन्नति गर्न लागिएको हो ।

यो सडक पर्यटन, व्यापारिक तथा आर्थिक क्रियाकलापका लागि निकै महत्त्वपूर्ण मानिन्छ । तर, अहिले उक्त सडकको चौडाइ ५.५ मिटरदेखि ६ मिटरसम्म मात्रै हुँदा ट्राफिक व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको छ । अर्थात्, उक्त सडकमा दोहारो रूपमा सवारीसाधन वारपार गर्न सक्दैनन् । लामो समयसम्म स्तरोन्नति नहुँदा कतिपय ठाउँमा सडक जीर्ण अवस्थामा पुगेको पनि थियो । तर अब यसको स्तरोन्नति गर्न आगामी आवको बजेटमा यसलाई समावेश गरिएको छ । 'आर्थिक वर्ष ०८२/८३ मा पर्यटन प्रवर्द्धन तथा आर्थिक क्रियाकलाप विस्तारका दृष्टिले उच्च सम्भावना रहेको सिद्धार्थ राजमार्गलाई डेडिकेटेड डबल लेनमा स्तरोन्नति गर्ने कार्य प्रारम्भ गरिनेछ,' बजेटको बुँदा नम्बर २५१ भनिएको छ ।

सडक विभागका प्रवक्ता अर्जुनप्रसाद अर्यालले अब उक्त सडकको स्तरोन्नति गर्ने कार्य अघि बढ्ने बताए । 'यो सडक स्तरोन्नति गर्न खोजेको पहिलेदेखि नै हो । अहिले बल्ल बजेटमा परेको छ । अब यसको काम अघि बढ्नेछ,' उनले भने, 'तर, बजेटमा डेडिकेटेड डबल लेन भनेर लेखिएछ, त्यो विषयमा भने हामीले थप बुझ्नुपर्छ ।'

उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलले आफ्नो गृहजिल्लासँग जोडिएकाले पनि यो परियोजना बजेटमा समावेश गरेका हुन् । यद्यपि, यो सडक स्तरोन्नति गर्न पनि उत्तिकै आवश्यक रहेको विभागका अधिकारीहरू बताउँछन् । 'डेडिकेटेड डबल लेन'मा कुनै एक लेनमा गाडी बिग्रिएर रोकिए पनि बाँकी भएको ठाउँमा दोहोरो रूपमै सवारीसाधन आवतजावत गर्न सक्नेछन् । दुई लेन सडकमा भने कुनै एक लेनमा गाडी बिग्रिएर रोकिएमा एकतर्फी मात्रै यातायात सञ्चालन गर्न सकिनेछ ।

सडक विभागाले १५७.९५ किमि लामो बुटवल-पोखरा सडकखण्डलाई स्तरोन्नति गर्न यसअघि नै विस्तृत परियोजना प्रतिवेदन, वातावरणीय प्रभाव मूल्यांकनलगायतका प्रतिवेदन तयार गरिसकेको छ । वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन हाल स्वीकृतिका लागि वन मन्त्रालयमा रहेको छ । वन मन्त्रालयले सार्वजनिक सुनुवाइका लागि गत ६ चैतमा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन सार्वजनिक पनि गरिसकेको छ । उक्त प्रतिवेदनअनुसार यस सडकखण्डलाई कम्तीमा सात मिटर क्यारिजवेमा विस्तार गरिनेछ । सडकको दुवैतर्फ थप १.५ मिटरको सोल्डर र एक मिटरको नाला पनि निर्माण गरिनेछ । डेडिकेटेड दुई लेनको सडक बनाउने भएमा यो डिजाइन तलमाथि हुन सक्नेछ ।

'यस सडकको चौडाइ ठाउँ-ठाउँमा साँघुरो (५.५ मि-६ मि)सम्म रहेको भएर, यस आयोजनाको मुख्य उद्देश्य सडकखण्डलाई कम्तीमा पनि सात मिटर क्यारिजवे, सडकको दुवैतर्फ १.५ मिटरको सोल्डर र एक मिटरको नालासहितको बाह्रैमास सुचारु रहने दुई लेनको कालोपत्रे सडकमा स्तरोन्नति गर्नुका साथै सडकमा पर्ने पुलहरूको पनि आवश्यकताअनुसार मर्मत-सम्भार गरिनेछ,' वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनमा भनिएको छ । बजार क्षेत्रमा भने चार लेनको सडक बनाउने योजना रहेको सडक विभागका प्रवक्ता अर्जुनप्रसाद अर्यालले जानकारी दिए ।

निर्माण अवधि चार वर्ष, सुरुङ र भायाडक्टसहित पौने २० अर्ब लागत

प्रतिवेदनअनुसार परियोजनाको निर्माण अवधि चार वर्ष रहेको छ । त्योबाहेक त्रुटि सच्याउन थप एक वर्ष समय लाग्ने वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनमा उल्लेख छ । आयोजनाको कुल लागत भने पौने २० अर्ब हुने अनुमान गरिएको छ । त्यसमा सडक स्तरोन्नतिमा मात्रै १० अर्ब ३८ करोड ७० लाख लाग्ने रुपैयाँ अनुमान गरिएको छ ।

यसैगरी प्रस्तावित सुरुङ र भायाडक्ट बनाउन नौ अर्ब ३७ करोड २० लाख लागत अनुमान गरिएको छ । यसरी परियोजनाको कुल लागत भने १९ अर्ब ७५ करोड ९० लाख रुपैयाँ हुने अनुमान गरिएको छ ।

■ पाँचवटा सुरुङमार्ग बनाउने प्रस्ताव



यो राजमार्गमा पाँचवटा सुरुङ बनाउने प्रस्ताव पनि गरिएको छ । त्यसमा एक हजार एक सय २६ मिटर लामो सिद्धबाबा सुरुङमार्ग अहिले निर्माणकै चरणमा छ । गत ११ माघमा उक्त सुरुङ छिचोलिएको थियो । त्योबाहेक थप चार ठाउँमा सुरुङ बनाउने प्रस्ताव गरिएको छ । मायातारीमा एक सय ३२ मिटर, स्याङ्जामा ९९ मिटर, सामकोशमा एक सय तीन मिटर र भालु पहाडमा एक सय ९१ मिटरको सुरुङ बनाउने प्रस्ताव गरिएको छ । मायातारीले तीन सय ४० मिटर, स्याङ्जाले तीन सय ४० मिटर, रामकोशले दुई सय मिटर र भालुपहाडले पाँच सय ८० मिटर सडकको लम्बाइ घटाउनेछ । यसैगरी विभिन्न ३८ ठाउँमा भायाडक्ट बनाउने प्रस्ताव गरिएको छ । त्यसमा आठ मिटरदेखि ९२ मिटर लामो भायाडक्ट बनाउने प्रस्ताव गरिएको छ । त्यसको उचाइ भने ६ देखि २० मिटरसम्म हुने प्रतिवेदनमा उल्लेख छ । यी भायाडक्टको कुल लम्बाइ ७७७.६ मिटर हुनेछ । यसले सडकको लम्बाइ ४.४२ किमि घटाउने प्रतिवेदनमा उल्लेख छ ।



प्रधानमन्त्री ओलीले गरे ६४ सडकको शिलान्यास

मधेशका आठ जिल्लाका ६४ निर्वाचन क्षेत्रमा ३२० किलोमिटर कालोपत्रे गरिने



जनकपुरधाममा हृदिश खुद्दार

प्रधानमन्त्री केपी ओलीले मधेश प्रदेशका आठ जिल्लाको ६४ वटा सडकको शिलान्यास गरेका छन् । मधेश प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयको 'एक निर्वाचन क्षेत्र, एक सडक' योजनाअन्तर्गत प्रधानमन्त्री ओलीले प्रदेशका आठवटै जिल्लाका ६४ वटा कालोपत्रे सडकको डिजिटल शिलान्यास गरेका हुन् । आइतबार जनकपुरधाममा आयोजित शिलान्यास कार्यक्रमलाई सम्बोधन गर्दै भ्रष्टाचारसँगै ढिलसुस्तीलाई पनि नियन्त्रण गर्नुपर्ने बताएका हुन् । ठेक्का लिएर ढिलासुस्ती गर्नु भ्रष्टाचारभन्दा ठुलो अपराध रहेको उल्लेख गर्दै प्रम ओलीले भने, 'भ्रष्टाचार १० प्रतिशतसम्म होला । तर, ठेक्का लिएर वर्षौं लगाउने प्रवृत्तिले योजनाको मूल्य बढेर शतप्रतिशत पुग्छ । यसले एकातिर आर्थिक घाटा हुनछ भने अर्कोतर्फ योजना समयमा सम्पन्न नहुँदा त्यसको उपलब्धि हजार प्रतिशत क्षति हुन्छ । त्यसकारण अब भ्रष्टाचार नियन्त्रण सँगसँगै ढिलासुस्तीलाई पनि नियन्त्रण गर्नुपर्ने हुन्छ ।'

अब ढिलासुस्ती गर्ने ठेकेदारलाई सरकारले धैर्य गरेर सहेर नबस्ने प्रम ओलीले चेतावनी दिए । उनले भने, 'कि त काम गर, नत्र ठेक्का तोडिन्छ । अहिलेको प्राविधिक युगमा सरकारले धैर्य गरेर बस्न सक्दैन ।'

चुरे विनाशको कारण मधेशको पानी सतहभन्दा तल गइरहेको र सुक्खा बढ्दै गएको भन्दै प्रधानमन्त्री ओलीले त्यसलाई सुधार गर्न चुरे क्षेत्रमा पोखरी निर्माण गर्नुपर्नेमा जोड दिए । मधेश समतल र उर्वरभूमि भए पनि विकास निर्माणमा पछि पर्नु दुःखद विषय रहेको उनको भनाइ थियो । कार्यक्रममा प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री सरोजकुमार यादवले प्रदेशका आठ जिल्लाका ६४ प्रदेश निर्वाचन क्षेत्रमा तीन सय २० किलोमिटर कालोपत्रे सडक निर्माणका लागि करिब १२ अर्ब ७० करोड रुपैयाँ बजेट सुनिश्चित भइसकेको जानकारी दिए ।

मन्त्री यादवका अनुसार बहुवर्षीय योजनाअन्तर्गत आगामी तीन वर्षभित्र सडक निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ । सडकहरू साढे पाँच मिटरदेखि सात मिटर चौडाइमा निर्माण हुनेछन् । आगामी तीन वर्षभित्रमा ६४ वटै सडक निर्माणकार्य सम्पन्न गर्ने लक्ष्यसहित चालू आर्थिक वर्षमा मधेश प्रदेश सरकारले प्रत्येक निर्वाचन क्षेत्रमा दुई करोड दरको बजेट विनियोजन गरिएको मन्त्री यादवले बताए । उनले एक निर्वाचन क्षेत्र एक पुलको कार्यक्रमसमेत अगामी आर्थिक वर्षमा राखिने बताए । शिलान्यास गरिएका सडकहरूको टेन्डर प्रक्रिया समाप्त भई सम्झौताको चरणमा रहेको भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव सञ्जयप्रसाद साहले बताए । चालू आर्थिक वर्षमा प्रत्येक सडकका लागि दुई करोडको दरले रकम विनियोजन गरिएको उनले बताए । एक निर्वाचन क्षेत्र एक सडक कार्यक्रमअन्तर्गत निर्माण हुने सडक एक पालिकाबाट अर्को पालिका जोडिने, एक निर्वाचन क्षेत्रबाट अर्को निर्वाचन क्षेत्रमा जोडिने तथा केही पूर्व-पश्चिम राजमार्ग जोड्ने गरी निर्माण हुने उनको भनाइ छ ।

उक्त योजनाअन्तर्गत नयाँ सडक निर्माणदेखि पुरानै कच्ची सडकलाई पक्की बनाइने बताए ।

सुनकोशी-मरिन डाइभर्सन समयमै सम्पन्न गर्न निर्देशन

नयाँ पत्रिका

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले सुनकोशी-मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको काम तोकिएकै समयमा सम्पन्न गर्न निर्देशन दिएका छन् । मन्त्री खड्काले आइतबार सिन्धुलीमा निर्माणाधीन सुनकोशी-मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको स्थलगत निरीक्षण गर्दै तोकिएकै समयमा आयोजना सम्पन्न गर्न ठेकेदार कम्पनीलाई निर्देशन दिएका हुन् ।

'आयोजना निर्माणको कामलाई तीव्र गतिमा अगाडि बढाउनुस्, काम तोकिएकै समयमा सक्ने गरी लाग्नुस्, काम गर्ने स्पिड बढाउनुस्, कार्यप्रगतिका आधारमा बजेटको अभाव हुँदैन,' उनले भने ।

ऊर्जामन्त्री खड्काले आयोजनाको १३.२ किलोमिटर सुरुङ निर्माण सकिएकाले अब हेडबक्सको काम तीव्र गतिमा सक्न ठेकेदार कम्पनीलाई निर्देशन दिए । 'काम गर्ने हामीले नै हो, अरूले होइन, लक्ष्य प्राप्ति गर्न काम गर्नुभएन भने सरकारले वैकल्पिक बाटो सोच्छ, यो सरकारको बाध्यता हो,' उनले बताए ।

उक्त आयोजनाबाट एक लाख २२ हजार हेक्टर सिँचाइ हुने र ३२ मेगावाट विद्युत् उत्पादन हुने तथा कुल पानीको १० प्रतिशत खानेपानी सुविधा उपलब्ध गराउन भएकाले सबै मिलेर काम गर्नुपर्ने उनले बताए ।

जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक सञ्जीव बरालले लक्ष्य भेट्ने गरी आयोजना निर्माणको कामलाई अगाडि बढाउनुपर्ने बताए । 'अहिलेसम्म ५० प्रतिशत काम सकिनुपर्नेमा हेडबक्समा जम्मा १९ प्रतिशत मात्रै काम हुनु दुःखद कुरा हो, काम तोकिएकै मितिमा सम्पन्न गर्ने गरी लाग्नुहोस्,' उनले भने । महानिर्देशक बरालले अहिलेकै अवस्थाका काम रहे ठेक्का तोडिने बताए ।



१४ अर्बको आयोजनामा हालसम्म एक अर्ब २० करोड मोबिलाइजेसन खर्च परिचालन गरिसकेको उनको भनाइ छ । स्मेक कन्सल्यान्टका प्रतिनिधि दिवस श्रेष्ठले आयोजना निर्माणको काम चित्तबुझ्दो नभएको बताउँदै समयमै काम सम्पन्न गर्नका लागि आफूहरूले ठेकेदार कम्पनीलाई निरन्तर खबरदारी गरिरहेको बताए ।

आयोजनाका ठेकेदार कम्पनी रमन कन्स्ट्रक्सनका प्रतिनिधि रमन पटेलले विभागबाट हुने भुक्तानी वेलैमा नभएका कारण आयोजना निर्माणमा केही ढिलाइ भएको भन्दै सरकारले सहयोग गरे आफूहरूले समयमै आयोजना सम्पन्न गर्ने बताए ।

झरना बचत तथा ऋण सहकारी संस्था लि.
दर्ता नं. ५७४/०६९/०७० स्था.लेखा नं. ६००७९४४६८
शंखधरचोक,मध्यपुर थिमि-४,भक्तपुर फोन नं. ०१-५०४३५४३
ईमेल : saccosjharana@gmail.com

यस संस्थामा धित्तो सुरक्षणमा रहेको सवारी साधन लिलाम बिक्रि गर्ने बारेको १५(पन्ध्र) दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/२/१९

तपशिलमा उल्लेखित ऋणीले यस झरना बचत तथा ऋण सहकारी संस्थाबाट हायर पर्चेज ऋण सुविधा अर्न्तगत लिनु भएको ऋणको संस्थासँग भएको लिखत/सम्झौता बमोजिम भुक्तान गर्नु पर्ने साँवा, ब्याज तथा अन्य रकम तरताकेता सम्बन्धमा,लिखित पत्राचार एवम् मोवाइल मेसेन्जर मार्फत समेतबाट जानकारी गराउँदा पनि बेवास्ता गरेकोले मिती २०८१/०९/२१ गते उक्त सवारी साधन संस्थाले कानुनी कब्जामा लिएको व्यहोरा जानकारी गराउँदा समेत बक्यौता रकम भुक्तानी गर्ने तर्फ चासो नदेखाएको हुँदा यो १५ दिने सार्वजनिक लिलाम बिक्री सूचना प्रकाशित गरिएको छ । यदि लिलाम बिक्रीबाट पनि संस्थाको सम्पूर्ण लेना रकम असुल नभएमा ऋणीको नामको घरजग्गा तथा एकाघरका परिवारको सदस्यहरुको जाय-जेथाबाट समेत नपुग रकम असुल उपर गरिने छ ।

तपसिल

ऋणीको विवरण	जमानीकर्ताको नाम ठेगाना /थर
कर्जा नं.एच.पि.एल. ०१–७१	**नाम : नाकसरी राई**
नाम : बिष्णु कुमार राई	पति : वीर बहादुर राई
बुवा : वीर बहादुर राई	ससुरा :पुर्णधन राई
बाजे :पुर्णधन राई	ना.प्र.नं.:४७२/६५९/२०४५।०२।०८
ना.प्र.नं.:६९४८९/९३५८/२०६२।४।२६	ठेगाना : अ सगरमाथा जि.ओखलढुंङ्गा मानेभञ्याङ्ग-७, हाल म.थि.न.पा-४,भक्तपुर
फोन नं.:९८४३४७५३४७	
ठेगाना : अ.सगरमाथा जि.ओखलढुंङ्गा मानेभञ्याङ्ग-७, हाल म.थि.न.पा-४,भक्तपुर	

धित्तोमा रहेको सवारी साधनको विवरण : बा. २ ख ३६४४ टाटाबस,इन्जिन नं.-497TC93DRZ826000, चेसिस नं.: 386513DRZ813923
लिलाम बिक्री सम्बन्धी जानकारी : लिलाम सम्बन्धी शर्त सहितको बोलपत्र फाराम कार्यालय समयमा संस्थाबाट उपलब्ध गर्न सकिन्छ ।

■ आर्थिक सर्वेक्षण भन्छ-

वैदेशिक सहायतामाथिको निर्भरता कम हुँदै छ

नयाँ पत्रिका

नेपालको सार्वजनिक खर्चमा वैदेशिक सहायतामाथिको उच्च निर्भरता कम हुँदै गएको आर्थिक सर्वेक्षणले देखाएको छ । आठौं योजना अवधिमा कुल बजेटमा वैदेशिक सहायताको हिस्सा वार्षिक औसत ३९.७ प्रतिशत रहेकोमा पन्ध्रौं योजना अवधिमा २०.१ प्रतिशतमा झरेको छ । विगतमा वार्षिक बजेटको ठुलो हिस्सा वैदेशिक सहायताले ओगट्ने गरेकोमा आन्तरिक स्रोत परिचालन क्षमतामा वृद्धि हुँदै गएसँगै यस्तो हिस्सा क्रमशः घट्दै गएको सर्वेक्षणले देखाएको हो ।

त्यसैगरी, वैदेशिक सहायता प्राप्ति र वैदेशिक सहायता उपयोगसमेत घट्दै गएको छ । आठौं योजना अवधिमा कुल प्राप्ति (राजस्व, अनुदान र ऋणसहित)मा वैदेशिक सहायता प्राप्तिको हिस्सा वार्षिक औसत ३३.४ प्रतिशत रहेकोमा पन्ध्रौं योजना अवधिमा यस्तो हिस्सा १२.७ प्रतिशत छ । आठौं योजना अवधिमा वैदेशिक सहायता उपयोग कुल सरकारी खर्चको ३०.७ प्रतिशत रहेकोमा पन्ध्रौं योजनामा १२.० प्रतिशत मात्र छ ।

आन्तरिक स्रोत परिचालन अभिवृद्धि हुँदै गएसँगै वैदेशिक सहायता प्राप्ति र उपयोगको हिस्सासमेत घट्दै गएको हो । आन्तरिक स्रोत परिचालन क्रमशः बढ्दै गई वैदेशिक सहायतामाथिको उच्च निर्भरता क्रमशः कम हुँदै गएको छ । दसौं योजनादेखि तेह्रौं योजनाको अन्त्यसम्म वैदेशिक सहायता परिचालन र उपयोगमा वैदेशिक ऋणको दाँजोमा वैदेशिक अनुदानको हिस्सा बढी रहेकोमा त्यसपछिका योजना अवधिमा भने वैदेशिक ऋण परिचालन उच्च छ । दसौं योजनादेखि तेह्रौं योजना अवधिसम्मको बजेटमा समेत वैदेशिक ऋणभन्दा वैदेशिक अनुदान लक्ष्यको हिस्सा उच्च थियो ।

■ वैदेशिक सहायताको विवरण

आवधिक योजना	बजेटमा वैदेशिक स्रोतको अंश	वैदेशिक सहायता उपयोगको अंश
आठौं योजना	३९.७%	३०.७%
नवौं योजना	३४.३%	२४.९%
दसौं योजना	२७.८%	२०.५%
एघारौं योजना	२७.३%	१८%
बाह्रौं योजना	२३.३%	१६%
तेह्रौं योजना	२२.३%	१२.७%
चौधौं योजना	२५%	१२.४%
पन्ध्रौं योजना	२०.१%	१२ %

स्रोत : आर्थिक सर्वेक्षण, २०८२

वैदेशिक सहायता नीतिको कार्यान्वयन

वित्तीय संघीयता लागू भएसँगै वैदेशिक सहायता परिचालन नीति, २०७६ तर्जुमा भई कार्यान्वयनमा समेत आएको थियो । त्यसपछि जारी भएका आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, ०७६ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, ०७७ मा भएका व्यवस्था समायोजन गर्न, वैकल्पिक एवं नवीनतम वित्तका उपकरण परिचालन गरी वित्तीय स्रोत बढाउनेलगायतका उद्देश्यले वैदेशिक सहायता परिचालन नीति, २०८२ कार्यान्वयनमा आएको अर्थ मन्त्रालयले जानकारी दिएको छ ।

सम्मिश्रित वित्त (ब्लेन्डेड फाइनान्स) विधिमार्फत वैदेशिक सहायता परिचालन गरी विकास वित्तको न्यूनता परिपूर्ति गर्ने व्यवस्था यो नीतिले गरेको छ । त्यसैगरी, सम्भाव्यता न्यून परिपूरक कोष (भायाबिलिटी ग्याप फन्डिङ)मार्फत वित्तीय जोखिम न्यूनीकरणमा सार्वजनिक-निजी क्षेत्रको साझेदारी गर्न सकिने गरी वैदेशिक सहायता परिचालन गर्ने कार्यनीति छ । दिगो विकास, ऊर्जा तथा हरित विकाससम्बन्धी आयोजनामा लगानी गर्न निश्चित प्रतिफल दरको अनसोर वा अफसोर सार्वभौम बन्ड जारी गर्न सक्ने प्रावधान छ । निजी क्षेत्रको नेतृत्वमा यातायात, ऊर्जा तथा पूर्वाधार आयोजना विकास गर्ने कम्पनीमा सेयर लगानी गर्न वा क्रेडिटलाइन सुविधा उपलब्ध गराउन पूर्वाधार कोष स्थापना गर्न सरकारले सहजीकरण गर्नेजस्ता व्यवस्था यस नीतिमा समेटिएका छन् ।

राहुघाटको भौतिक प्रगति ८१ प्रतिशत

काठमाडौं/ नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तव, ऊर्जासचिव सुरेश आचार्य र नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यसहितको टोलीले म्याग्दीमा निर्माणाधीन ४० मेगावाटको राहुघाट जलविद्युत् आयोजनाको निरीक्षण गरेका छन् । प्राधिकरणको सहायक रघुगंगा हाइड्रोपावर लिमिटेडले निर्माण गरिरहेको उक्त आयोजना एक्जिम बैंक अफ इन्डियाको ६७ मिलियन अमेरिकी डलर सहुलियत ऋणमा निर्माण भइरहेको हो ।

कुल अनुमानित लागत नौ अर्ब १७ करोड २६ लाख रहेको आयोजनामा एक्जिम बैंक अफ इन्डियाबाट ६७ मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण आएको छ । बाँकी रकम नेपाल सरकार तथा नेपाल विद्युत् प्राधिकरणले संयुक्त रूपमा लगानी गर्ने व्यवस्था गरिएको छ । यो आयोजना आगामी पुससम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको छ । सोअनुसार कार्यप्रगति, कार्यस्थलको अवस्था, साइटमा कार्य गर्दा आइपरेका समस्या तथा तोकिएको समयमा कार्य सम्पन्न गर्न गर्नुपर्ने सहजीकरणबारे आयोजना निर्माणस्थलमा नै छलफल गरिएको छ ।

आयोजनाको निर्माणकार्यलाई सिभिल तथा हाइड्रो-मेकानिकल कार्य र इलेक्ट्रो-मेकानिकल कार्य गरी दुईवटा लटमा विभाजित गरिएको छ । यस आयोजनाको लट-१ सिभिल तथा हाइड्रोमेकानिकल कार्यका लागि ठेकेदार जैप्रकाश एसोसिएट लिमिटेड इन्डियासँग ठेक्का सम्झौता भई हाल कार्य भइरहेको छ ।

सिभिल कार्यअन्तर्गत बाँध, इन्टेक, डिस्यान्डर, टनेल, सर्ज साफ्ट, प्रेसर साफ्ट, विद्युत्गृहलगायतका कार्य समावेश छन् । हालसम्म सिभिल कार्यअन्तर्गत करिब ८१ प्रतिशत भौतिक प्रगति भएको छ ।

यस आयोजनाको लट-२ इलेक्ट्रोमेकानिकल कार्यका लागि ठेकेदार भारत हेभी इलेक्ट्रिकल लिमिटेड, इन्डियासँग खरिद सम्झौता भई इलेक्ट्रोमेकानिकलसम्बन्धी कार्य भइरहेको छ । इलेक्ट्रोमेकानिकल लटअन्तर्गत टर्बाइन, जेनेरेटर, गभर्नर, ट्रान्सफर्मरलगायतका उपकरण आपूर्ति तथा जडान कार्य भइरहेको छ । हालसम्म इलेक्ट्रोमेकानिकल कार्यअन्तर्गत निर्माण व्यवसायीको प्लान्टमा भएका विभिन्न यन्त्र उपकरणको निर्माण तथा सोको सफल इन्सपेक्सन, निर्माण स्थलमा भइसकेको आपूर्तिको प्रगति र जडान भइसकेको प्रगतिको आधारमा हालसम्म इलेक्ट्रोमेकानिकल कार्यको प्रगति करिब ५० प्रतिशत रहेको छ । आयोजनाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रणालीमा प्रसारण गर्न दाना-कुस्मा २२० केभी प्रसारणलाइनमा लुप इन लुप आउट प्रणालीबाट प्रसारण गरिनेछ र सोको कार्य सम्पन्न भइसकेको छ । आयोजना सम्पन्न भएपछि ऊर्जा आपूर्तिको समस्या समाधानमा महत्त्वपूर्ण योगदान पुग्नेअपेक्षा गरिएको छ ।

'नेक ब्लास्ट' रोगले बोटमै सुक्यो धान

झापा/ शिवसताक्षी नगरपालिका- २ मा 'नेक ब्लास्ट' रोगका कारण बर्खे धान बोटमै सुकेको छ । नगरपालिकाका कृषि शाखा प्रमुख रविन भट्टराईका अनुसार सो वडाका नौजना किसानले नौ बिघामा खेती गरेको हर्दिनाथ-१ जातको धानको बोट सुकेको छ । धानबाली पाक्ने वेलामा रोगको संक्रमण भएर नष्ट भएपछि किसानले निराश भएर स्थानीय पालिका गुहारेका छन् । 'लहलह धानका बाला झुल्न थालेको थियो,' एक बिघा १५ कट्ठामा लगाएको धान सुकेको बताउँदै स्थानीय शिवकुमार मैनालीले भने, 'एक्कासि के रोग आयो, एकैरातमा सबै धान सर्लक्कै सुकेर भुससरह भयो ।' सुकिसकेको धानको बोटलाई खेतबाट हटाउनसमेत समस्या भएको उनले बताए । बर्खे धान पाकेपछि किसानले हिउँदे धान लगाउने चलन थियो । तर, बर्खे धानमा क्षति भएपछि अब अर्को धान रोप्ने कि नरोप्ने भन्ने चिन्ता थपिएको मैनालीको भनाइ छ ।

नेक ब्लास्ट रोग धानको बिउबाट सर्ने भएकाले ब्याडमा धान छर्नुअघि बिउ धानको उपचार गर्न आवश्यक रहेको कृषि शाखा प्रमुख भट्टराईले बताए । रासस

विषादीको मात्रा अत्यधिक पाइएपछि २,२६० किलो आँप जफत

विषादीको अवशेष ३५ भन्दा कम हुनुपर्नेमा ६२ भन्दा बढी पाइएपछि धनगढी उपमहानगरपालिकाद्वारा नष्ट

धनगढीमा **तेजराज भट्ट**



बजारमा बिक्री भइरहेको आँपमा विषादीको मात्रा अत्यधिक रहेको पाइएपछि धनगढी उपमहानगरपालिकाले दुई हजार दुई सय ६० किलो आँप जफत गरेर खाल्डोमा गाडेको छ। धनगढी सहिद गेटस्थित कृषि थोकबजारमा रहेको जयश्री माँ जानकी स्टोरमा राखिएको आँपको परीक्षण गर्दा अत्यधिक विषादी पाइएको उपमहानगरपालिकाले जनाएको छ।

उपमहानगरको उपभोक्ता हित संरक्षण शाखा प्रमुख महेश मल्लले विषादीको अवशेष ३५ अंकभन्दा कम हुनुपर्नेमा ६२ भन्दा बढी देखिएको बताए। ती आँप भारतबाट आयात गरिएको खुलेको उनले जानकारी दिए। यसरी अत्यधिक विषादी प्रयोग गरिएको वस्तुले स्वास्थ्यलाई गम्भीर असर गर्ने उनले बताए।

बजार अनुगमनका क्रममा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय धनगढी र विषादी अवशेष द्रुत परीक्षण कार्यालय अत्तरियाको सहयोगमा विषादीको मात्रा परीक्षण गरिएको उपमहानगरले जनाएको छ। कृषि थोकबजारबाट भिन्डी, काँक्रो, टमाटर, केरा, अंगुर, स्याउको नमुना लिएर परीक्षण गर्दा ती वस्तुमा भने विषादीको मात्रा सामान्य पाइएको उपभोक्ता हित संरक्षण शाखा प्रमुख मल्लले बताए।

प्रांगारिक मल उत्पादनसँगै डढेलो नियन्त्रण

दाङ/ दाङको एक सामुदायिक वन र उपभोक्ता समूहले वन क्षेत्रमा खेर जाने वस्तुबाट प्रांगारिक मल उत्पादन गर्दा वन क्षेत्रमा लाग्ने डढेलो नियन्त्रणमा सहयोग पुगेको छ। सुक्खा समयसँगै अन्य वनमा आगलागी भए पनि दाङको लमही नगरपालिका- ५ स्थित अजम्बरी सामुदायिक वन क्षेत्रमा आगो लागेको छैन।

सो वन उपभोक्ता समूहले वन क्षेत्रमा खेर जाने घाँस र पातपतिंगरलाई उपयोग गरेर प्रांगारिक मल उत्पादन गर्न थालेपछि यो कार्यमा सहयोग पुगेको हो। वन क्षेत्रमा जलेर, कुहिएर नष्ट हुने घाँस र स्याउलालाई उपयोग गरेर गत वर्षदेखि प्रांगारिक मल उत्पादन गर्न थालिएको छ। समूहका अध्यक्ष पवन शर्मा रिजालका अनुसार पातपतिंगरबाट मल उत्पादन र मललाई आम्दानीसँग जोड्ने गरी वन समूह अघि बढेको बताए।

एनआइसी एसिया लघुवित्तको बजेट तर्जुमा तथा शाखा प्रमुख तालिम

काठमाडौं/ एनआइसी एसिया लघुवित्तले आव ०८२/८३ को बजेट तर्जुमा तथा शाखा प्रमुख तालिम कार्यक्रम सम्पन्न गरेको छ। लघुवित्तले कोशी, मधेश, बागमती र गण्डकी गरी चार प्रदेशलाई समेटेर गरिएको कार्यक्रम १३ देखि १६ जेठसम्म होटेल विनायक र होटेल पावन मिथिला बर्दीबास, महोत्तरीमा सञ्चालन भएको थियो।



कार्यक्रममा कर्पोरेट कार्यालय, प्रदेश कार्यालय, शाखा कार्यालयसमेतका एक सय ६९ जना कर्मचारीको सहभागिता रहेको थियो। संस्थाका स्वतन्त्र सञ्चालक बलराम पौडेल, प्रमुख कार्यकारी अधिकृत चोलराज शर्मा जोशी, नायब प्रमुख कार्यकारी अधिकृत मेसबहादुर बस्नेत, सहायक प्रमुख कार्यकारी अधिकृत गणेश घिमिरेलगायतले चालू आवको समीक्षा गर्दै आगामी आवमा संस्थाले गर्ने कामबारे आआफ्ना धारणा प्रस्तुत गरेका थिए।

कार्यक्रममा कर्मचारीको वृत्ति विकास, शाखा सञ्चालन, राष्ट्र बैंकबाट जारी निर्देशन र सोको कार्यान्वयन, आगामी आवका लक्ष्य तथा बजेटलगायत छलफल चलेको थियो।

साथै, सूर्यज्योति लाइफ इन्स्योरेन्स कर्पोरेट सेल्स विभागका कर्मचारीद्वय सरू घिमिरे र विकेश बज्राचार्यले बिमा दाबीसम्बन्धी जानकारी गराएका थिए।

कुमारी बैंकको एटिएम र पिओएसमा मास्टर कार्ड प्रयोग गर्न सकिने

काठमाडौं/ कुमारी बैंकको एटिएम तथा पिओएस (पोइन्ट अफ सेल) टर्मिनलमा मास्टर कार्ड प्रयोग गर्न सकिने भएको छ। यो सुविधा देशभरका बैंकका सम्पूर्ण एटिएम तथा पिओएस टर्मिनलमा उपलब्ध हुनेछ। बैंकले डिजिटल भुक्तानी प्रणालीलाई प्रवर्द्धन गर्दै ग्राहकलाई थप सहज, सुरक्षित र आधुनिक बैंकिङको अनुभव दिलाउन यो



सुविधा ल्याएको पनि जनाएको छ।

यससँगै मास्टर कार्ड प्रयोगकर्ताले बैंकको एटिएममार्फत रकम झिक्न र पिओएस टर्मिनलमार्फत खरिद भुक्तानी सहजै गर्न सक्नेछन्। यो सुविधाले ग्राहक तथा व्यापारी दुवैलाई लाभ हुने विश्वास बैंकले लिएको छ। बैंकले देशभरका तीन सय दुई शाखा सञ्जाल, तीन सय १८ एटिएम, ५० एक्सटेन्सन काउन्टर तथा ५४ शाखारहित बैंकिङ इकाइमार्फत आधुनिक बैंकिङ सेवा प्रदान गर्दै आइरहेको छ।

यामाहाको एमटी-१५ भर्सन २ किन्दा राइडिङ ज्याकेट पाइने



काठमाडौं/ दुईपाङ्ग्रे ब्रान्ड सवारीसाधन यामाहाको आधिकारिक विक्रेता एमएडब्ल्यू राइड्सले राइडिङ ज्याकेट अफर सार्वजनिक गरेको छ। कम्पनीले एमटी-१५ भर्सन २ खरिद गर्ने ग्राहकलाई लक्षित गर्दै यो अफर ल्याएको हो। जसअन्तर्गत नयाँ एमटी-१५ भर्सन २ को खरिदमा प्रत्येक ग्राहकले उपहारस्वरूप एक प्रिमियम राइडिङ ज्याकेट पाउनेछन्। आइबारदेखि सुरु भएको यो अफर नेपालका सबै अधिकृत यामाहा सोरुममा उपलब्ध हुने बताइएको छ।

कम्पनीका अनुसार नगद वा सजिलो किस्ताबन्दी योजनामा बाइक किन्ने ग्राहकले 'कवच' ब्रान्डसँगको सहकार्यमा तयार गरिएको गुणस्तरीय र प्रिमियम राइडिङ ज्याकेट प्राप्त गर्नेछन्। अत्याधुनिक डिजाइन, टिकाउपन र सुरक्षालाई ध्यानमा राखेर निर्माण गरिएको यो ज्याकेट सुरक्षित यात्राका लागि सारथी भएको कम्पनीको भनाइ छ। अफरबारे बोल्दै एमएडब्ल्यू राइड्सका कार्यकारी निर्देशक तथा सिइओ दीपककुमार अग्रवालले भने, 'यो अभियानमार्फत हामी राइड अनुभवलाई सुरक्षा र स्टाइलको संयोजनद्वारा अझ माथि लैजान चाहन्छौं। यामाहा एक प्रविधिमैत्री ब्रान्ड हो र एमएडब्ल्यू राइड्स पनि आफ्ना उत्पादन, जनशक्ति र राइडर कम्युनिटीमा लगानी गर्न प्रतिबद्ध छ।'

बजेट सन्तुलित छ : उद्योग परिसंघ

६ प्रतिशत आर्थिक वृद्धि हासिल गर्न बजेट कार्यान्वयनमा सम्बन्धित निकायलाई थप जिम्मेवार एवं उत्तरदायी बनाउन आग्रह

नयाँ पत्रिका

नेपाल उद्योग परिसंघले आगामी आर्थिक वर्षको बजेट सन्तुलित र उत्पादनमुखी रहेको भन्दै स्वागत गरेको छ। परिसंघले आइतबार विज्ञप्ति जारी गर्दै बजेटले गतिशिल अर्थतन्त्र निर्माण गर्न निजी क्षेत्रको लगानी प्रवर्द्धन तथा बढाउन सघाउने प्रतिक्रिया दिएको हो।

निजी क्षेत्रले दिएका अधिकांश सुझाव बजेटमा मेटिएको भन्दै त्यसको प्रभावकारी कार्यान्वयनका लागि आग्रहसमेत गरेको छ। 'बजेट राम्रो आउने, तर कार्यान्वयन पक्ष सधैं कमजोर रहँदै आएको छ। बजेटमार्फत लिइएको ६ प्रतिशत आर्थिक वृद्धि हासिल गर्न बजेट कार्यान्वयनको समयअगावै स्पष्ट खाकासहित सम्बन्धित निकायलाई थप जिम्मेवार एवं उत्तरदायी बनाउन परिसंघ आग्रह गर्दछ,' विज्ञप्तिमा उल्लेख छ।

विशेष आर्थिक क्षेत्र र औद्योगिक क्षेत्रमा नयाँ उद्योग स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने, सेज र औद्योगिक क्षेत्रको भाडादर घटाउने, औद्योगिक क्षेत्रका उद्योगले उत्पादनको ३० प्रतिशतभन्दा बढी निर्यात गरेमा सेजका उद्योगसरहको सुविधा दिनेलगायत बजेटले गरेको व्यवस्था स्वागतयोग्य भएको परिसंघले उल्लेख गरेको छ।

त्यस्तै, सरकार, विश्वविद्यालय र निजी क्षेत्रसँगको सहकार्यमा इक्वेजेसन सेन्टर सञ्चालन गर्ने, सूचना प्रविधि सेवा निर्यातबाट प्राप्त हुने आयमा लाग्ने करमा ७५ प्रतिशत छुट हुने, दश करोडसम्मको वार्षिक कारोबार गर्ने स्टार्टअप व्यवसायलाई पाँच वर्षसम्म आयकर नलाग्ने व्यवस्था, सूचना प्रविधिमा आधारित उद्योग र होटेल तथा रिसोर्टलाई विशेष उद्योगसरह आयकर र विद्युत् महसुल छुट दिने बजेटको व्यवस्थाले सूचना प्रविधि तथा स्टार्टअप क्षेत्रमा लगानी आकर्षित गर्ने परिसंघको धारणा छ।

नेपालीलाई विदेशमा लगानी गर्न खुला गर्ने घोषणालाई परिसंघले दूरगामी भन्दै स्वागत गरेको छ।

त्यस्तै, सिमेन्ट, छड, गिट्टी र बालुवा प्रयोग गरी आरसिसी ढलानसहित कालोपत्रे गर्ने, स्ट्यान्डर्ड गेज मापदण्डको विद्युतीय रेलमार्ग निर्माण गर्न विस्तृत अध्ययन गर्ने, निजी क्षेत्रसँगको साझेदारीमा व्यवस्थित सहर विकास गर्ने नीतिले अर्थतन्त्रको विकासलाई गति प्रदान गर्ने परिसंघले विश्वास लिएको छ।

इआइए प्रक्रियामा गरिएको सुधार, खानीजन्य र नदीजन्य निर्माण सामग्रीको उत्खनन र प्रशोधन गरी आन्तरिक उपयोग र निर्यात गर्ने व्यवस्था मिलाइने, प्रमुख पर्यटकीय क्षेत्रमा हिल स्टेसन, होटेल, लज, रिसोर्टलगायतका पर्यटन पूर्वाधार निर्माणका लागि वन क्षेत्रलगायत सरकारी स्वामित्वको जमिन लिजमा दिने व्यवस्था सकारात्मक रहेको परिसंघले उल्लेख गरेको छ।

डिजिटल भुक्तानीलाई प्रोत्साहित गर्न सेवामा लाग्दै आएको मूल्य अभिवृद्धि कर खारेज, खाद्यान्न, गेडागुडी, फलफूललगायत वनस्पतिजन्य, पशुजन्य तथा दुधजन्य पदार्थमा भन्सार विन्दुमा लाग्दै आएको अग्रिम आयकर खारेज, निकासी-पैठारी गर्ने उद्योगी-व्यवसायीले एक्जिम कोड लिँदा राख्नुपर्ने तीन लाख बैंक ग्यारेन्टीको व्यवस्था खारेज, करदाताले करयोग्य कारोबार नगरेको अवस्थामा समेत न्यूनतम कर तिर्नुपर्ने विद्यमान व्यवस्था खारेज गरिएको भन्दै यसलाई पनि परिसंघले स्वागत गरेको छ।

औद्योगिक विकास रणनीति तर्जुमा गर्ने, गुणस्तर प्रवर्द्धन तथा गुणस्तरीय वस्तु आयात, उद्योगलाई विशिष्टीकृत ऐनहरूले दिएको सुविधा उपलब्ध गराउनुपर्ने, आयात गरिएका वस्तुमा लेबल लगाउनुपर्ने व्यवस्था भन्सार जाँचपास हुनुअगावै कायम गरिनुपर्नेलगायतका विषय छुटेको परिसंघले औंल्याएको छ।

मदिराको कर निर्धारणमा कमजोरी : निकासी-पैठारी संघ

नेपाल समुद्रपार निकासी-पैठारी संघले आगामी आर्थिक वर्ष ०८२/८३ को बजेटलाई सकारात्मक मानेको छ। तर, मदिरा आयातमा गरिएको भन्सार महसुल निर्धारणमा भने कमजोरी भएको संघको दाबी छ।

बजेटले निजी क्षेत्रलाई अर्थतन्त्रको चालक शक्तिका रूपमा स्वीकार गरेर सहकार्य गर्ने घोषणा गर्नुलाई संघले सकारात्मक सोचका रूपमा लिएको जनाएको छ।

भन्सार मूल्यांकनलाई यथार्थपरक बनाउने, भन्सारमा स्वचालित मूल्यांकन प्रणाली स्थापना गर्नेलगायत घोषणाले व्यापार सहजीकरण गर्ने संघको भनाइ छ। 'चोरी-पैठारीको उच्च सम्भावनालाई नजरअन्दाज गर्दै मदिरा आयातमा लाग्ने महसुल १०० देखि २०० प्रतिशतसम्म बढाउनु बजेटको निकै कमजोर पक्ष हो,' संघले भनेको छ, 'आर्थिक गतिविधि शिथिल भएको वर्तमान अवस्थामा सर्वसाधारणको क्रयशक्ति बढाउन आयकर नलाग्ने सीमा वृद्धि र व्यक्तिगत आयकरको दर घटाउनु अनिवार्य थियो। त्यसतर्फ पनि बजेटले ध्यान पुऱ्याउन सकेको देखिएन।'

सुनचाँदी व्यवसायमा थपिएको कर फिर्ता लिन आग्रह

सुनचाँदी तथा रत्न र आभूषणसँग सम्बन्धित व्यवसायीले सुनचाँदीको व्यवसायमा लगाइएको कर हटाउन माग गरेका छन्। नेपाल हस्तकला महासंघ, नेपाल सुनचाँदी रत्न तथा आभूषण महासंघ र नेपाल सुनचाँदी व्यवसायी महासंघले संयुक्त विज्ञप्ति जारी गर्दै यस्तो माग गरेका हुन्।

अघिल्लो वर्ष १० लाखभन्दा माथिका गरगहनामा मात्र लागू हुँदै आएको विलासिता कर यस वर्षदेखि सीमा नतोकी सम्पूर्ण गहनामा लागू गरिएको २ प्रतिशत विलासिता कर र हिरा-तथा बहुमूल्य पत्थरजडित गहनामा लागू गरिएको १३ प्रतिशत मूल्य अभिवृद्धि करप्रति आपत्ति रहेको भन्दै त्यसलाई सच्याउन उनीहरूले आग्रह गरेका हुन्। यद्यपि, वैदेशिक रोजगारीबाट फर्कने नेपालीले भिटीगुन्टाबापत ल्याउने सुन तथा सुनका गहनाको परिमाणसम्बन्धी नयाँ व्यवस्था र निर्यातमुखी उद्योगलाई 'बन्डेड वेयरहाउस' सुविधा उपलब्ध गराउने तथा ५० प्रतिशत अग्रिम भुक्तानी भएको अवस्थामा आवश्यक सुनचाँदी उपलब्ध गराउने व्यवस्था स्वागतयोग्य रहेको उनीहरूले बताएका छन्।

क्यानडामा मनाइयो सगरमाथा दिवस

काठमाडौं/ क्यानडामा सगरमाथा दिवस मनाइएको छ। अल्बर्टा नेपाल च्याम्बर अफ कमर्सको मुख्य संयोजकत्व, क्यालगरीस्थित नेपाली सामुदायिक संस्था एनसिएससी एवं गैरआवासीय नेपाली संघ क्यानडासँगको सहकार्यमा मे २८ मा कार्यक्रम गरी सगरमाथा दिवस मनाइएको हो। कार्यक्रमको अध्यक्षता च्याम्बरका अध्यक्ष समीर पाण्डेले गरेका थिए भने मुख्य अतिथि डेभ रोड्नी तथा मिड्मा तेन्जिङ शेर्पा थिए। कार्यक्रममा रोड्नीले आफू सगरमाथा आरोहण गर्दाको अनुभव साझा गरेकी थिइन्।



क्यानडाका लागि नेपाली राजदूत भरतराज पौडेल, नेपाल टुरिजम बोर्डका तर्फबाट लक्ष्मण गौतम, ट्रेकिङ एजेन्सी अफ नेपाल (टान)का तर्फबाट रामचन्द्र सेढाईं तथा त्रिभुवन विश्वविद्यालय पर्यटन तथा आतिथ्य सत्कार विभागबाट डा. पशुपति नेउपानेले पठाएको सन्देश भिडियोमार्फत प्रस्तुत गरिएको थियो। नेपालस्थित यी तीनै संस्था तथा निकाय र अल्बर्टा नेपाल च्याम्बर अफ कमर्सबिच सहकार्यका लागि सम्झौता भइसकेको छ।

कालीमाटी गाउँपालिकामा जस्तापाता वितरण

सल्यान/ सल्यानमा खरको छानामुक्त घर बनाउन आर्थिक अवस्था कमजोर भएका विपन्न परिवारलाई जस्तापाता वितरण गर्न थालिएको छ। विपत्जन्य घटनालाई न्यूनीकरण गर्न भन्दै जिल्लाको कालीमाटी गाउँपालिकाले यस वर्ष दुई सय १० विपन्न घरपरिवारलाई जस्तापाता वितरण गरेको हो।

खरको छाना भएको घरमा आगलागीको जोखिम बढी हुने भएकाले त्यसप्रकारका घटनालाई कम गर्न खरका छानामुक्त अभियान सञ्चालन गरिएको गाउँपालिकाले जनाएको छ। चालू आर्थिक वर्षमा वडा नम्बर १ मा ३५ घरधुरी, वडा नम्बर २ मा ३३, वडा नम्बर ३ मा २५, वडा नम्बर ४ मा २५, वडा नम्बर ५ मा ३३, वडा नम्बर ६ मा २५ र वडा नम्बर ७ मा २५ गरी कुल दुई सय १० घरधुरीलाई जस्तापाता वितरण गरिने गाउँपालिका अध्यक्ष दानबहादुर खत्री केसीले जानकारी दिए।

राष्ट्रिय जनगणना ०७८ अनुसार कालीमाटी गाउँपालिकाभर चार हजार नौ सय ७२ घरधुरी छन्। तीमध्ये एक हजार तीन सय १७ घर अझै खर, पराल र छ्वालीले छाएका छन्। यस्तै, ६६ घर माटोले छाएका छन् भने टायल तथा खपडाले छाएका घर ९६ वटा छन्।

बोलपत्रद्वारा गोलिया काठ/दाउरा लिलाम बिक्री वितरणसम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०२/१९

यस हरियाली वन विकास सा.व.उ.स., हरिहरपुरगढी गा.पा. ४, सिन्धुलीबाट आ.व. २०८१/०८२ मा उत्पादन भई हाकपारा, हरिहरपुरगढी गा.पा. ४, सिन्धुलीमा घाटगद्दि गरी राखिएको साल जातको गोलिया थान ९७ को १०३५.२९ क्यू.फि. गोलिया काठ र १.०० चट्टा दाउरा व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ। काठ दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

श्री हरियाली वन विकास सा.व.उ.स., हरिहरपुरगढी गा.पा.- ४, सिन्धुली

बोलपत्रद्वारा गोलिया काठ/दाउरा लिलाम बिक्री वितरणसम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०२/१९

यस पञ्चकन्या सा.व.उ.स., हरिहरपुरगढी गा.पा. ४, सिन्धुलीबाट आ.व. २०८१/०८२ मा उत्पादन भई महेन्द्रझ्याडी, हरिहरपुरगढी गा.पा. ४, सिन्धुलीमा घाटगद्दि गरी राखिएको साल जातको गोलिया थान १७० को २४०८.०६ क्यू.फि. गोलिया काठ र २.०० चट्टा दाउरा व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ। काठ दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ को नियम १२८ बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

श्री पञ्चकन्या सा.व.उ.स., हरिहरपुरगढी गा.पा.-४, सिन्धुली

दिखुवा खोलामा मोटरेबल पुल निर्माण सुरु

खोटाङ/ दिक्तेल बजारलाई पूर्वी तराईका विभिन्न जिल्ला जोड्ने छोटो खण्डका रूपमा रहेको दिखुवा खोलामा मोटरेबल पुल निर्माण सुरु भएको छ। कोशी प्रदेश सरकार, भौतिक पूर्वाधार मन्त्रालय विराटनगरको लगानीमा दिक्तेल-खानीडाँडा-रेग्मीटार खण्डमा पर्ने दिखुवा खोलामा मोटरेबल पुल निर्माण सुरु भएको हो।

दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका- ४, खाल्ले र वडा नं १५ विजयखर्कको सिमाना पर्ने दिखुवा खोलामा मोटरेबल पुल नहुँदा वर्षाको करिब ६ महिना यातायात ठप्प हुने गरेको छ। सडक सञ्चालनमा आएको लामो समयपछि प्रदेशको सडक पुल सहयोग एकाइ इटहरी र भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत पूर्वाधार विकास कार्यालय गाईघाटको साझेदारीमा दिखुवा खोलामा मोटरेबल पुल बन्न लागेको हो।



दिखुवा खोलामा निर्माण हुने मोटरेबल पुल शनिबार कोशी प्रदेश सरकारका भौतिक पूर्वाधार विकास एवं स्वास्थ्यमन्त्री भूपेन्द्र राईले शिलान्यास गरे। पुल निर्माणका लागि करिब पाँच करोड ५० लाख रुपैयाँ लाग्ने पूर्वाधार मन्त्रालयले अनुमान गरेको छ। ट्रस ब्रिज निर्माणका लागि आवश्यक सामग्री पुल सहयोग एकाइले उपलब्ध गराउने एकाइ प्रमुख सूर्यनारायण चौधरीले जानकारी दिए। उनका अनुसार पुलका लागि करिब दुई करोडभन्दा बढीको स्टिल ट्रस तयार पारिसकिएको छ। केही महिनाभित्र आशयपत्र आह्वान गरेर बाँकी काम सुरु गरिने मन्त्रालका सचिव अशोककुमार साहले जानकारी दिए। पुल निर्माणका लागि भौतिक पूर्वाधारमन्त्री राईले गत फागुनदेखि पहल गरेका थिए।

दिक्तेल-महुरेअन्तर्गत २० किलोमिटर र महुरे-राजापानी-रेग्मीटार सडकअन्तर्गत २९ किमि खण्डमा कालोपत्रेको काम भइसकेको छ। निर्माणाधीन दिक्तेल-खानीडाँडा-आहाले-रेग्मीटार खण्ड दिक्तेल-महुरे-राजापानी-रेग्मीटारभन्दा १७ दशमलव पाँच किमि छोटो छ। दिक्तेल रूपाकोट मझुवागढी- ४, खाल्लेको आहालेबाट हलेसी तुवाचुङ नगरपालिका- ११, राजापानीको घर्तीभिरसम्म र सगरमाथा राष्ट्रिय राजमार्गको दिक्तेल-गाईघाट खण्डको रेग्मीटारबाट घर्तीभिरसम्म ट्याक खोलिएको छ। घर्तीभिरमा ठुलो चट्टान भएकाले हाल सडक सञ्जालसँग जोड्ने काम भइरहेको जनाइएको छ। *रासस*

पनौती नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

पनौती, काभ्रेपलाञ्चोक

आन्तरिक आय संकलनसम्बन्धी बोलपत्र आव्हानको सूचना

प्रथमपटक सूचना प्रकाशित मिति : २०८२।२।१९ गते

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ उपदफा २ (घ) को ६ र पनौती नगरपालिकाको आर्थिक विधेयक, २०८१ मा तोकिएको दररेटबमोजिम यस नगरपालिकाबाट आ.व.२०८२/८३ का लागि देहायबमोजिमको आन्तरिक आय ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले अनुमति/स्वीकृति प्राप्त गरी सञ्चालनमा रहेका खानी उद्योगहरूबाट उत्खनन्/उत्पादन भएका रोडा, ढुंगा, ग्राभेल, चिप्स बेस र माटोमा बिक्री/स्रोत उपयोग कर दस्तुर संकलनको ठेक्का लिन इच्छुक फर्म वा कम्पनीहरूबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्नानुसारको विषय क्षेत्रभित्र शिलबन्दी बोलपत्र खरीद गरी ३० दिनभित्र E-Bidding मार्फत बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका शिलबन्दी बोलपत्र उपर कुनै कारबाही गरिने छैन।

ठेक्कासम्बन्धी विवरण

क्र.सं	आन्तरिक आय ठेक्का संकेत	ठेक्काको विषय क्षेत्र	आ.व. २०८२/८३ का लागि कायम वार्षिक न्यूनतम अंक रु. (मू.अ.कर बाहेक)	बोलपत्र फाराम दस्तुर	स्वीकृत दररेट (मू.अ.कर बाहेक)				जमानत रकम
					क्र.सं.	विवरण	इकाई	दर (रुपैयाँमा) मू.अ.कर बाहेक	
१.	IR-1/ 2082/83	पनौती नगरपालिका क्षेत्रभित्र रहेका विभिन्न खानीबाट उत्पादन तथा उत्खनन् भई प्रयोग हुने ढुंगा, ग्राभेल, रोडा, गिट्टी, वेस, बालुवा, माटो, डष्ट आदिको बिक्री/स्रोत उपयोग शुल्क	३२११००००१ (बत्तीस करोड एघार लाख एक मात्र)	२०,०००।-	१.	ढुङ्गा, ग्राभेल, रोडा, गिट्टी, वेस, बालुवा	प्रति घनफिट	रु. ९।- (नौ रुपैयाँ मात्र)	मू.अ.करसहित कबोल अंकको छ प्रतिशत
					२.	माटो, डष्ट	प्रति घनफिट	रु. २।५० (दुई रुपैयाँ पचास पैसा मात्र)	

■ आइसिसी विश्वकप लिग-२

नेपालमाथि चुनौतीसँगै दबाब



स्कटल्यान्डमा नेपाली राष्ट्रिय क्रिकेट टोलीका खेलाडी प्रशिक्षण गर्दै । तस्बिर सौजन्य : **क्यान**

नेपालको खेलतालिका

१९ जेठ सोमबार स्कटल्यान्डसँग
२१ जेठ बुधबार नेदरल्यान्ड्ससँग
२५ जेठ आइतबार स्कटल्यान्डसँग
२७ जेठ मंगलबार नेदरल्यान्ड्ससँग

अंकतालिका

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
अमेरिका	२०	१४	६	२८	०.७५
नेदरल्यान्ड्स	२०	१२	६	२६	०.२७
ओमान	२०	११	७	२४	०.०५
स्कटल्यान्ड	१६	९	५	२०	१.०७
क्यानडा	२०	९	९	२०	-०.५४
नामिबिया	२०	७	१३	१४	-०.५४
युएई	१६	३	१३	६	-१.२९
नेपाल	१२	२	८	६	-०.२७

रमेश सुवेदी/नयाँ पत्रिका

आइसिसी विश्वकप लिग-२ मा १२ मध्ये दुई खेलमा मात्र जित निकालेको नेपालले सोमबार स्कटल्यान्डविरुद्ध प्रतिस्पर्धा गर्दै छ । आधिकारिक रूपमा नेपालको यो ७४औँ अन्तर्राष्ट्रिय एकदिवसीय खेल हुनेछ । अंकतालिकामा ६ अंक जोडेको नेपाल पुछारमा छ । स्कटल्यान्ड भने तालिकाको चौथो स्थानमा छ । स्कटल्यान्डले आयोजना गरिरहेको सिरिजमा नेपालले नेदरल्यान्ड्ससँग पनि खेल्नेछ ।

> अंकतालिकाको पुछारमा रहेको नेपालले एकदिवसीय मान्यता रक्षा र ग्लोबल छनोटमा स्थान बनाउन विश्वकप लिग-२ का बाँकी खेल जित्नुपर्ने

स्कटल्यान्ड र नेदरल्यान्ड्सका तुलनामा नेपालमाथि चुनौती र दबाब छ । नेपालले यी दुवै पक्षलाई पाखा लगाउनुपर्नेछ । नेपाल सात महिनापछि एकदिवसीय खेलमा फर्कंदै छ । नेपालले अन्तिमपटक एकदिवसीय खेल खेलेको गत वर्षको नोभेम्बरमा थियो । अमेरिकामा भएको आइसिसी विश्वकप लिग-२ मा नेपालले अमेरिका र स्कटल्यान्डसँग प्रतिस्पर्धा गरेको थियो ।

त्यहीँ सिरिज नै नेपालले अन्तिमपटक एकदिवसीय खेल खेलेको थियो । तेस्रो चरणको खेलमा नेपालले एक जित निकालेको थियो । सो सिरिजमा नेपाल र स्कटल्यान्डबिचको खेल वर्षाका कारण रद्द भएको थियो । चौथो चरणमा नेपालले अंकतालिकामा सुधार गर्नुका साथ चार वर्षका लागि एकदिवसीय मान्यता रक्षा गर्ने कोसिस गर्नेछ । स्कटल्यान्डको पिचमा नेपाली खेलाडीको परीक्षा हुनेछ । विशेषतः ब्याट्समान्यनले ओसिलो स्कटल्यान्डको पिचमा धेरै चुनौती सामना गर्नुपर्ने देखिन्छ ।

नेपाली टोलीका सहायक प्रशिक्षक ज्ञानेन्द्र मल्लले सिरिजमा आफूहरूलाई चुनौती भएको स्विकारेका छन् । 'नेपाल अहिले अंकतालिकामा राम्रो स्थानमा छैन, हामीमाथि धेरै दबाब छ,' सिरिजमा सहभागी हुनुअघि मल्लले भनेका थिए, 'यस चुनौती पार लगाउन सकियो भने नेपाललाई आगामी दिनमा सहज हुनेछ ।'

नेपालका उपकप्तान दीपेन्द्रसिंह ऐरीले स्कटल्यान्डको पिचमा खेल्न निकै चुनौतीपूर्ण भएको बताए । 'हामीलाई स्कटल्यान्डमा जित्नैपर्ने दबाब छ तर, त्यसका लागि त्यहाँको पिचलाई राम्ररी बुझ्नुपर्छ,' उनले भने, 'त्यहाँको पिच कस्तो छ, हामी सबैलाई थाहा नै छ ।' सहभागी आठ टोलीमा कम खेल खेलेको नेपाल हो ।

नेपालले १२ खेल खेलेको छ । शीर्ष स्थानको अमेरिका, दोस्रो स्थानको नेदरल्यान्ड्स र तेस्रो स्थानमा रहेको ओमानले समान २० खेल खेलेका छन् । शीर्ष तीन स्थानमा रहेका टोलीभन्दा नेपालले आठ खेल कम खेलेको छ । यसै आठ खेलमा नेपालले आफूअनुकूल नतिजा निकाली अंकतालिकामा सुधार गर्नुपर्ने चुनौती छ ।

मुख्य प्रशिक्षक स्टुआर्टको पहिलो अन्तर्राष्ट्रिय खेल

नेपाल क्रिकेट संघ (क्यान)ले मोन्टी देसाईको सम्झौता नवीकरण नगर्ने घोषणा गऱ्यो । त्यससँगै नेपालले मुख्य प्रशिक्षकका लागि ग्लोबल आह्वान गरेको थियो । जसबाट क्यानले अस्ट्रेलियाका पूर्वखेलाडी स्टुआर्ट ललाई नियुक्त गऱ्यो । गत १२ वैशाखदेखि नेपाली टोलीलाई आधिकारिक रूपमा प्रशिक्षण दिएका स्टुआर्टसमक्ष स्थिति सहज छैन । अहिले उनीसमक्ष सम्भवतः तीनवटा चुनौती छन् । पहिलो नेपाललाई 'विनिङ ट्र्याक'मा ल्याउनुपर्ने, दोस्रो अंकतालिकामा व्यापक सुधार गर्नुपर्ने र तेस्रो नेपालको एकदिवसीय मान्यतासमेत रक्षा गर्नुपर्ने दबाब मुख्य प्रशिक्षक स्टुआर्टमाथि छ ।

मुख्य प्रशिक्षकका रूपमा स्टुआर्टले स्कटल्यान्डसँगको पहिलो खेलको चुनौती पछ्याउनुपर्ने छ । नेपालको प्रशिक्षक हुनुअघि उनी अमेरिकाको मुख्य प्रशिक्षक थिए । उनको प्रशिक्षणमा गत वर्ष अमेरिकाले इतिहास रच्दै आइसिसी टी-२० विश्वकपको सुपर आठमा पुगेको थियो । समूह चरणमा अमेरिकाले पूर्वविजेता पाकिस्तानलाई स्तब्ध पारेको थियो ।

तीन वर्षअघिकै अवस्थामा

अहिले आइसिसी विश्वकप लिग-२ मा नेपाल जुन अवस्थामा छ । ठ्याक्कै तीन वर्षअघि पनि यस्तै कमजोर अवस्थामा नेपाल थियो । भारतीय प्रशिक्षक देसाईको आगमनसँगै नेपाल १२ मध्ये ११ खेलमा विजयी भयो । यो नतिजासँगै नेपालले पहिलोपटक ग्लोबल छनोटमा स्थान गर्नुका साथै एकदिवसीय मान्यता पनि जोगाएको थियो । यसै परस्थितिमा नेपालले आगामी दिनमा उत्कृष्ट नतिजा निकाल्नुपर्छ । मुख्य प्रशिक्षक स्टुवार्टलाई सिरिजअन्तर्गत आगामी दिनमा हुने लगभग सबै खेल जित्नैपर्ने दबाब छ । नेपालले स्कटल्यान्ड र नेदरल्यान्ड्ससँग खेल्नुअघि त्यहाँ दुई साता बिताइसकेको छ । त्यसैले पनि नेपाली खेलाडीले स्कटल्यान्डको वातावरण राम्ररी बुझेको अनुमान गर्न सकिन्छ ।

हेड टु हेडमा नेपाल बलियो

नेपाल र स्कटल्यान्डले अहिलेसम्म आधिकारिक रुपमा आठ एकदिवसीय खेलेका छन् । जसमा नेपालले चार र स्कटल्यान्डले तीन खेलमा जित निकालेको छ । एक खेल भने वर्षाले रद्द भएको थियो । सन् २०२३ नोभेम्बरमा यी दुई टोलीबिचको खेलमा नतिजा आएन । सन् २०२४ को अक्टोबरमा नेपालले स्कटल्यान्डलाई ५ विकेटले हराएको थियो ।

सन् २०२३ को फेब्रुअरी २१ मा दुई विकेट तथा तीन फेब्रुअरीमा नेपाल तीन विकेटले विजयी भएको थियो । सन् २०२२ मा भएको भेटमा भने स्कटल्यान्ड ८ विकेटले विजयी भएको थियो ।

नन्दनलाई अवसर

नन्दन यादवले कर्णाली याक्सबाट नेपाल प्रिमियर लिग (एनपिएल)मा प्रभावशाली प्रदर्शन गरेका थिए । यही प्रदर्शनले उनको राष्ट्रिय टोलीमा ढोका खोलेको थियो । प्रशिक्षक स्टुवार्ट र क्यानको छनोट समितिले पनि नन्दनलाई विश्वास गरी पहिलोपटक सिनियर टोलीमा अवसर दिएका छन् । 'नयाँ प्रशिक्षकसँग मैले सिक्ने अवसरका रूपमा लिएको छु । अब, अवसर पाए आफूलाई प्रमाणित गर्न खेल्छु,' नन्दनले भने । नन्दनले सिनियर टोलीमा स्थान बनाउँदा युवा अलराउन्डर कुशल मल्ल पहिलो चरणबाटै बाहिरिएका थिए ।

हरियाणाले गऱ्यो नेपालका कप्तान घनश्यामलाई रिटेन



नयाँ पत्रिका

भारतको प्रो कबड्डी लिग टोली हरियाणा स्टिलर्सले आइतबार नेपाली राष्ट्रिय पुरुष टोलीका कप्तान घनश्याम रोकामगरलाई रिटेन गरेको छ । हरियाणाले १२औँ प्रो कबड्डी लिगका लागि घनश्यामलाई १३ लाख भारु (२० लाख नेपाली) रुपैयाँमा दुई वर्षका लागि रिटेन गरेको जनाएको छ । घनश्याम प्रो कबड्डी लिगमा आबद्ध हुने नेपाली खेलाडीमध्ये सर्वाधिक पारिश्रमिक लिने खेलाडी हुन् ।

गत वर्ष हरियाणाले उपाधि जितेको थियो । घनश्याम रेइडर्सको भूमिका खेल्ने गर्छन् । २२ वर्षीय उनी गत माघमा भएको नेपाल कबड्डी लिग (एनकेएल)मा काठमाडौं माभरिक्सका मार्की खेलाडी थिए । उनले दुई वर्षअघि हरियाणा स्टिलर्सबाटै खेलेका थिए । पहिलो सिजन उनी उपविजेता बने । गत वर्ष उनीसँगै अन्य खेलाडीले उत्कृष्ट प्रदर्शन गरेपछि हरियाणाले च्याम्पियनसिप ट्रफी उचालेको थियो ।

> भारतको कबड्डी प्रो लिगको च्याम्पियन हरियाणा स्टिलर्सले नेपालका कप्तान घनश्याम रोकामगरलाई १३ लाख भारुमा रिटेन गऱ्यो

घनश्याम १०औँ संस्करणमा हरियाणामा १३ लाख भारुमा अनुबन्ध भएका थिए । उनले १० औँ संस्करणमा चार टोलीविरुद्ध प्रतिस्पर्धा गर्न अवसर पाए । उनले तेलगु टाइटन्स, गुजरात जाइन्ट्स, यु मुम्बा र बेंगलोर बुल्सविरुद्ध खेलेका थिए । नेपाली खेलाडीमध्ये सञ्जय श्रेष्ठ र जयबहादुर बोहराले समान आठ लाख भारु पाएका थिए । लालमोहर यादव र नागेश्वर चौधरीले समान १० लाख भारतीय रुपैयाँ पारिश्रमिक लिएका थिए ।

क्याटेगोरी 'सी'का घनश्याम

च्याम्पियन हरियाणाले क्याटेगोरी 'सी'का नेपाली टोलीका कप्तान घनश्यामलाई फाइनल बिड म्याच (एफबिएम) कार्डमार्फत रिटेन गरेको हो । एफबिएमबाट प्रत्येक टोलीले रिलिज गरेका खेलाडीलाई फाइनल बिड रकममा पुनः टिममा भित्र्याउन सक्ने प्रावधान रहन्छ । एफबिएममा यसअघि एक वर्षका लागि मात्र राख्न पाइने प्रावधान थियो । र, यसपटकदेखि दुई वर्षसम्म पनि रिटेन गर्ने नियम बनाएको हो । जसका कारण घनश्याम पुनः च्याम्पियन टोलीमै समावेश भएका हुन् । नेपालबाट अक्सनमा घनश्यामसहित गणेश कार्की, सुशील चुनारा र रामु टमाटाको नाम सिफारिस थियो ।

खेल संक्षेप

ढल्को डोजाङ पहिलो

काठमाडौं/ दोस्रो एसकेबिसी बागमती प्रदेश आमन्त्रित तेक्वान्दो प्रतियोगिताको उपाधि ढल्को तेक्वान्दो डोजाङले जितेको छ । प्रतियोगितामा ढल्को सात स्वर्ण, पाँच रजत र तीन कांस्य जितदै टिम च्याम्पियन बनेको हो । आयोजक एसकेबिसी तेक्वान्दो क्लब पाँच स्वर्ण, तीन रजत र १० कांस्यसाथ उपविजेता भयो । तेस्रो भएको बालाजु तेक्वान्दो डोजाङले चार स्वर्ण, तीन रजत र ६ कांस्य पदक हात पाऱ्यो । प्रतियोगिताको पुरुषमा जैशीदेवल तेक्वान्दो डोजाङका रावलहाङ लिम्बू तथा महिलामा गोर्खाली तेक्वान्दो डोजाङकी प्रतिमा भुजेल उत्कृष्ट खेलाडी घोषित भए । एसकेबिसीका सुवास बोहरा उत्कृष्ट प्रशिक्षक चुनिए भने कुमार लावत उत्कृष्ट निर्णायक ठहरिए । उत्कृष्ट चारजनाले ओप्पो मोबाइल पुरस्कार पाए । टोखा नगरपालिका वडा ५ का अध्यक्ष मदन गुरुङले प्रतियोगितालाई निरन्तरता दिन हरेक वर्ष बजेट विनियोजन गर्ने प्रतिबद्धता जनाए । प्रतियोगितामा बागमती प्रदेशका विभिन्न जिल्लाबाट १८ डोजाङ तथा क्लबका गरी पाँच सय सिनियर र जुनियर खेलाडी सहभागी थिए ।

तालपारि र फेवा हर्पनलाई उपाधि

कास्की/ दोस्रो राष्ट्रिय खुला डुंगा दौडमा महिलातर्फ तालपारि 'बी' र पुरुषमा हर्पन सहकारी संस्थाले उपाधि जितेका छन् । महिलामा गौरीघाट र पुरुषमा बाहारी डुंगाघाट दोस्रो स्थानमा रहे । महिला र पुरुषतर्फका विजेताले समान ४० हजार रुपैयाँ पाएका छन् । यसैगरी, उपविजेताले ३० हजार र तेस्रो स्थानको टोलीले जनही २० हजार रुपैयाँ पाए । प्रतियोगितामा महिलातर्फ ११ र पुरुषमा २३ टोलीले प्रतिस्पर्धा गरेको प्राविधिक उपसमितिका सदस्य राजन पौडेलले जानकारी दिए । महिलातर्फ दुई र पुरुषतर्फ तीन किलोमिटरको दौड भएको थियो ।

करौंतेमा नेपाल टिम च्याम्पियन

काठमाडौं/ नेपाली टोलीले सगरमाथा अन्तर्राष्ट्रिय करौंते प्रतियोगितामा सर्वाधिक ३५ स्वर्ण जित्दै पहिलो स्थान हात पारेको छ । नेपालबाट सहभागीमध्ये आयोजक नक्साल डोजोले सर्वाधिक ६ स्वर्ण, ४ रजत जित्यो । १४ स्वर्ण, २३ रजत र ४४ कांस्यसहित भारत दोस्रो भयो । समान एक स्वर्ण, रजत दुई कांस्यसहित बंगलादेश तेस्रो भएको छ । कतार एक स्वर्णका साथ चौथो भएको छ । नुवाकोट करौंते टिम अनुशासित टिम भयो । विजेतालाई राष्ट्रिय खेलकुद परिषद् का सदस्यसचिव टंकलाल घिसिङ र नेपाल करौंते महासंघका महासचिव दावा गुरुङलगायतले पुरस्कृत गरे ।

'स्वर्णकथा नेपाली फुटबलको' लोकार्पण

काठमाडौं/ नेपाली फुटबल इतिहासबारे लेखिएको पुस्तक 'स्वर्णकथा नेपाली फुटबलको' लोकार्पण गरिएको छ । खेल पत्रकार हिमेशरत्न बज्राचार्यले लेखेको पुस्तक नेपाली राष्ट्रिय टोलीका पूर्वकप्तान राजुकाजी शाक्यले आइतबार विमोचन गरेका हुन् । पुस्तकमा नेपालले सन् १९८४ र १९९३ को दक्षिण एसियाली खेलकुद (साग)मा स्वर्ण पदक जितेको कथासहित नेपाली फुटबलको सुरुवाती इतिहासबारे उल्लेख गरिएको छ ।

नेपालले दुईवटै स्वर्ण जित्दा शाक्य टोलीका महत्त्वपूर्ण सदस्य थिए । नेपाली फुटबलको इतिहास समेटेर लेखिएको यो पहिलो पुस्तक हो । लेखक बज्राचार्यले पुस्तक प्रकाशित गर्नु आफ्नो सपना भएको र सो पूरा भएको बताएका छन् । अखिल नेपाल फुटबल संघ (एन्फा)का महासचिव किरण राईले पहिले र अहिलेको फुटबलको अन्तर बुझ्न सहज भएको बताए । १३औँ दक्षिण एसियाली खेलकुदमा स्वर्ण जितेकी धाविका सन्तोषी श्रेष्ठले खेलकुदमा अध्ययन र साहित्य आवश्यक भएको बताइन् । नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ)का अध्यक्ष नीरञ्जन अधिकारीले फुटबल मन पराउनेलाई पुस्तक दस्ताबेज भएको बताए । एनएसजेएफका पूर्वअध्यक्ष अजय फुँयालले नेपाललाई फुटबलले खुसी बनाउने कालखण्डलाई जीवन्त राख्ने काम भएको जनाए ।

■ सन् २०२६ को महिला एसिया कप तयारी

दुईपटक विश्वकप खेलेको थाइल्यान्डसँग खेल्दै नेपाल

नयाँ पत्रिका

सन् २०२६ को एसिया कप छनोटको तयारी गरिरहेको नेपाली राष्ट्रिय महिला फुटबल टोलीले सोमबार थाइल्यान्डसँग दोस्रो अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेल खेल्दै छ । फिफा विश्वकपको अनुभव सँगालिसकेको थाइल्यान्डसँग प्रतिस्पर्धा गर्दा नेपालले आफ्नो क्षमताको परीक्षण गर्नेछ । थाइल्यान्डको महिला टोलीले सन् १९८३ मा भएको एसिया कप जितेको थियो । यसैगरी, सन् २०१५ र २०१९ को फिफा विश्वकप खेलेको थाइल्यान्ड विश्व वरीयतामा ४७औँ स्थानमा छ ।

> सन् २०१५ र ०१९ मा फिफा विश्वकपको अनुभव बटुलेको थाइल्यान्ड विश्व वरीयतामा ४७औँ र नेपाल ९९औँ स्थानमा



अन्तर्राष्ट्रिय फुटबलमा एसियन राष्ट्रमध्ये अनुभवी थाइल्यान्डसँगको दुई अन्तर्राष्ट्रिय मैत्रीपूर्ण खेलबाट खेलाडीको कमजोरी थाहा पाइनेछ । त्यसपछि नेपाली टोली २५ दिन थप अभ्यास गरेर उज्वेकिस्तानमा पुग्नेछ । उज्वेकिस्तानको तास्कन्दमा नेपालले २९ जुलाईमा लाओससँग प्रतिस्पर्धा गर्दै २०२६ मा एएफसी एसिया कप छनोट प्रतियोगिता सुरु गर्नेछ । समूह 'एफ'मा रहेको नेपालले लाओसपछि दक्षिण एसियाली प्रतिद्वन्द्वी श्रीलंका र घरेलु टोली उज्वेकिस्तानसँग खेल्ने तालिका छ ।

यो समूहको विजेताले मार्चमा अस्ट्रेलियामा हुने एसिया कपमा स्थान बनाउनेछ । नेपालको समूहमा उज्वेकिस्तान शीर्ष वरीयताप्राप्त टोली हो । नेपाल फिफा वरीयतामा ९९औँ स्थानमा छ । लाओस १०७औँ स्थानमा छ । एसियन फुटबल महासंघ (एएफसी)ले एसिया कप छनोटमा ३४ टोलीलाई ६ वटा समूह बनाएको छ । जसमा समान चार टोली र दुईवटा समूहमा पाँच टोली विभाजन गरिएको छ । छनोट चरणका खेलहरू क्याम्बोडिया, इन्डोनेसिया, जोर्डन, म्यानमार, ताजिकिस्तान, थाइल्यान्ड, उज्वेकिस्तान र भियतनाममा हुनेछन् ।

मुख्य प्रशिक्षकका रूपमा तामाङको अन्तिम खेल

मुख्य प्रशिक्षकका रूपमा राजेन्द्र तामाङको यो अन्तिम खेल पनि हुने सम्भावना छ । एन्फाले महिला टोलीका लागि प्रो लाइसेन्स प्रशिक्षक नियुक्तका लागि ग्लोबल आह्वान गरेको छ । सन् २०२४ को फेब्रुअरीपछि तामाङ नेपाली महिला टोलीसँग निरन्तर छन् । साफ महिला च्याम्पियनसिपमा नेपाल फाइनलमा पराजित भएपछि उनले राजीनामा दिएर पनि पुनः टिममा फर्किएका हुन् ।

राजेन्द्र तामाङको प्रशिक्षणमा रहेको नेपालले शुक्रबार बन्द रंगशालामा भएको खेलमा नेपाल १-० ले पराजित भएको थियो । अनौपचारिक खेलमा उत्कृष्ट प्रदर्शन गरेपछि कप्तान अञ्जिला तुम्बाप्पो सुब्बा खुसी छिन् । 'हामीले थाइल्यान्डसँग निकै राम्रो खेल खेल्यौं,' अञ्जिलाले भनिन्, 'युवासहितको नेपाली टिमले निकै राम्रो प्रदर्शन गरिरहेको छ । थाइल्यान्डसँग दोस्रो खेलमा झनै राम्रो नतिजा निकाल्नेछौं ।'

सुदूरपश्चिमको यू-१६ क्रिकेट टोली घोषणा



धनगढी/ एसिसी पुरुष यू-१६ इस्ट जोन कप-२०२५ को छनोटका लागि सञ्चालन हुने राष्ट्रिय प्रतियोगितामा सहभागी हुने सुदूरपश्चिम प्रदेशले टोली घोषणा गरेको छ । प्रादेशिक क्रिकेट संघले सचिन भट्टको कप्तानीमा आइतबार १४ सदस्यीय टोली घोषणा गरेको हो । टोलीको उपकप्तानमा अविरल विक रहेका छन् । खेलाडीमा भास्कर जोशी, हिमाल दौल्याल, रविन भण्डारी, आहन थलाल, रवि दमाई, विक्रम बोहरा, लोकेश चन्द, सुबोध तिवारी, राहुल साउद, सुशील रावल, रितेश विष्ट र आयुष चन्द रहेको संघका सचिव लक्ष्मणदत्त भट्टले जानकारी दिए ।

वैशाखको अन्तिम साता बैतडीमा भएको प्रदेशस्तरीय छनोटमा उत्कृष्ट प्रदर्शन गरेका खेलाडी टोलीमा समावेश गरिएको भट्टले बताए । छनोट प्रतियोगितामा प्रदेशका आठ जिल्लाका खेलाडी सहभागी थिए । यू-१६ राष्ट्रिय क्रिकेट प्रतियोगिता कर्णाली प्रदेशको सुर्खेतमा १९ जेठबाट सुरु हुँदै छ । यसैबिच खेलाडी छनोटलाई लिएर डडेलधुरा जिल्ला क्रिकेट संघले आपत्ति जनाएको छ । संघका अध्यक्ष हरिप्रसाद उप्रेतीले खेलाडी छनोटमा आर्थिक चलखेल भएको आरोप लगाएका छन् । उत्कृष्ट प्रदर्शन गर्ने खेलाडी टिममा पर्न नसकेको उनको दाबी छ ।

पिएसजी पहिलो च्याम्पियन्स लिग विजेता



एजेन्सी

पेरिस सेन्ट जर्मेन (पिएसजी)ले पहिलोपटक युरोपकै प्रतिष्ठित फुटबल प्रतियोगिता च्याम्पियन्स लिगको उपाधि जितेको छ । जर्मनीको म्युनिखमा आइतबार राति भएको फाइनलमा पिएसजीले सिरी 'ए' टोली इन्टर मिलानमाथि ५-० को कीर्तिमानी जित निकाली उपाधि जितेको छ । उपाधि विजेताले प्रशिक्षक लुइस एन्रिकले आफ्नी दिवंगत छोरी सानाको सम्झनामा समर्पण गरेका छन् ।

१९ वर्षीय डिजाइर डोउले उपाधि भिडन्तमा दुई गोल र एक असिस्ट गर्ने सबैभन्दा कम उमेरका खेलाडी बनेका छन् । ५५ वर्षीय स्पेनिस प्रशिक्षक एन्रिकले सन् २०१५ मा बार्सिलोनालाई च्याम्पियन्स लिग जिताएका थिए । दुई फरक क्लबबाट 'ट्रेबल' उपाधि जित्ने उनी दोस्रो प्रशिक्षक बनेका छन् । सन् २०१४-१५ मा बार्सिलोनाले च्याम्पियन्स लिग जित्दा ट्रेबल नै जितेको थियो । एन्रिकअगाडि पेप ग्वार्डिओलाले यस्तै सफलता चुमेका थिए ।

पिएसजीको दबदबा

पिएसजीले च्याम्पियन्स लिगमा एक रूपता प्रदर्शन गऱ्यो । म्यानचेस्टर सिटी, लिभरपुल, एस्टन भिल्ला र आर्सनललाई हराउँदै पिएसजीले अन्तिम दुई स्थान पक्का गरेको थियो । फर्ममा रहेका खेलाडीले इन्टर मिलानलाई फाइनलमा कुनै पनि समयमा अवसर दिएनन् ।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com